# विद्यालय शिक्षा क्षेत्र योजना

## २०८२-२०९१

सुर्नया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**रौलेश्वर, बैतडी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

सुर्नया गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**रौलेश्वर, बैतडी**

**बैशाख, २०८२**

© सुर्नया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रौलेश्वर, बैतडी

मुद्रण प्रति :

विषयसूची

मन्तव्य
**परिच्छेद १ : परिचय**
१.१ वर्तमान अवस्था
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण
**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार
२.२ दूरदृष्टि
२.३ लक्ष्य
२.४ उद्देश्य
२.५ रणनीति
२.६ कार्यनीति
२.७ अपेक्षित उपलब्धि
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण
**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र**
३.१ प्रारम्भिक वालविकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शैक्षिक समता र समावेशीकरण
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि
**परिच्छेद ५ : अन्य उपक्षेत्र**
**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध
**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन**
**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन**
**सन्दर्भ सामग्री**

## अध्यक्षको मन्तव्य

शिक्षा सामाजिक रूपान्तरणको मूल आधार हो । गुणस्तरीय, जीवनोपयोगी, सर्वसुलभ र समावेशी शिक्षाले मात्रै समृद्ध समाज निर्माणको ढोका खोल्न सक्छ । यसै सन्दर्भमा, सुर्नया गाउँपालिकाले आगामी १० वर्षलाई लक्षित गर्दै तयार गरेको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२–२०९१)** हाम्रो पालिकाको शैक्षिक क्षेत्रको सुधार, विकास र दीर्घकालीन रुपान्तरणको महत्वपूर्ण दस्तावेज हो ।

यस योजनाले हाम्रो गाउँपालिकाका सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने, गुणस्तरीय सिकाइ उपलब्धि हासिल गराउने, शिक्षक व्यवस्थापन सुधार गर्ने, विद्यालय प्रशासनलाई सक्षम बनाउने र शैक्षिक पूर्वाधारको सुदृढीकरण गर्ने लक्ष्य लिएको छ । साथै, योजना निर्माण प्रक्रियामा सरोकारवालाको सहभागिता, तथ्यांकको प्रयोग, नीति अनुरूप रणनीतिहरूको विकास र स्थानीय सन्दर्भमा आधारित दृष्टिकोणलाई उच्च प्राथमिकता दिइएको छ, जुन सराहनीय छ ।

म विश्वासका साथ भन्न सक्छु कि यो योजना कार्यान्वयन भएमा सुर्नया गाउँपालिकाले शिक्षा क्षेत्रमै उदाहरणीय उपलब्धिहरू हासिल गर्नेछ । त्यसकारण हामी पालिका तहमा रहेको स्रोत, साधन र क्षमताको अधिकतम उपयोग गर्दै योजना कार्यान्वयनमा प्रतिबद्ध रहनेछौँ ।

अन्तमा, यो महत्वपूर्ण योजना निर्माणमा संलग्न रहनु भएका शिक्षा शाखा, विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, विशेषज्ञहरू, सहयोगी संस्था सामुदयिक विकास केन्द्र डोटी र सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । योजना कार्यान्वयनमा समेत सबैको निरन्तर सहयोग रहनेछ भन्ने अपेक्षा राख्दछु ।

अम्मर बहादुर कुवंर

अध्यक्ष

सुर्नया गाउँपालिका रौलेश्वर बैतडी

# उपाध्यक्षको मन्तव्य

शिक्षा मानव विकासको केन्द्रबिन्दु हो । यसले व्यक्तिको ज्ञान अभिवृद्धि गर्नुको साथै चेतना, मूल्य र समावेशिताको विकास मार्फत समाजमा न्याय, समानता र समृद्धिको आधार बनाउँछ । सुर्नया गाउँपालिकाले शिक्षा क्षेत्रको सुधार र समावेशी विकासलाई मध्यनजर गर्दै तयार पारेको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२–२०९१)** पालिकाको उज्यालो भविष्यको खाका हो ।

यस योजनाले हाम्रो पालिकाको हरेक बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँचमा पुऱ्याउने लक्ष्य लिएको छ । विशेषगरी, आर्थिक, सामाजिक वा भौगोलिक हिसाबले पछाडि पारिएका वर्ग, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि शिक्षा पहुँचको सुनिश्चिततामा केन्द्रित छ । योजना महिला सशक्तीकरण, बालमैत्री वातावरण, समावेशी पाठ्यपुस्तक र शिक्षण विधिको प्रयोग तथा लैङ्गिक समानता प्रवर्द्धन गर्ने महत्वपूर्ण माध्यम हुनेछ ।

हामीले शिक्षालाई सेवा मात्र नभई दिगो विकासको रणनीतिक लगानीको रूपमा बुझ्न आवश्यक छ । यो योजनाले शिक्षा प्रणालीको समग्र सुधार, स्थानीय तहको स्वामित्व, अभिभावकहरूको सक्रिय सहभागिता र विद्यार्थीको समुचित विकासलाई सुनिश्चित गर्नेछ ।

पारितोषिक र प्रेरणादायी नतिजा ल्याउनको लागि हामी सबै जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सामाजिक संस्था र नागरिक समाजको साझा उत्तरदायित्व रहनेछ । अन्तमा, योजना निर्माणमा योगदान पुऱ्याउनु भएका सबैप्रति आभार प्रकट गर्दै कार्यान्वयनका क्रममा निरन्तर सहकार्यको अपेक्षा व्यक्त गर्दछु ।

मन्जु महरा बोहरा
उपाध्यक्ष
सुर्नया गाउँपालिका

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

स्थानीय सरकारको प्रमुख जिम्मेवारीहरूमध्ये शिक्षा क्षेत्रको सुधार र विकास सबैभन्दा प्राथमिक क्षेत्र हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको विस्तार बिना सामाजिक न्याय, मानव विकास र समृद्धिको कल्पना गर्न सकिन्न। यसै सन्दर्भमा, सुर्नया गाउँपालिकाले तयार पारेको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२–२०९१)** स्थानीय सरकारको शिक्षा क्षेत्रमा गरिने दीर्घकालीन लगानीको स्पष्ट खाका हो।

योजना निर्माणको क्रममा तथ्यमा आधारित विश्लेषण, विद्यालयस्तरको अवस्थाको सूक्ष्म मूल्याङ्कन, स्थानीय स्रोतको पहिचान, सामुदायिक अपेक्षा र राष्ट्रिय शिक्षा नीतिहरूको समायोजन गरिएको छ। विशेष गरी विद्यालयभित्रको व्यवस्थापन, शिक्षकको दक्षता अभिवृद्धि, विद्यार्थीको सिकाइ उपलब्धि सुधार, पहुँच विस्तार, पूर्वाधार विकास र समावेशिता योजना निर्माणको मूल आधार रहेका छन्।

हामीले शैक्षिक प्रगतिको मूल्याङ्कन केवल विद्यार्थीको संख्यामा होइन, उनीहरूको सिकाइ गुणस्तर, विद्यालयको उत्तरदायित्व, र अभिभावक तथा समुदायको सहभागितामा पनि गर्नुपर्छ। यस योजनाले शिक्षालाई सेवाभन्दा पनि मानव अधिकारको रूपमा व्याख्या गर्दै हरेक बालबालिकाको पूर्ण विकास सुनिश्चित गर्ने दिशामा अघि बढ्नेछ।

यस योजना कार्यान्वयन सफल बनाउन स्थानीय सरकारका सम्पूर्ण निकाय, शिक्षक, अभिभावक, सामाजिक संघसंस्था र समुदायसँग सहकार्य र समन्वय अपरिहार्य हुनेछ। अन्ततः, यो योजना नीतिगत, प्रशासनिक र व्यवहारिक पक्षहरूलाई समेटेर शिक्षा क्षेत्रमै परिवर्तन ल्याउने गतिशील आधार बन्नेछ भन्ने विश्वासका साथ, योजना निर्माणमा योगदान पुऱ्याउने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

## शिक्षा शाखा प्रमुखको मन्तव्य

विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गर्नु भनेको भविष्य निर्माणको खाका तयार गर्नु हो। शिक्षाको पहुँच, गुणस्तर, समावेशिता र प्रासंगिकतालाई एकीकृत रूपमा सम्बोधन गर्दै तयार गरिएको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२–२०९१)** सुर्नया गाउँपालिकाको शिक्षा सुधारको दिशामा एक ऐतिहासिक कदम हो।

योजना निर्माण प्रक्रियामा हामीले विद्यालयस्तरमा गएर तथ्य संकलन, अन्तरक्रिया, अवलोकन तथा प्रत्यक्ष सरोकारवालासँग छलफल गरी आवश्यक सुधारका क्षेत्र पहिचान गरेका छौँ। स्थानीय तथ्यांक, नीति दस्तावेज, विद्यालयको वास्तविक आवश्यकता र राष्ट्रिय शिक्षा रणनीतिको मर्मलाई आत्मसात् गर्दै यो योजना तयार पारिएको छ।

यस योजनाले विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, डिजिटल पहुँच विस्तार, शिक्षकको क्षमता अभिवृद्धि, सिकाइ नतिजाको सुधार, विशेष आवश्यकतायुक्त विद्यार्थीको पहुँच सुनिश्चितता, सामाजिक समावेशिता र बालमैत्री वातावरण निर्माण जस्ता महत्वपूर्ण पक्ष समेटेको छ। साथै, शैक्षिक अनुगमन, मूल्याङ्कन र पारदर्शी कार्यान्वयन प्रणाली निर्माणका उपायहरू पनि यसमा समावेश गरिएका छन्।

हाम्रो शिक्षा शाखाले यो योजनालाई सशक्त रूपमा कार्यान्वयन गर्न कार्यतालिका, बजेट विनियोजन, स्रोत परिचालन र सहकार्यका संयन्त्रहरू विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। योजना सफल कार्यान्वयनका लागि सबै विद्यालय, शिक्षक, अभिभावक, समुदाय, पालिकाका विभाग तथा सरोकारवाला निकायहरूको सहकार्य अनिवार्य हुनेछ।

अन्ततः, यो योजनाले समावेशी, सशक्त र दिगो शिक्षाको मार्ग तय गर्ने विश्वासका साथ, योजना निर्माणमा सहयोग गर्ने सबै सहयोगी निकाय तथा व्यक्तिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

टंक प्रसाद अवस्थी
शिक्षा शाखा प्रमुख
सुर्नया गाउँपालिका

# मन्तव्य

विद्यालय शिक्षा क्षेत्र योजना सर्वसुलभ, गुणस्तरीय, समावेशी र दिगो विद्यालय शिक्षाको विकास गरी हरेक बालबालिकालाई शिक्षाको पहुँच सुनिश्चित गर्नु हो। यस योजनाले शिक्षा प्रणालीलाई परिणाममुखी, व्यवहारिक र जीवनोपयोगी बनाउँदै सिकाइको गुणस्तर वृद्धि, लैङ्गिक समानता, सामुदायिक सहभागिता र प्रभावकारी विद्यालय व्यवस्थापन प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। साथै, यसले प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षाको माध्यमबाट विद्यार्थीलाई आत्मनिर्भर, जिम्मेवार र उत्पादनशील नागरिकका रूपमा तयार पार्ने लक्ष्य राख्दछ।

साथै, प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षाको माध्यमबाट विद्यार्थीलाई आत्मनिर्भर, जिम्मेवार र उत्पादनशील नागरिकका रूपमा विकास गर्ने उद्देश्य पनि यसमा समावेश छ। दीगो विकासका लक्ष्यहरू (SDGs) अनुरूप गुणस्तरीय शिक्षाको अवसर सबैका लागि उपलब्ध गराई सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणमा शिक्षा क्षेत्रको योगदान सुनिश्चित गर्नु पनि यस योजनाको अभिप्राय हो। अन्ततः, विद्यालय शिक्षा क्षेत्र योजनाले “सबैका लागि शिक्षा, जीवनका लागि शिक्षा” भन्ने मूल नारा आत्मसात् गर्दै राष्ट्र निर्माणको आधार तयार पार्ने उद्देश्य राख्दछ।

गणेश बहादुर कुवर
शिक्षा शाखा सहायक कम्प्युटर अपरेटर

**परिच्छेद १**

**परिचय**

नेपालको संघियता पछिको ७ वटा प्रदेशहरु र ७५३ स्थानिय तह मध्ये सुदुरपश्चिम प्रदेश अन्तर्गत बैतडी जिल्लाको सोराड क्षेत्र र पुर्चौडी क्षेत्रको मध्यमार्ग भई जोडिएको बैतडी जिल्लाको १० वटा स्थानिय तह मध्ये सुर्नया गाउँपालिका पनि एक हो । यो गाउँपालिका नामबाटै गौरवान्वित छ, प्रसिद्ध छ, सुर्नया शब्द अलि अप्रभंस भएर शब्द उच्चारण र लेखाईमा फरक हुन पुग्यो र सुर्नया हुन गयो हुनुपर्ने सुरनया हो । सुर भनेको देवता र नाया भनेको स्नान भन्ने हुन्छ । यस पवित्र पुण्य भुमिमा यस क्षेत्रका देवी देवताहरुले स्नान गर्ने पवित्र गंगा जमुना सरस्वती नदी स्वरुपकी नदीको उद्गम स्थल यसै गाउँपालिकामा भएको कारण पनि यस गाउँपालिकाको नाम सुर्नया रहन गएको हो ।

यस गाउँपालिकामा ८ वटा वडाहरु छन् । ती वडाहरुको नामांकरण विभिन्न देवि देवताका नामले (हटैराज, बाशुलिंग, भौनेली, रौलेश्वर, शंकरपुर, शिखरपुर) गरिएको छ । यस गाउँपालिकाको केन्द्र स्थान प्राचिन कालमा डोटीका पनेरु राजाहरुको राजधानी रौलाकेदारको पुण्य भूमी रामकीबरायल रौलेश्वर मा अवस्थित छ ।

समुद्रि सतह देखी ३००० मिटर सम्मको उचाईमा रहेको सुर्नया गाउँपालिका बैतडी सदरमुकाम देखी २५.५ कि.मि. पूर्वमा रहेको छ । १२४.५२ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकको राष्ट्रिय जनगणना २०७८ अनुसार ३७८३ घरपरिवारमा कुल जनसंख्या १७९४६ मध्ये ७४.८% साक्षर जनसंख्या रहेको छ भने १.७% अपाङ्गताको जनसंख्या रहेको छ । १४४ प्रति वर्गमिटर जनघत्व रहेको यस गाउँपालिकाको लैङ्गिक अनुपात ८५.७७% रहेको छ । यहाँको भू-भाग जैबिक तथा प्राकृतिक विविधतायुक्त रहेको पाइन्छ । चारैतिर हरियली वन, जंगल, ताल, झर्ना, डाडाकाँडाहरु साथै पर्यटकीय धार्मिक स्थलहरुले अति सोभायमान बनाएको छ । **२९°५२" उत्तरी अक्षांश तथा ८०°६१" पूर्बी देशान्तरमा सुदूरपश्चिम प्रदेश बैतडी जिल्लाको सदरमुकाम देखि करीव १८ किलोमिटर पुर्वमा अवस्थित** यस गाउँपालिकाको पूर्वमा सिगास गाउँपालिका, पश्चिममा दशरथचन्द नगरपालिका, उत्तरमा पुर्चौडी नगरपालिका र दक्षिणमा पाटन नगरपालिका रहेका छन । यो गाउँपालिका जिल्लाकै एक प्रचुर सम्भावना बोकेको एक उत्कृष्ट गाउँपालिका हो । एसियाकै धार्मिक पर्यटकिय क्षेत्र मध्ये ठुलो (लामो) पत्तालभुमेश्वर गुफा यसै गाउँपालिकामा पर्दछ । त्यस्तै गरि यस गाउँपालिकामा रौलाकेदार धाम, गोफाकेदार, फाल्डासैनि भगवति, चनैराज, बासुलिङ, सिगास, हटैराज, भूमिराज, अनिरुद्र शक्तिशाली देवताको रुपमा रहेका छन् । पर्यटकीय हिसाबले उच्च केन्द्रबिन्दुमा रहेका यस्ता पवित्र धामहरु प्रचार प्रसारको अभावले ओझेलमा पर्दै गईरहेको पाईन्छ ।

## १.१ वर्तमान अवस्था

सुर्नया गाउँपालिकालाई प्रशासनिक रुपमा ८ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा सामुदायिक माध्यमिक विद्यालय १३ वटा, सामुदायिक आधारभूत विद्यालय (१–८) सम्मका ६ वटा, सामुदायिक आधारभूत (१–५) ११ वटा, संस्थागत आधारभूत (१–५) ५ वटा, सामुदायिक आधारभूत (१–३) ९ वटा र प्रारम्भिक वालविकास केन्द्र १ वटा, विशेष शिक्षा २ कोटा (वहिरा र सुस्त मनस्थिति) र सामुदायिक सिकाइ केन्द्र १ वटा गरी कूल जम्मा ४८ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । CTEVT अन्तरगतको २ वटा माध्यमिक विद्यालयमा १८ महिने कृषि प्राविधिक को पठनपाठन गरिएको छ । प्रारम्भिक बाल विकास शिक्षामा संघीय अनुदानमा २२ जना र स्थानीय स्वयंसेवक सहजकर्ताको रुपमा ९ जना गरी जम्मा ३१ जना वालविकास सहजकर्ता, आधारभूत तह (१-५) मा स्थायी दरबन्दी ७४, राहत अनुदान कोटा ३१ र स्थानीय गाउँपालिका अनुदान कोटा ४७ गरि जम्मा १६२ कोटा, आधारभूत तह (६-८) मा स्थायी दरबन्दी १७, राहत अनुदान कोटा १२, स्थानीय गाउँपालिका अनुदान कोटा ३० र शिक्षण सिकाइ अनुदान ९ गरि जम्मा ६८ कोटा, माध्यमिक तह (९-१०) मा स्थायी दरबन्दी १२, राहत अनुदान कोटा ८, स्थानीय गाउँपालिका अनुदान कोटा १० र शिक्षण सिकाइ अनुदान १९ गरि जम्मा ४९ कोटा, माध्यमिक तह (११-१२) मा स्थायी दरबन्दी ६, राहत अनुदान कोटा ४ गरि जम्मा १० कोटा रहेका छन् । विभिन्न सामुदायिक विद्यालयहरुमा संघीय कर्मचारीहरुको रुपमा विद्यालय सहायक १० जना, विद्यालय सहयोगी ४० जना र आय २ जना कार्यरत रहेका छन् । गाउँपालिकाले शिक्षक विद्यार्थीको अनुपातलाई मिलाउन र अपुग शिक्षकको व्यवस्थापन गर्न तथा विद्यालयको शैक्षिक गुणस्तरलाई

अभिवृद्धि गर्ने उद्देश्यले गाउँपालिका अन्तरगतका विभिन्न सामुदायिक विद्यालयहरुमा गाउँपालिका अनुदान शिक्षक र कर्मचारीहरु कार्यरत रहेका छन्।

यस गाउँपालिकाले विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म स्थानीय विषयको पाठ्यक्रमको निर्माण गरि कार्यान्वयन, स्थानीय शिक्षा क्षेत्र योजनाको प्रारम्भिक मस्यौदाको तयारी, सामुदायिक विद्यालयहरुलाई अपुग शिक्षक स्थानीय स्रोतबाट व्यहोर्ने गरि व्यवस्थापन, शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न शिक्षासँग सम्बन्धित ऐन, नियम तथा कानुनहरु निर्माण गरि कार्यान्वयन  लगायतका स्थानीय स्रोत र साधनहरुको अधिकतम परिचालन हुने शिक्षण सिकाइका असल अभ्यासहरु कार्यान्वयन भइरहेका छन्।

**संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि**

संयुक्तराष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० तारिखका दिन महासन्धि घोषणा भए अनुसार महासन्धिको धारा २८ मा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउने दायित्व उल्लेख गरिएको छ। यसै गरी धारा २९ मा शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने तथा धारा ३२ मा स्वास्थ्य शिक्षा र विकासमा हानी पुग्ने प्रकारले काममा लगाएर बालश्रम गर्न नहुने कुरा उल्लेख गरेको छ।

**दिगो विकासका लक्ष्यहरू (२०३० सम्म)**

सन् २०३० सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि जम्मा १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरेको छ। यी लक्ष्यहरू मध्ये लक्ष्य ४ मा शिक्षासम्बन्धी दीगो विकासको लक्ष्य राखेको छ। यस अन्तरगत सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने कुरामा नेपालले समेत प्रतिबद्धता जनाएको छ।

**चालु सोह्रौँ पञ्चवर्षिय योजना (२०८१/०८२-२०८५/०८६)**

चालु सोह्रौँ पञ्चवर्षिय योजना (२०८१/०८२-२०८५/०८६) को संरचनात्मक रुपान्तरणका क्षेत्र तथा रणनिति अन्तर्गत गुणस्तरीय तथा समन्यायिक एवम् जीवनोपयोगी शिक्षाको अवधारणामा जोड दिइएको छ। जसमा खोज, अनुसन्धान र विकासमा आधारित नवीनतम, व्यवहारिक, प्रयोगात्मक, सीपयुक्त र जीवनोपयोगी शिक्षाको प्रवर्द्धन, सबै तहका शिक्षामा डिजिटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको प्रयोग, माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उद्यम तथा रोजगार केन्द्रित "पढ्दै कमाउदै र कमाउदै पढ्दै" अवधारणाको प्रभावकारी कार्यान्वयन, विपन्न तथा जेहेन्दार विद्यार्थी लक्षित छात्रवृत्तिको अनिवार्य र एकद्वार प्रणाली मार्फत समन्यायिक वितरण, विद्यार्थीको शारीरिक मानसिक र बौद्धिक विकासमा योगदान पुर्याउन योग, ध्यान र सकारात्मक सोचमा आधारित शिक्षा प्रणाली, नैतिक शिक्षाको प्रवर्द्धन, युवा प्रतिभालाई स्वदेशमा काम गर्न प्रोत्साहन गर्ने विषयमा जोड दिइ प्रारम्भिक बालविकासदेखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गुणस्तरीय, समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्पर्धी जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्याउने ध्येयका साथ शिक्षाले मुलुकको आर्थिक समृद्धि, सामजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणका लागि आधारशिला प्रदान गर्ने कुरामा जोड दिएको छ।

**नेपालको संविधान**

वर्तमान नेपालको संविधान को भाग ३ अन्तरगत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था अन्तर्गत प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, दृष्टिविहीन नागरीकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउनका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनी स्पष्ट किटान गरिएको छ।

त्यसैगरी धारा ३९ मा बालबालिकाको हक अर्न्तगत बालबालिकालाई परिवार र राज्यबाट शिक्षा तथा प्रारम्भिक बालविकासको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। साथै भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व अर्न्तगत (ज) मा नागरीकका आधारभूत आवश्यकता सम्बन्धि नीतिहरु अन्तर्गत शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाँउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षाक्षेत्रमा राज्यको लगानी

अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रर्वर्द्धन गर्ने व्यवस्था गरिनुको साथै अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था र अनुसुचि ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (२) मा शिक्षा, खेलकुद र पत्रपत्रिका सम्बन्धि व्यवस्था गरिएको छ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ज) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था उल्लेख गरिएको छ।

**राष्ट्रिय शिक्षा नीति, २०७६**

नेपाल सरकारले मिति २०७६ कार्तिक १८ गते नेपालको राष्ट्रिय शिक्षा नीति स्वीकृत गरी जारी गरेको छ। यो नीतिमा दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरु तय गरिएका छन्। यसमा ५५ ओटा नीतिहरू विस्तृतरूपमा उल्लेख गरी संघीय, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी पनि तोकिएको छ। यसले समेटेका केही मुख्य मुख्य प्रावधानहरू अन्तर्गत "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" को दूरदृष्टि र सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाइ देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखिएको छ।

**साक्षरताको अवस्थाः**

**लैङ्गिक साक्षरताको अवस्था**

यस गाउँपालिकालाई नेपाल सरकार (शिक्षा विकास तथा समन्वय ईकाई बैतडी) बाट वि. सं. २०७६ साल असार २४ गतेका दिनमा साक्षर गाउँपालिका घोषणा गरिएको थियो। प्रत्येक सामुदायिक सिकाइ केन्द्रहरु तथा साक्षर जनसंख्या तथ्याङ्क संकलकहरु मार्फत वडागत साक्षर जनसंख्याको तथ्याङ्क सङ्कल गरिएको थियो। जस अनुसार साक्षरता प्रतिशत ९५.८४ प्रतिशत रहेको छ।

**तालिका १**

**लैङ्गिक साक्षरता प्रतिशत**

| लिङ्ग | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| **साक्षरता प्रतिशत** | **६५.४** | **८६.२** | **७४.८** |

स्रोतः राष्ट्रिय जनगणना २०७८

समग्र राष्ट्रको साक्षरता प्रतिशत ७६.२ (पुरुष ८३.६ र महिला ६९.४) रहेको परिप्रेक्ष्यमा यस गाउँपालिकाको साक्षरता प्रतिशत ७४.८ (पुरुष ८६.२ र महिला ६५.४) रहेको देखिन्छ। यसरी राष्ट्रिय साक्षरता प्रतिशत सँग यस गाउँपालिकाको साक्षरता प्रतिशतलाई तुलना गर्दा राष्ट्रिय साक्षरता दर भन्दा पुरुषको साक्षरता दर बढि र महिलाको साक्षरता दर कम हुन आएको देखिन्छ।

**सुर्नया गाउँपालिकाको वर्तमान शैक्षिक संस्थाको विवरणको अवस्थाः**

यस सुर्नया गाउँपालिकामा हाल प्रारम्भिक बालविकास देखि माध्यमिक विद्यालय तह र उच्च शिक्षासम्मको पठनपाठन हुन्छ। जसको विस्तृत विवरण तलको तालिका नं. २ मा प्रस्तुत गरिएको छः-

**तालिका २**

**शैक्षिक संस्थाहरुको तहगत विवरणः २०८१**

| कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | जम्मा | क्याम्पस | वाल विकास केन्द्रहरु | सामुदायिक सिकाई केन्द्रहरु |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ११ | ६ | ५ | ८ | ३९ | २ | ३१ | १ |

स्रोतः IEMIS सुर्नया, शिक्षा, युवा तथा खेलकुद शाखा, बैतडी।

यस सुर्नया गाउँपालिका अन्तरगत ३९ वटा सामुदायिक विद्यालयहरु , ५ वटा संस्थागत विद्यालयहरु, १ वटा सामुदायिक सिकाइ केन्द्र र २ वटा क्याम्पस गरी जम्मा ४७ वटा शैक्षिक संस्थाहरु रहेका छन् । माथीको तालिकामा उल्लेखित २ वटा क्याम्पसहरुमध्ये रौलाकेदार बहुमुखी क्याम्पसमा मात्र अध्ययन अध्यापन कार्य भइरहेको छ भने शंकर बहुमुखी क्याम्पसमा वाणिज्य संकायका विद्यार्थी नभएका कारण अध्ययन अध्यापन कार्य नभएको अवस्था छ ।

**तालिका ३**
**वडागत शैक्षिक संस्थाहरुको विवरण २०८१**

| वडा नं. | सामुदायिक विद्यालयका बालविकास केन्द्रहरुको संख्या | विद्यालयहरुको संख्या | | | क्याम्पस | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | | |
| १ | १ | १ | ० | १ | | |
| २ | ५ | ६ | १ | ७ | | |
| ३ | ४ | ५ | ० | ५ | | |
| ४ | ४ | ६ | १ | ७ | | |
| ५ | ५ | ६ | १ | ७ | १ | |
| ६ | ६ | ७ | १ | ८ | १ | |
| ७ | ४ | ५ | १ | ७ | | |
| ८ | २ | ३ | ० | ३ | | |
| **जम्मा** | **३१** | **३९** | **५** | **४४** | | |

स्रोतः सुर्नया गा. पा., शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी ।

माथीको तालिकालाई अध्ययन गर्दा यस गाउँपालिकाको वडा नं. १ मा १ मात्र शिक्षण संस्था रहेको देखिन्छ भने सबैभन्दा बढी वडा नं. ६ मा शिक्षण संस्थाहरुको संख्या ८ रहेको छ ।

**तालिका ४**
**गाउँपालिकामा रहेका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण २०८१**

| कक्षा | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|
| **बालविकास** | **३७३** | **५२२** | **८९५** | |
| कक्षा १ | ३६७ | ३६२ | ७२९ | |
| कक्षा २ | २५६ | २७६ | ५३२ | |
| कक्षा ३ | २३३ | २७९ | ५१२ | |
| कक्षा ४ | २२८ | २८४ | ५१२ | |
| कक्षा ५ | २६३ | २९३ | ५५६ | |
| **कक्षा १-५** | **१३४७** | **१४९४** | **२८४१** | |
| कक्षा ६ | २४७ | २०५ | ४५२ | |
| कक्षा ७ | २२७ | २४१ | ४६८ | |
| कक्षा ८ | २५५ | २०१ | ४५६ | |
| **कक्षा ६-८** | **७२९** | **६४७** | **१३७६** | |
| कक्षा ९ | २२६ | १९२ | ४१८ | |

| | | | | |
|---|---|---|---|---|
| कक्षा १० | २२९ | २०१ | ४३० | |
| **कक्षा ९-१०** | **४५५** | **३९३** | **८४८** | |
| कक्षा ११ | १५२ | १४३ | २९५ | |
| कक्षा १२ | १५४ | १३९ | २९३ | |
| **कक्षा ११-१२** | **३०६** | **२८२** | **५८८** | |
| **जम्मा** | **३२१०** | **३३३८** | **६५४८** | |

स्रोतः IEMIS, CEHRD, 2081, सुर्नया गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी

**तालिका ५**

**सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको विवरणः २०८१**

| क्र.स. | तह/पद | स्वीकृत स्थायी दरवन्दी | राहत/अनुदान कोटा | शिक्षण सिकाई अनुदान | गाउँपालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | बालविकास शिक्षक | - | २२ | - | ९ | **३१** |
| २ | आधारभूत शिक्षक ( १-५) | ७४ | ३१ | - | ४७ | **१५२** |
| ३ | आधारभूत शिक्षक ( ६-८) | १७ | १२ | ९ | ३० | **६८** |
| ४ | माध्यमिक शिक्षक ( ९-१०) | १२ | ८ | १६ | १० | **४६** |
| ५ | माध्यमिक शिक्षक ( ११-१२) | ६ | ४ | - | - | **१०** |
| ६ | विद्यालय सहायक | - | १३ | - | - | **१३** |
| ७ | विद्यालय सहयोगी | - | ३९ | - | १ | ४० |
| ८ | सा.सि.के.सहजकर्ता (CLC) | - | १ | - | - | **१** |
| ९ | विशेष शिक्षामा आया | - | २ | - | - | **२** |
| | **जम्मा** | **१०९** | **१४०** | **२५** | **९७** | **३६३** |

स्रोतः सुर्नया गा.पा., शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी ।

**तालिका ६**

**सामुदायिक विद्यालयमा रहेका शिक्षक दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको विवरणः २०८१**

| क्र. स. | तह | शिक्षक दरबन्दी विवरण | | | | | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरवन्दी | राहत/अनुदान | शिक्षण सिकाई अनुदान | गाउँपालिका अनुदान | कूल जम्मा | | |
| १ | बालविकास | २२ | - | - | ९ | ३१ | ८९५ | १:२९ |
| २ | आधारभूत ( १-५) | ७४ | ३१ | - | ४७ | १५२ | २८४१ | १:१९ |
| ३ | आधारभूत ( ६-८) | १७ | १२ | ९ | ३० | ६८ | १३७६ | १:२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | माध्यमिक (९-१०) | १२ | ८ | १६ | १० | ४६ | ८४८ | १:१८ |
| ५ | माध्यमिक (११-१२) | ६ | ४ | - | - | १० | ५८८ | १:५९ |
| | **औसत** | **१३१** | **५५** | **२५** | **९६** | **३०७** | ६५४८ | **१:२१** |

स्रोतः IEMIS 2081 CEHRD, सुर्नया गा. पा. शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी।

**हाल सञ्चालित मुख्य कार्यक्रमहरू**

सुर्नया गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। विद्यालयको भौतिक संरचना निर्माण तथा आन्तरिक तथा बाह्य वातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाइ बृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि देहायका कार्यक्रमका माध्यमबाट गाउँपालिका प्रयासरत रहेकोछ।

**१. गाउँपालिका अनुदान शिक्षक नियुक्ति गरि अपुग शिक्षकको व्यवस्थापनः**

गाउँपालिकामा विद्यालय संख्याका आधारमा शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण शिक्षक पदपूर्ति गर्नका लागि कार्यविधि तयार गरी स्थानीय स्तरमा गाउँपालिका शिक्षक दरबन्दी कायम गरी आवश्यक पर्ने शिक्षकहरुको पदपूर्ति गरिएको छ। यस अन्तरगत वालविकासमामा ९ जना, आधारभूत तह (१-५) मा ४७ जना, आधारभूत तह (६-८) मा ३० जना र माध्यमिक तह (९-१०) मा १० जना जम्मा ९६ जना शिक्षकहरु र विद्यालय सहयोगी १ जना जनशक्तिको व्यवस्थापन गरिएको छ।

**२. शिक्षकको क्षमता अभिबृद्धिका लागि गाउँपालिका स्तरमा शिक्षक तालिम सञ्चालन**

सबै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये तहगत रुपमा १/१ जना शिक्षकहरुको प्रतिनिधित्व हुने गरि परिमार्जित पाठ्यक्रम प्रवोधिकरण कार्यशाला, कक्षा १-३ मा अध्यापनरत शिक्षकहरुमध्येबाट प्रत्येक विद्यालयबाट १/१ जना प्रतिनिधित्व हुने गरि दुई पटक एकिकृत पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी तालिम, सबै सामुदायिक विद्यालयमा कार्यरत १/१ जना शिक्षकहरुको सहभागितामा पुनर्ताजगी तालिम र सबै सामुदायिक विद्यालयमा कार्यरत कम्प्युटर शिक्षकहरु र प्रधानाध्यापकहरुको सहभागितामा सूचना प्रविधि तथा IEMIS सम्बन्धी तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ।

**३. विद्यालयको गुणस्तर सुधारका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँगको अन्तरक्रिया कार्यक्रमको सञ्चालन**

सबै सामुदयिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र प्रधानाध्यापकहरुको सहभागितामा गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन २ पटक सञ्चालन गरिएको छ।

**४. सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापनः**

सामुदायिक विद्यालयहरुमध्ये ११ वटा आधारभूत विद्यालय र १२ वटा माध्यमिक विद्यालयहरुमा ICT Lab सहितको सूचना प्रविधि कक्षको व्यवस्था गरिएको छ।

**५. परीक्षा व्यवस्थापनः** शैक्षिक सुधार तथा विद्यार्थी मूल्याङ्कनलाई वास्तविकतामा लैजान गाउँपालिकाले विद्यालयहरुमा सञ्चालित आधारभूत तह (कक्षा ८) को अन्तमा हुने आधारभूत शिक्षा परीक्षालाई गाउँपालिका स्तरीय परीक्षा सञ्चालन गरि स्तरीकृत गर्ने प्रयास गरिएको छ।

६. विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित तथा चुस्त र दुरुस्त पार्न विद्यालयमा लेखाको काम गर्ने शिक्षक/कर्मचारी र प्रधानाध्यापकहरुको सहभागितामा विद्यालय लेखाङ्कन प्रणाली (SAS) सम्बन्धी तालिम प्रदान गरिएको छ।

७. विज्ञ समूह तथा रोष्टर प्रशिक्षक तयारी गरिएको छ।

८. आधारभूत तह कक्षा ८ र माध्यमिक तह कक्षा १० को अन्तमा हुने परीक्षामा सबैभन्दा बढी अङ्क ल्याउने छात्र र छात्रालाई पुरस्कारको व्यवस्था गरिएको छ।

९. सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापहरु र वि.व्य.स. अध्यक्षहरुको सहभागितामा नमूना विद्यालय अवलोकन भ्रमण सम्पन्न गरिएको छ।

माथि उल्लेखित कार्यक्रमहरूका अतिरिक्त हाल तीन तहका सरकारहरूद्वारा कार्यान्वयनमा रहेका केही कार्यक्रमहरू निम्नानुसार छन् :-

一. मासिक रुपमा प्र.अ. बैठक सञ्चालन
二. बालविकास केन्द्रका सहजकर्ताका लागि क्षमता विकास तालिम
三. विद्यालयमा भौतिक विकास निर्माण (भवन, फर्निचरसहित कक्षा कोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT प्रयोगशाला, WASH सहितको शौचालय मर्मत तथा सम्भार)
四. शैक्षिक सामग्रीका लागि अनुदान तथा खरीद
五. कक्षाकोठा व्यवस्थापन अनुदान
六. छात्रवृत्ति प्रोत्साहन अनुदान
七. प्रति विद्यार्थी लागत अनुदान
八. दिवा खाजा (प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म)
九. विद्यालय तथा कक्षा अनुगमन निरीक्षण/सुपरिवेक्षण
十. शिक्षण सिकाई अनुदान
十一. राष्ट्रपति रनीङ शील्ड प्रतियोगिता सञ्चालन तथा खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन
十二. सामुदायिक सिकाइ केन्द्र
十三. सरकारी र विभिन्न गैरसरकारी संघसंस्थाबाट आयोजना तथा सञ्चालन गरिने कार्यक्रमहरू

十四. अभिभावक शिक्षा कार्यक्रम

**शैक्षिक सुधारका लागि अबलम्वन गर्नुपर्ने पक्षहरु**

一. प्रधानाध्यापक, शिक्षकहरुको क्षमता विकास तथा कार्यसम्पादन करार

二. शिक्षण पेशामा दक्ष जनशक्ति आकर्षण

三. न्यूनतम मापदण्ड पूरा नगरेका बालविकास केन्द्रको गुणस्तर सुधार

四. सबै बालबालिकाको प्रारम्भिक बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्ने

五. आधारभूत तहका विद्यालयको न्यूनतम आवश्यकताहरु पूरा गर्ने

六. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

七. विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दर घटाउने

八. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाइमैत्री गर्ने

九. आधारभूत तथा माध्यमिक तहमा बालबालिकाको सिकाइ उपलब्धिमा बृद्धि गर्ने

十. माध्यमिक तहको शिक्षा गुणस्तरीय बनाउने

十一.सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच बिस्तार गर्ने

十二.माध्यमिक तहमा प्राविधिक शिक्षाको पहुँच, विस्तार तथा गुणस्तरमा अभिबृद्धि गरी प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्वसुलभ बनाउने

十三.अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउने

十四.पढ्दै कमाउदै कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गर्नुपर्ने

十五.शिक्षाको गुणस्तरका लागि सरोकारवाला पक्षहरुसंग अन्तरक्रिया गर्नुपर्ने

十六.स्थानीय शिक्षा सँग सम्बन्धित आवश्यक ऐन कानूनहरु बनाई कार्यान्वयन गरिनुपर्ने।

十七.कक्षा ५, ८ र १० को परीक्षालाई व्यवस्थित र मर्यादित बनाउने।

十八.पालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने।

十九.शिक्षकहरुलाई पेशाप्रति उत्प्रेरित गर्न कार्यसम्पादन मूल्याङ्कनका आधारमा पुरस्कारको व्यवस्था गर्ने।

二十.विद्यालयहरुमा वाल उद्यानको व्यवस्था गर्ने।

二十一. बालबिकास केन्द्रमा शिक्षकहरुलाई मन्टेश्वरी तालिम सञ्चालन गर्ने।

二十二. मागमा अधारित विषयगत तालिम सञ्चालन गर्ने।

二十三. गाउँपालिका स्तरीय नमुना विद्यालय घोषणा गर्ने।

**१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण**

१. सबैका लागि विद्यालय शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गर्न

二. सुरक्षित बाल/लैङ्गिक/अपाङ्ग/वातावरणमैत्री तथा उत्थानशील विद्यालयको स्थापना गर्न

三. विद्यालय शिक्षामा असमानता न्युनिकरण गर्न

四. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न

五. विद्यालय शिक्षामा प्रभावकारी, उत्तरदायी शासन तथा व्यवस्थापन प्रणालीको स्थापना गर्न

六. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा नि:शुल्क गरि राष्ट्रिय लक्ष्य पूरा गर्न

七. नक्साङ्कनका आधारमा विद्यालय समायोजन, पुनर्वितरण र स्थापना गर्न

八. तहगत तथा विषयगत शिक्षक दरबन्दी व्यवस्थापन गर्न

九. प्रविधिमैत्री शिक्षण सिकाइका लागि कक्षाकोठाको उपयुक्त व्यवस्थापन गर्न

十. अभिभावक र विद्यालय व्यवस्थापन समितिलाई विद्यालय प्रति उत्तरदायी बनाउन

十一. हरित विद्यालय निर्माणका लागि भौतिक व्यवस्थापन गर्न

十二. विद्यालय तथा गाउँपालिका स्तरमा तथ्याङ्कीय व्यवस्थापन गर्न

十三. समयसापेक्ष गुणस्तरीय, नैतिक र संस्कारयुक्त शिक्षा प्रदान गर्न

# परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१. स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार

नेपालमा प्रजातन्त्रको स्थापना सँगसँगै शिक्षा आर्जनका लागि विद्यालय तथा विश्वविद्यालयको स्थापनामा तिब्रता भई सर्वसाधारणका लागि शिक्षा आर्जन गर्न सहज वातावरण कायम गर्न सरकारले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रम ल्याएको छ। शिक्षामा आम नागरिकको पहुँच बृद्धि गर्न तथा शिक्षालाई व्यावसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित विभिन्न नीति, नियम तथा परियोजना सञ्चालन भएका छन्। नेपालको वर्तमान संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै शैक्षिक योजना प्रणालीमा पनि विकेन्द्रीकरणको अभ्यास भई रहेको छ। संविधानत: शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गर्नुका साथै प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई नि:शुल्क गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षाको हक प्रदान गरेको छ। संविधानको अनुसूची-८ ले स्थानीय तहको अधिकारको सूचीको क्र. सं. ८ मा आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकारमा राखेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। सुर्नया गाउँपालिकाको स्थानीय सरकारले अधिकार कार्यान्वयन गर्न तथा शिक्षाको विकासमार्फत समृद्ध गाउँपालिका निर्माणको सुनिश्चितताका लागि यो गाउँ शिक्षा योजना निर्माण गरिएको हो।

देहायका प्रमुख आधारहरु लिइ यस सुर्नया गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गरिएको हो :

一. नेपालको संविधान, २०७२

二. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

三. शिक्षा ऐन, २०२८ संसोधन सहित

四. शिक्षा नियमावली, २०५९ संसोधन सहित

五. नि:शुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५

六. राष्ट्रिय शिक्षा नीति, २०७६

七. विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८९

八. सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना २०७६,

九. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, २०७६

十. सुदुरपश्चिम प्रदेशको ५ वर्षे आवधिक योजना

十一. विभिन्न समयमा नेपाल सरकार तथा सुदुरपश्चिम प्रदेश सरकारबाट बजेट तथा कार्यक्रममा प्रस्तुत नीति कार्यक्रमहरु तथा मार्ग निर्देशनहरु।

十二. गाउँ सभामा पेश भएका नीति तथा कार्यक्रमहरु

十三. निर्वाचनका क्रममा जनप्रतिनिधीहरुबाट गरिएका प्रतिबद्धताहरु।

शिक्षाको सुधारका लागि वि.सं. २०९१ (सन् २०३४) सम्म प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस खण्डमा गाउँ शिक्षा योजनाको दुरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goal), उद्देश्यहरु (Objectives), रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धि सूचकहरु (Key Indicators) प्रस्तुत गरिएका छन्।

**२.२ दूरदृष्टि**

"सुर्नया गाउँपालिकाको चाहना, जीवनोपयोगी, सर्वसुलभ र गुणस्तरीय शिक्षा"

**२.३ लक्ष्य**

सबैको शिक्षामा पहुँच सुनिश्चित गरी आर्थिक,सामाजिक तथा सांस्कृतिक विकासमा योगदान पु¥याउन सक्ने सभ्य, सक्षम र प्रतिष्पर्धी नागरिक तयार पार्ने।

**२.४ उद्देश्य**

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर कायम गर्नु।
३. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गर्नु।
४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरि सिकाइ वातावरणमा सुधार ल्याउनु।
५. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्रदान गर्नु।
६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु।
७. अनुभवी तथा तालिम प्राप्त शिक्षकहरुमार्फत शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थापन गर्नु।

**२.५ रणनीति**

१. प्रारम्भिक बालविकास केन्द्रहरुको संस्थागत क्षमता विकास गर्ने।
२. उत्प्रेणामूलक कार्यक्रमहरुमार्फत बालबालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने।

三. विद्यालय नक्साङ्कन गरी आवश्यकताका आधारमा विद्यालय समायोजन र व्यस्थापन गरी सबै बालबालिकाहरुको सहभागिता सुनिश्चित गर्ने।

四. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।

五. शिक्षा सरोकारवालाहरु सबैको सहयोग, सहकार्य र समन्वयमा शैक्षिक गुणस्तर वृद्धि गर्ने।

六. शिक्षामा गुणस्तर कायम गर्न शैक्षिक सुपरीवेक्षण र मूल्याङ्कनलाई प्रभावकारी बनाउने।

七. स्थानीय पाठ्यक्रम निर्माण, प्रवोधिकरण र कार्यान्वयनका माध्यमबाट पाठ्यक्रमको सान्दर्भिकता र प्रयोगमा अभिवृद्धि गर्ने।

八. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाई सिकाइ उपलब्धिलाई मूल्याङ्कनसँग आबद्ध गर्ने।

九. आवश्यक भौतिक तथा शैक्षिक स्रोत साधन उपलब्ध गराइ विद्यालयमा विभेदरहित, बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री सिकाइ वातावरण सिर्जना गर्ने।

十. विद्यालयमा आकर्षित सिकाइ वातावरण तयार गर्न सिकाईमैत्री कक्षाकोठा स्थापना गर्ने ।

十一. विद्यालयमा सरसफाई तथा स्वच्छता कायम गर्न आवश्यक पर्ने पूर्वाधाहरु निर्माण गर्ने।

十二. वैकल्पिक सिकाइका माध्ययमबाट औपचारिक शिक्षाबाट बञ्चित भएका बालवालिकाहरुलाई सिकाइको अवसर प्रदान गर्ने।

十三. कमजोर सिकाई उपलब्धी भएका बालबालिकाहरुका लागि अतिरिक्त कक्षाको व्यवस्था गर्ने।

十四.	सामुदायिक सिकाई केन्द्रहरुको सुदृढीकरण गरी साक्षरता तथा आयआर्जनमा आधारित शिक्षाको विस्तार गर्ने ।

十五.	सिकाइ र सिपलाई आवद्ध गरी साक्षरोत्तर शिक्षा तथा जीवनोपयोगी सिकाइका अवसरहरु प्रदान गर्ने ।

十六.	गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा डिजिटल शिक्षण सामग्री र प्रविधिको प्रयोग गरेर शिक्षण पद्धतिमा नवीनता ल्याउने ।

十七.	गाउँपालिका भित्रका कम्तीमा ३ वटा विद्यालयहरुको प्राविधिक तथा व्यवसायिक क्षमता विकास गरि प्राविधिक शिक्षामा विस्तार गर्ने ।

十八.	शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने ।

十九.	विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई उत्प्रेरित गर्दै पेसाप्रति जवाफदेही बनाउने ।

二十.	एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गर्ने ।

二十一. योग, ध्यान, नैतिक र संस्कारयुक्त शिक्षामा जोड दिने ।

二十二. सामुदायिक विद्यालयहरुमा किशोरकिशोरीमैत्री सूचना केन्द्र स्थापना तथा सुदृढिकरण गर्ने ।

**२.६ कार्यनीतिहरु**

一.	विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन र विस्तार गरिने छ ।

二.	कम्तीमा एक वडामा एक नमूना प्रारम्भिक बालविकास केन्द्र र एक नमूना विद्यालयको विकास गरिने छ ।

三.	विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा, शैक्षिक सामग्री र नि:शुल्क स्यानीटरी प्याड वितरण र अभिभावक शिक्षा कार्यक्रमहरु सञ्चालन गरिने छ ।

四.	विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको मूल धारमा ल्याउने अभियानलाई निरन्तरता दिदै सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा प्रवेश गराईने छ ।

五.	प्रत्येक विद्यालयहरुमा पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशालाको विस्तार गरी गुणस्तरीय शिक्षण सिकाइको अनुकुल वातावरण निर्माण गरिने छ ।

六.	स्थानीय पाठ्यक्रममार्फत भाषिक तथा सांस्कृतिक विविधताअनुरुप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।

七.	प्रत्येक विद्यालयहरुमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी लैङ्गिकमैत्री सिकाइ वातावरण तयार गरिने छ ।

八.	विद्यार्थीहरुको सिकाइलाई गतिशील बनाउन अभिभावक, शिक्षक र विद्यार्थीहरु सहभागी हुने गरी विद्यालय स्तरमा अन्तरक्रिया तथा कार्यशालाहरु आयोजना गरिने छ ।

九.	विद्यार्थीहरुमा रहेका प्रतिभाहरुको पहिचान गर्न तहगत अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिने छन् ।

十.	गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी संस्थाहरुको साझेदारीमा कार्यक्रम लागु गरिने छ ।

十一.	पालिकास्तरीय वार्षिक शैक्षिक कार्यपात्रो र शिक्षा नीति तयार गरी कार्यान्वयनलाई निरन्तरता दिईने छ ।

十二.	शैक्षिक सत्रको प्रारम्भदेखि निर्धारित पाठ्यक्रमको कार्यान्वयनमा जोड दिन पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

十三.	स्थानीय मूल्य-मान्यता, परम्परागत ज्ञान र प्रविधि, यौनिक शिक्षा, सामाजिक तथा सांस्कृतिक पहिचानको संरक्षण तथा सम्वर्द्धन गर्न स्थानीय पाठ्यक्रमलाई आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयन गरिने छ ।

十四.	सरोकारवालाहरुको सहभागितामा स्थानीय शैक्षिक सामग्रीहरु निर्माण गरी कक्षाकोठामा प्रयोगमा ल्याउन प्रोत्साहन गरिनेछ ।

十五.	शैक्षिक संस्थाहरुको नियमित सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण प्रदान गरिने छ ।

十六.	नतिजामा आधारित मूल्याङ्कनका आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिने छ ।

十七.	शिक्षाको गुणस्तर मापनका लागि परीक्षा बाहेकका अन्य मूल्याङ्कनका साधनहरु प्रयोगमा ल्याइनेछ ।

十八.	गाउँपालिकाभित्र सञ्चालित शिक्षण संस्थाहरुबीच समन्वय तथा सहकार्य गर्ने वातारण निर्माण गरिने छ ।

十九.	कमजोर भौतिक संरचना भएका विद्यालयहरुलाई प्राथमिकता दिई भौतिक संरचना निर्माण र मर्मत सम्भार कार्यलाई निरन्तरता दिइने छ ।

二十.	विद्यार्थीहरुलाई खेल, योगाभ्यास र सह क्रियाकलाप सञ्चालनका लागि प्रत्येक विद्यालयमा खेलमैदान निर्माणमा जोड दिइने छ ।

二十一. विद्यालयमा आवश्यक पर्ने न्यूनतम संरचनाहरुको स्थापना तथा विकास गरिने छ ।

二十二. संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न गैर सरकारी संस्थाहरु सँगको समन्वय तथा सहजीकरणमा विद्यालयको भौतिक पूर्वाधार विकास र शैक्षिक विकासमा प्राथमिकता दिइने छ।

二十三. विपदको बेलामा पनि सिकाइलाई निरन्तरता दिनका लागि वैकल्पिक सिकाइ सहजीकरण कार्यविधि तयार गरी प्रभावकारी रुपमा लागु गरिने छ।

二十四. विशेष शिक्षा आवश्यक भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिने छ।

二十五. कक्षाकोठामा शिक्षण सिकाइका लागि सन्दर्भ सामग्रीहरुको प्रयोग गर्न जोड दिइने छ।

二十六. औपचारिक शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुका लागि बैकल्पिक सिकाइका माध्यमहरुमार्फत सिकाइको अवसर प्रदान गरिने छ।

二十七. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा प्रणालीको विकास गरिने छ।

二十八. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुका लागि क्षमता विकास र मन्टेश्वरी तालिम सञ्चालन गरिने छ।

二十九. शिक्षक तथा कर्मचारीहरुका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिने छ।

三十. शिक्षकको शैक्षिक क्षमता अभिबृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम, कार्यशाला, अभिमुखीकरण कार्यक्रम, बैठक, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छन्।

三十一. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँचमा विस्तार गरिने छ।

三十二. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागि गराइने छ।

三十三. गाउँपालिकास्तरमा अतिरिक्त क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बाल सञ्जालहरूलाई सक्रिय गराइनेछ।

三十四. विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरिने छ।

三十五. कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट विद्यालय र शिक्षक छनौट गरी पुरुस्कृत गरिने छ।

三十六. विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी लक्षित छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइ उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ।

三十七. प्रारम्भिक तहका बालबालिकाको पठन सीप अभिबृद्धि गर्न अभिभावकहरुको संलग्नतामा गाउँपालिकास्तरीय शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ।

三十八. माध्यमिक तहका विद्यार्थीहरुलाई राष्ट्र, समाज र समुदाय प्रति आस्थावान रहन र उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रुपमा स्काउट, रेडक्रस जस्ता मानवीय हितका कार्यहरु गर्ने संस्थाहरुको गतिविधिमा संलग्न गराइने छ।

三十九. शिक्षा क्षेत्र योजना कार्यान्वयनको अवस्था पहिचान गरी आवधिक प्रतिवेदन तयार गरि गाउँसभामा पेश गरिने छ।

四十. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि गाउँपालिका स्तरमा रोष्टरहरुको विज्ञ समूह गठन गरि परिचालन गरिने छ।

四十一. स्थानीय शिक्षा ऐन, नियमावली, कार्यविधि र मापदण्ड तयार गरि लागु गरिने छ।

四十二. आधारभूत तह कक्षा ५, ८ र १० को परीक्षालाइ मर्यादित र स्तरयुक्त बनाउन गाउँपालिका भरि एउटै मापदण्डको प्रश्नपत्र तयार गरि पायक पर्ने विद्यालयमा परीक्षा केन्द्र कायम गरि सञ्चालन गरिने छ।

四十三. गाउँपालिका भरिका सबै आधारभूत तथा माध्यामिक विद्यालय (६-१२) मा अनिवार्य रुपमा किशोरकिशोरी मैत्री सूचना केन्द्र क्रमश: स्थापना गरिने र स्थापना भएका केन्द्रहरुको सुदृढिकरण गरिनेछ।

四十四. एक विद्यालय एक नर्स कार्यक्रम क्रमश: कार्यान्वयन गरिने छ।

四十五. योग, ध्यान, नैतिक र संस्कारयुक्त शिक्षामा जोड दिइने छ।

**२.७ अपेक्षित मुख्य उपलब्धि**

योजनाको अन्त्य (वि.स. २०९१) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि हासिल हुनेछ :

१. सबै बालबालिकाहरुका लागि विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर कायम भएको हुनेछ।
३. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल भएका हुनेछन्।
४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरि सिकाइ वातावरणमा सुधार भएको हुनेछ।
५. अनौपचारिक शिक्षा र जीवनोपयोगी सिकाइका लागि विभिन्न अवसरहरुको सुनिश्चितता भएको हुनेछ।
६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
७. सबै तह र विषयका शिक्षकहरुको क्षमता विकास भएको हुनेछ।

८. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर सुनिश्चित भएको हुनेछ।

९. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन्।

१०. माध्यमिक विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुनेछन्।

११. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा जीवनोपयोगी सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर र आत्मनिर्भर समाजको निर्माण भएको हुनेछ ।

१२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भई योजना तथा कार्यक्रम कार्यान्वयन नतिजामुखी भएको हुनेछ ।

१३. तालिम प्राप्त र अनुभवी शिक्षकहरुद्वारा सिकारुमैत्री शिक्षण सिकाइ क्रियाकलापका माध्ययमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।

१४. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तर सुनिश्चत भएको हुनेछ।

१५. विपद्का समयमा बालबालिकाहरुले सुरक्षित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ।

१६. आवश्यकताअनुसार विद्यालयहरु तथा बालविकास केन्द्रहरु विस्तार एवम् समायोजन भएका हुनेछन् ।

१७. सबै विद्यालयको वातावरण भेदभावरहित र बालमैत्री भएको हुनेछ ।

१८. एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन भएको हुनेछ।

१९. योग, ध्यान, नैतिक र संस्कारयुक्त शिक्षामा जोड दिइएको हुनेछ।

२०. सामुदायिक विद्यालयका वि.व्य.स., शि.अ.सं., प्र.अ. र शिक्षकहरुलाई नमूना विद्यालय अवलोकन भ्रमण कार्यक्रम गरिएको हुनेछ।

**२.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण**

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) तलको तालिकामा प्रस्तुत गरिएको हुनेछ :

| क्र.सं. | सूचक | सूचक तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| 一. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८१.४ | ८८ | ९४ | ९९ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ९२.४ | | ९२.७ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ९६ | ९७ | ९८ | ९९ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ८०.४ | | ९१.१ | ९९.६ | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| 二. | आधारभूत शिक्षा | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९६ | ९७ | ९८ | ९९ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ९७ | | ९८.९ | १०० | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १४१.९ | १२५ | ११५ | १०५ | **IEMIS** | CEHRD |
| | | प्रदेश | १२७.८ | | १२३ | १०३.७ | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६ | ९७ | ९८ | ९९ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ९६.८ | | ९९.८ | ९९.५ | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १४१.९ | १३० | १२० | ११० | **IEMIS** | CEHRD |
| | | प्रदेश | १३८.४ | | १२०.५ | ११२.७ | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.५ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.०६ | १ | १ | १ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ०.९८ | | १ | १ | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.३ | ९६ | ९७ | ९८ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ९५.९ | | ९९.२ | १०० | | |
| | | राष्ट्रिय | ९३.४ | ९९ | | १०० | | |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १२९.३ | ११९ | १०९ | १०४ | **IEMIS** | CEHRD |
| | | प्रदेश | १२५.३ | | ११८ | ११५.७ | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.८ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८७.४ | ९० | ९३ | ९६ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ७५ | | ७८.५ | ८२.३ | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५ | | |
| २.९ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.१ | १ | १ | १ | **IEMIS** | CEHRD |
| | | प्रदेश | १.०५ | | १.०३ | १.०२ | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ६१.७ | ७० | ८० | ९० | **IEMIS** | CEHRD |
| | | प्रदेश | ५९.१ | | ६८.५ | ८३.९ | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५ | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ७८.७ | ८५ | ९५ | १०० | **IEMIS** | CEHRD |
| | | प्रदेश | ८५.५ | | १०७.५ | १३०.४ | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ०.९८ | ०.९९ | १ | १ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ०.९४ | | ०.९५ | १ | | |
| | | राष्ट्रिय | १.०२ | १ | १ | १ | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ८८ | ९० | ९२ | ९४ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १८ | २५ | ३५ | ४५ | **IEMIS** | CEHRD |
| | | प्रदेश | १६.४ | | २५ | ३० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | २०.६ | २२ | २७ | ३३ | | |
| ३.४ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ७५ | ८० | ८५ | ९० | **IEMIS** | CEHRD |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४८.५ | ५५ | ६५ | ७५ | **IEMIS** | CEHRD |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ५५ | ६५ | ७५ | ८५ | **IEMIS** | CEHRD |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ६५ | ७५ | ८५ | ९५ | **IEMIS** | CEHRD |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ७३.५ | ७८ | ८३ | ८८ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | ७१.२ | | ७५ | १०० | | |
| | | राष्ट्रिय | | ५८ | | ९५ | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ८५ | ८८ | ९१ | ९४ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | ७६.३ | | ७८ | १०० | | |
| | | राष्ट्रिय | | ८२ | ८९ | ९५ | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ८३ | ८८ | ९३ | ९८ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | ९४.२ | | ९५ | १०० | | |
| | | राष्ट्रिय | | ९२ | | ९९ | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.७५ | ०.७९ | ०.८३ | ०.८७ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | २५ | ३५ | ४५ | ५५ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१ | ४० | ५० | ७५ | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ४० | ५० | ६० | ७० | **IEMIS** | CEHRD |
| | | | छात्र | ४० | ५० | ६० | ७० | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १९:१ | २२:१ | २५:१ | २८:१ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४.१ | | ३०.१ | ३०.१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २०:१ | २२:१ | २५:१ | २८:१ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०.१ | | ३०.१ | ३०.१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १९:१ | २२:१ | २५:१ | २८:१ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १८:१ | २२:१ | २५:१ | २८:१ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | २६:१ | २८:१ | ३०:१ | ३२:१ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ६.६ | विद्युत पुगेका विद्यालयको प्रतिशत | स्थानीय | ६४ | ८० | ९० | १०० | **IEMIS** | CEHRD |
| | | प्रदेश | ४५.७ | | ६७.३ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.७ | इन्टरनेट पुगेका विद्यालयको प्रतिशत | स्थानीय | ११ | ३० | ५० | १०० | **IEMIS** | CEHRD |
| | | प्रदेश | १८.८ | | ३५.४ | ७६.७ | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.८ | खानेपानीको पहुँच पुगेका विद्यालयको प्रतिशत | स्थानीय | ८१ | ८८ | ९४ | १०० | **IEMIS** | CEHRD |
| | | प्रदेश | ७८.२ | | ८८.८ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.९ | शौचालयको पहुँच पुगेका विद्यालयको प्रतिशत | स्थानीय | ९१ | ९३ | ९८ | १०० | **IEMIS** | CEHRD |
| | | प्रदेश | ७८.२ | | ८८.४ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |
| ७. शिक्षामा लगानी | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ७.३ | ८.३ | ९.३ | १०.३ | **IEMIS** | CEHRD |
| | | प्रदेश | ३.९ | | १५ | २० | | |
| | | राष्ट्रिय | १०:६८ | १५ | १७ | २० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | २ | २.५ | ३ | ३.५ | **IEMIS** | CEHRD |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २१ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति | स्थानीय | १.५ | २ | २.५ | ३ | **IEMIS** | CEHRD |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

## परिच्छेद तीन

## शिक्षाका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र (प्रारम्भिक बालविकास र शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र प्राविधिक तथा उच्च शिक्षा) को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासका निमित्त अवलम्वन गर्नुपर्ने उदेश्य तथा रणनीतिको विस्तृतीकरण गरिएको छ। यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धी तथा नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ वटा उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ। तथ्याङ्कको विश्लेषण गर्दा तथा नतिजा उल्लेख गर्दा संख्यामा विश्लेषण गरी आवश्यकता अनुसार प्रतिशतमा पनि उल्लेख गरिएको छ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकास उमेर भन्ने जनाउँदछ। त्यसैगरी यस उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण विकास वौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षहरुको समुचित विकास, शिक्षक, सहयोगी कार्यकर्ताहरु, अभिभावक तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यहरुलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ। प्रारम्भिक बालविकासको मुख्य उद्धेश्य गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि

अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाई एवम् संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरु प्रदान गर्नु हो। दीगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये ११ ओटा लक्ष्यहरु प्रत्यक्षरुपमा प्रारम्भिक बालविकाससँग सम्वन्धित रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ।

बालबालिका आमाको गर्भमा हुर्कदै गर्दा आमाको मानसिक स्वास्थ्य एवम् आहार विहारका कारण पर्न सक्ने प्रभावदेखि बालबालिकासँग गरिने व्यवहारको प्रत्यक्ष प्रभाव बालविकासमा पर्ने तमाम अध्ययन तथा अनुसन्धानबाट प्रमाणित तथ्य हो। आजका आमाबुबा र शिक्षकहरुको व्यवहारको परिणामस्वरुप भोलिको समाजले भोग्नु पर्ने यथार्थको माझवाट निर्माण भएका धेरै नीति तथा कार्यक्रमले बालबालिकाको सर्वपक्षीय विकास गर्नु पर्ने अवस्थाको सुनिश्चित गरिनु पर्दछ। मानव मस्तिष्कको लगभग ८७ प्रतिशत भाग ३ वर्षको उमेरमा विकास हुन्छ भने बालबालिकाहरुले जीवनको पहिलो केही वर्षमा खाएको खाना र त्यसवाट प्राप्त गरेको शक्तिको ५० देखि ७५ प्रतिशत हिस्सा मस्तिष्क विकासमा उपयोग हुने कुरा विभिन्न अध्ययनले पुष्टि गरेको पाइन्छ। यति मात्रै नभईकन बालबालिकाको विकास,स्वास्थ्य, शिक्षा र वातावरणमा आज गरेको लागानीले भविष्यमा ठूलो गुणात्मक प्रतिफल दिने र समग्र सुर्नया गाउँपालिका नै अग्रगमनको पथमा अगाडि बढ्ने कुरामा कुनै दुविधा छैन।

### ३.१.१ वर्तमानअवस्था

यस पालिका अन्तरगत जम्मा ३१ वटा बालविकास केन्द्रहरु रहेका र ती मध्ये २२ वटा संघीय अनुदान प्राप्त, ८ वटा गाउँपालिकाबाट अनुदान प्राप्त सामुदायिक विद्यालय अधारित भइ सञ्चालनमा रहेका छन भने १ वटा समुदायमा अधारित बालबिकास केन्द्र सञ्चालनमा रहेको छ। संस्थागत विद्यालय तथा नीजि क्षेत्रबाट सञ्चालित विद्यालयमा प्रारम्भिक बालविकास ३ वर्षे शैक्षिक कार्यक्रमको रुपमा सञ्चालनमा छ भने सामुदायिक विद्यालयहरुमा १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको कार्यक्रम सञ्चालनमा छ। यी सबै शैक्षिक संस्थाहरुमा कूल ८९५ जना बालबालिकाहरु अध्ययनरत छन्। यस गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको कूल भर्नादर ८१.४ रहेको छ। कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर ९६ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास शिक्षामा लैङ्गिक समता सुचक ०.७१ रहेको छ। प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरु ३१ जना रहेका छन। वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन।

一. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्याउनु।

二. सबै प्रारम्भिक बालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड पूरा गर्नु।

三. सबै बालबालिकाहरुको लागि आवश्यक स्वास्थ्य, खोप, पोषण, सरसफाई तथा शुद्ध पिउने पानी जस्ता एकीकृत सेवाहरु उपलब्ध गराउनु,

四. जोखिम र विपदमा परेका अति विपन्न बालबालिकाका लागि आपतकालीन सेवा सुनिश्चित गर्नु,

五. भर्ना भएका बालबालिकाहरु कक्षामा नियमित उपस्थितिको सुनिश्चित गर्न

**प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका अवसरहरु देखिन्छन।**

一. संविधानमा बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको,

二. शिक्षा ऐन २०२८ ले बालविकास शिक्षालाई विद्यालय शिक्षाको रुपमा स्वीकार गरिएको,

三. राष्ट्रिय शिक्षा नीति २०७६ ले बालविकास र शिक्षालाई प्राथमिकता दिएको,

四. नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्र भएको,

五. यस क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्यको सम्भावना रहेको,

六. सरकारी तथा गैरसरकारी संघ संस्थाहरु लगानी गर्न आकर्षित रहेको

### ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

二. गर्भदेखि चारवर्षसम्मको उमेर समूहकाबालवालिकालाई पोषण, सुरक्षा र विकासका लागि अभिभावकहरुलाई सहयोग र सचेत गराउने।

三. प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर सुनिश्चित गर्नु।

四. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु।

五. प्रारम्भिक बालविकास शिक्षकहरुको पेशागत क्षमता विकास गर्नु ।

### ३.१.३ रणनीतिहरु

योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छनः

一. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकासमा भर्ना गर्ने।

二. प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने।

三. नमूना बालविकास केन्द्र स्थापना गर्ने।

四. प्रारम्भिक बालविकास र शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने।

五. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धि का लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयवीच सहकार्य गर्ने।

六. बालविकास शिक्षकमा महिलालाई प्राथमिकता दिने।

七. बालविकास शिक्षकको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने।

八. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने।

九. बालविकास शिक्षामा भर्ना गर्दा जन्मदर्तालाई अनिवार्य गर्ने।

十. सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री तथा छापामय कक्षाकोठा व्यवस्थापन गर्ने।

十一. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने।

十二. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसस्था निजीक्षेत्र र समुदायलाई जिम्मेवार बनाउने।

十三. अनाथ, असहाय, विपन्न र लक्षित वर्गका बालबालिकालाई बालविकास शिक्षाको पहुँचमा ल्याउन सहयोग गर्ने।

十四. एकीकृत सेवा जस्तैः खोप, पोषण, शिक्षा, संरक्षण तथा समुदायको सहभागितासहित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा सहयोग गर्ने।

十五. पोषण र बालअधिकार बारे अभिभावकहरुलाई सचेत गराई पहुँचमा सुनिश्चितता गर्ने।

**३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**उपलब्धि**

一. चार वर्ष उमेरका सबै बालबालिकाहरु प्रारम्भिक बालशिक्षामा भर्ना भएका हुने छन्।

二. प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० प्रतिशत पुगेको हुनेछ।

三. प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन भएको हुने छ।

四. प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालवालिकाहरु १०० प्रतिशत पुगेका हुने छन्।

五. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा स्थानीय सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार हुनेछन्।

六. सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री तथा छापामय कक्षाकोठा व्यवस्थापन भएका हुने छन्।

七. नमूना बालविकास केन्द्र स्थापना भएका हुने छन्।

八. बालविकास शिक्षकको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन भएका हुने छन्।

九. बालविकास केन्द्रहरुको प्रभावकारी सुपरीवेक्षण, नियमन तथा प्राविधिक सहायताको संयन्त्र स्थापना भएको हुने छ।

十. पोषण र बालअधिकार बारे सबै अभिभावकहरु सचेत भएका हुनेछन्।

**नतिजा**

| क्र.स. | सूचक | आधार वर्ष (२०८२) | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कुल भर्ना दर | ८१.४ | ८८ | ९१ | ९४ | ९६ | १०० |
| २. | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रको संख्या | २ | १० | १५ | २० | २५ | ३१ |
| ३. | नमूना बालबिकास केन्द्रको संख्या | १ | २ | ४ | ५ | ६ | ८ |
| ४. | क्षमता विकास तालिम लिएका बालविकास शिक्षकको संख्या | २ | ५ | १० | २० | २५ | ३१ |
| ५. | बालविकास केन्द्रका बालमैत्री तथा छापामय कक्षाकोठा संख्या | ३ | ७ | १३ | २० | २७ | ३१ |
| ६. | बालविकासमा महिला शिक्षकको संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ७. | बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालवालिकाहरुको भर्ना दर | ९६ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | पोषण र बालअधिकार बारे सबै सचेत अभिभावकहरुको संख्या (प्रतिशत) | ४० | ६० | ८० | ८५ | ९० | ९५ |

### ३.१.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | शिक्षक क्षमता विकास तालिम सञ्चालन | २ | ८ | १० | ५ | ५ | ३० | ३० | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रहरु स्थापना | १.५ | २ | ३ | ३.५ | ४ | १४ | १४ | |
| ३ | बालविकास केन्द्रका बालमैत्री तथा छापामय कक्षाकोठाको निर्माण | १.५ | २ | ३ | ३.५ | ४ | १४ | १४ | |
| ४ | सहयोगी कार्यकर्ताहरूलाई बालमैत्री तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विद्यालय भर्ना अभियान कार्यक्रम | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | २.५ | |
| ६ | प्रविधिमैत्री शैक्षिक सामग्रीहरुको व्यवस्थापन | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | |
| ७ | नमुना बालविकास केन्द्र स्थापना | २ | २ | ४ | ० | ८ | १६ | १६ | |
| ८ | पोषण र बालअधिकार बारे अभिभावक सचेतना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | आर्थिक रुपमा विपन्न तथा शारीरिक रुपमा अशक्त बालबालिकाहरका अभिभावकहरुलाई आयमूलक सिप तथा रोजगारको व्यवस्था मिलाउने। | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | १ | |
| जम्मा | | १२.७ | १९.७ | २२.७ | १७.७ | २६.७ | १०० | १०१ | |

### ३.२ आधारभूत शिक्षा

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सीप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरु अभिव्यक्त गर्न र समिजमा घुलमिल तथा आफुलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकिकरणमा सहज बनाउने प्रारम्भिक वालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधान २०७२ को धारा ३१ मा र शिक्षा ऐन, २०२८ ले समेत आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ। हाल आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ। शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिवद्धताको कमि रहेको र गरीएका प्रतिवद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैन। एकातर्फ निर्दिष्ट सिकाईलाई मात्र स्तरीय मान्ने र अर्कोतर्फ कागजि काम कार्वाहिलाई मात्र आफ्नो जिम्मेवारी र दायीत्व सम्झने विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा विज्ञान उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्धेश्यमा केन्द्रित रहि यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी १० वर्षभित्रका विभिन्न क्रियाकलापहरु यस योजनामा समावेश गरिएको छ।

#### ३.२.१ वर्तमान अवस्था

सुर्नया गाउँपालिकामा शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-८) मा जम्मा ३३२२ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन। यस गाउँपालिकाको वर्तमान अवस्था हेर्दा आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर ९५.३ प्रतिशत, कूल भर्ना दर १२९.३ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या ९६ प्रतिशत रहेको छ। विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री र वातावरणमैत्री पूर्वाधार र सिकाइ सक्षमता भएका विद्यालयहरुको संख्या न्यून भएकोले सो संख्या बढाउनु पर्ने देखिन्छ। यस तहका सबै विद्यार्थीहरु स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमबाट लाभान्वित भएका छन्। आधारभूत तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु आवश्यक छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक छ। शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु पर्ने छ। उल्लेखित विश्लेषणका आधारमा आधारभूत शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन।

१. आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरुको शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गर्नु।
२. आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्नु।
३. आधारभूत तहको शैक्षिक गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिको वृद्धि गर्नु।
४. खुद भर्ना दर शत प्रतिशत पुर्याउनु, कक्षा दोहोर्याउने र छोड्ने दर शून्यमा झार्नु।
५. लैङ्गिक समता कायम गर्नु।
६. बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री र वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्नु।
७. शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउनु।
८. पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणालीको प्रभावकारीता वृद्धि गर्नु।
९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्नु र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउनु।
१०. शैक्षिक सुशासन तथा जवाफदेहिताको प्रत्याभूति गर्नु।

#### ३.२.२ उद्देश्य

一 अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

二 आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु।

三 आधारभूत शिक्षामा शैक्षिक गुणस्तर सुनिश्चित गर्नु।

四 आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित बनाउनु।

#### ३.२.३ रणनीतिहरु

一. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने।

二. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण संकलन गरि पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।

三. विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दर घटाउने र खुद भर्ना दर तथा तह पूरा गर्ने दरमा वृद्धि गर्न बालबालिकाहरुको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने।

四. सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त दरबन्दीको मिलान तथा पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु, विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने।

五. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम तथा अभिभावक शिक्षा सञ्चालन गर्ने।

六. विद्यालयमा खानेपानी, शौचालय र सरसफाइका संरचनाहरु तथा दिवा खाजा पकाउने भान्साकोठाहरु निर्माण तथा व्यवस्थापन गर्ने।

七. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रमहरु सञ्चालन गर्ने।

八. विद्यालयहरूमा प्रविधिमैत्री, सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरण तयार गर्ने।

九. प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने।

十. बालबालिकाको पढाइ सीपको विकास गर्न पढाई मेला कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्ने ।

十一.आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि वनाउने ।

十二.शिक्षकहरुका लागि शिक्षण विधि र प्रविधि सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

十三.कार्य सम्पादनका आधारमा शिक्षकहरुलाई प्रोत्साहन प्रदान गर्ने ।

十四.आवश्यकताका आधारमा आधारभूत विद्यालयहरुमा भौतिक सुविधा विस्तारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

十五.विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्ने ।

十六.स्थानीय भाषा, कला, संस्कृति, सभ्यताको जगेर्ना, जीवनोपयोगी सिप, व्यावहारिक सिप र मूल्यमा आधारित शिक्षाको विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने ।

十七.प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाई सोको कार्यान्वयन गर्ने ।

十八.विद्यालय शिक्षालाई प्रकोप संकट, माहामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरि कार्यान्वयन गर्ने ।

十九.विद्यालयमा बाल उद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण आदिजस्ता कार्यक्रम सञ्चालन गर्ने ।

**३.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित भएको हुने छ ।
२. आधारभूत तहको खुद भर्नादर सत प्रतिशत पुगेको हुने छ ।
३. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ ।
४. आधारभूत तहमा विद्यालय छोड्ने दर र कक्षा दोहोर्याउने दरमा कमि आइ कक्षा उत्तीर्ण दर शत प्रतिशत पुगेको हुनेछ ।
५. विद्यालयहरूमा बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित भौतिक पूर्वाधार विकास भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या (प्रतिशतमा) | १.७१ | १.५ | १.४१ | १.२ | १ | ० |
| २. | आधारभूत तह (प्राथमिक कक्षा १-८ ) मा तालिम प्राप्त शिक्षकको संख्या (प्रतिशतमा) | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० |
| ३. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पुरा गरेका आधारभूत तहका विद्यालयको संख्या (प्रतिशतमा) | ५२ | ६१ | ७२ | ८७ | ९५ | १०० |
| ४. | प्र.अ., वि. व्य. स. र शि.अ.सं. को क्षमता विकासका कार्यक्रम सञ्चालन भएको संख्या (प्रतिशतमा) | ६१ | ६५ | ७४ | ८८ | ९७ | १०० |
| ५. | कक्षा उतीर्ण दर (प्रतिशतमा) | ८५ | ९१ | ९३ | ९५ | ९७ | १०० |
| ६. | बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित भौतिक पूर्वाधार भएको विद्यालय संख्या (प्रतिशतमा) | १० | ५० | ६५ | ८० | ९१ | १०० |
| ७ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरि सोको कार्यान्वयन गर्ने विद्यालय संख्या (प्रतिशतमा) | ८० | ८५ | ९० | ९५ | ९७ | १०० |
| ८ | विपद् उत्थानशील योजना बनाई कार्यान्वयन गर्ने विद्यालय संख्या | १० | ५५ | ६४ | ७५ | ९१ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (प्रतिशतमा) | | | | | | |
| ९ | बाल उद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने विद्यालय संख्या (प्रतिशतमा) | १५ | ५० | ६५ | ८० | ९५ | १०० |

**३.२.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | भर्ना अभियान | ३.८ | ३.८ | ३.८ | ३.८ | ३.८ | १९ | १९ | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | २० | ८० | ३० | ३० | २० | १८० | १८० | |
| ३ | सिकाइ उपलब्धि परीक्षण | २ | ०.४ | ०.४ | ०.६ | ०.४ | ३.८ | ३.८ | |
| ४ | बिषयगत क्षमता विकास | ३.५ | ०.२ | ०.२ | ०.२ | ०.२ | ४.३ | ४.३ | |
| ५ | परीक्षा व्यवस्थापन | १० | १२ | १४ | १६ | २० | ७२ | ७२ | |
| ६ | सरोकारवालाहरु पदाधिकारीको क्षमता विकास | ६ | ०.५ | १ | १.३० | १.३० | १०.१ | १०.१ | |
| ७ | छात्रछात्राहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ८ | पढाई मेला सञ्चालन | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | बाल उद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण कार्यक्रम | १.५ | ३.३ | ३.३ | ३.३ | ३.३ | १४.७ | १४.७ | |
| १० | विद्यालय विपद् उत्थानशील योजना निर्माण | १ | १.५ | १.५ | १ | १.५ | ६.५ | ६.५ | |
| जम्मा | | ५२.८ | १०६.७ | ५९.२ | ६१ | ५५.५ | ३३५.२ | ३३५.२ | |

## ३.३ माध्यमिक शिक्षा

अनिवार्य आधारभूत शिक्षाअन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची र क्षमताअनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आयआर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। यिनै कुराहरूलाई ध्यानमा राखेर सुर्नया गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई निशुल्क, प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री र समावेशी गराउने नीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

सुर्नया गाउँपालिकामा शैक्षिक सत्र २०८० सम्ममा कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु १० र १-१० सम्मका ३ गरी जम्मा १३ रहेका छन् । माध्यमिक तहको लैङ्गिक समता सुचकाङ्क ०.९८ रहेको छ । यस तहमा शैक्षिक सत्र २०८१ मा जम्मा १४३६ जना विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेका छन । सुर्नया गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तह कक्षा ९-१२ को खूद भर्ना दर ६१.७ प्रतिशत , कूल भर्ना दर ७८.७ प्रतिशत रहेको छ । यस स्थानीय तहमा २ वटा प्राविधिक माध्यमिक विद्यालय रहेका छन् । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्रधानाध्यापकको लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु पर्याप्त रूपमा सञ्चालन गर्न सकिएको छैन । विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ । राम्रो नेतृत्व भएको प्रध्यानाध्यापकको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि पर्याप्त छैनन् । उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन् ।

一. माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्न ।

二. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्न ।

三. कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउन ।

四. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्न ।

五. सिकाइको गुणस्तर सुधार गरी सिकारु सिकाइमा सुधार ल्याउन ।

六. शिक्षकको पेशागत वृत्ति विकास गर्न ।

七. विषयगत शिक्षक दरवन्दिको व्यवस्थापन गर्न ।

八. सामुदायिक र संस्थागत विद्यालयबीच रहेको शैक्षिक गुणस्तरको अन्तर कम गर्न ।

九. विद्यालय शिक्षामा संघ, प्रदेश र स्थानीय तहको साझा तथा विशिष्टिकृत भूमिका सुस्पष्ट ढंगले परिभाषित गर्न ।

十. विद्यालयमा न्यूनतम भौतिक तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्न ।

**३.३.२ उद्देश्यहरु**

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

一 माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

二 माध्यमिक शिक्षामा खुद भर्नादर तथा टीकाउ दर बढाउनु ।

三 निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु ।

四 विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ।

五 प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी स्वरोजगार,उद्यमशील र देश निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन गर्नु ।

六 उच्च शिक्षा अध्ययनका लागि योग्य तथा र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु ।

七 माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

**३.३.३ रणनीतिहरू**

१. जोखिममा परेका विपन्न, दलित तथा अन्य विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न सिकाइ सामग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
२. कक्षा दोहोऱ्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरूको सङ्ख्यालाई क्रमशः न्यूनीकरण गर्न उपचारात्मक शिक्षण अपनाइनेछ ।
३. प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यूनतम भौतिक व्यवस्था, भवन, शौचालय, खानोपानीको व्यवस्था गर्न प्रदेश तथा संघीय सरकारहरूसँग पनि समन्वय गरिने छ ।
४. भौतिक निर्माणको कार्यलाई आफ्नो विद्यालय आफैं बनाऔं भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइनेछ ।
५. आन्तरिक विद्यार्थी मूल्याङ्कनको प्रयोग मार्फत मूल्याङ्कनलाई सिकाइ सुधारको औजार बनाइनेछ ।
६. शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिनेछ ।
७. शिक्षकलाई शिक्षण सुधार योजना अनिवार्य गरिनेछ ।

८. विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई शिक्षणमा प्राथमिकता दिइनेछ।

९. लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधियुक्त शिक्षण सिकाइलाई उच्च प्राथमिकता प्रदान गरिने छ।

१०. शिक्षकले कक्षाकोठामा बिताउने समय सम्बन्धि कार्यविधि कार्यान्वयनमा ल्याइनेछ।

११. माध्यमिक तहमा साधारण धारको अतिरिक्त प्राविधिक तथा व्यवसायिक धारलाई समेत सञ्चालन गरिनेछ।

### ३.३.४ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (९-१२) मा खुद भर्ना दर | ६१.७ | ७० | ७५ | ८० | ८५ | १०० |
| २ | माध्यमिक तह (११-१२) मा कुल भर्ना दर | ७८.७ | ८१ | ८५ | ९० | ९५ | १०० |
| ३ | विषयगत क्षमता विकास तालिम प्राप्त गर्ने शिक्षक (प्रतिशतमा) | २० | ३० | ४० | ५० | ६० | १०० |
| ४ | न्युनतम सिकाइ सवलिकरण मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय संख्या | १ | ३ | ३ | ५ | ७ | १३ |
| ५ | शिक्षण सुधार योजना निर्माण गरि कार्यान्वयन गर्ने शिक्षक संख्या (प्रतिशतमा) | २१ | ३६ | ५० | ६० | १०० | १०० |
| ६ | पढाई तथा शैक्षिक मेला सञ्चालन | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालय विपद् उत्थानशील योजना निर्माण गर्ने विद्यालयको संख्या | १ | ३ | ४ | ३ | १ | १३ |
| ८ | विद्यालय सुधार योजना निर्माण गरि पूर्ण कार्यान्वयन गर्ने विद्यालय संख्या | १ | ३ | ४ | ३ | १ | १३ |
| ९ | बाल उद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण (घेरबार) कार्यक्रम सञ्चालन गर्ने विद्यालय संख्या | १ | ३ | ४ | ३ | १ | १३ |

### ३.३.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | भर्ना अभियान | २.६ | २.६ | २.६ | २.६ | २.६ | १३ | १३ | संघ, प्रदेश, स्थानीय |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | ८८ | १३२ | १३३ | १३२ | ८८ | ५७२ | ५७२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सिकाइ उपलब्धि परीक्षण | १.५ | १.५ | २ | १.५ | १.५ | ८ | ८ | सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| ४ | बिषयगत क्षमता विकास | १.५ | १.५ | १.५ | १.५ | २ | ८ | ८ | |
| ५ | परीक्षा व्यवस्थापन | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.२ | २.६ | २.६ | |
| ६ | सरोकारवालाहरु पदाधिकारीको क्षमता विकास | १.२ | १.२ | १.२ | १.२ | १.२ | ६ | ६ | |
| ७ | छात्रछात्राहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धि अभिमुखीकरण तथा सूचना केन्द्र स्थापना र सुदृढिकरण | १.३ | १.५ | १.५ | १.३ | १.३ | ६.९ | ६.९ | |
| ८ | पढाई मेला तथा शैक्षिक सम्मेलन सञ्चालन | ६.५ | ६.५ | ६.५ | ६.५ | ६.५ | ३२.५ | ३२.५ | |
| ९ | बाल उद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण कार्यक्रम | ४० | ६० | ६० | ६० | ४० | २६० | २६० | |
| १० | विद्यालय विपद् उत्थानशील योजना निर्माण | ०.६ | ०.६ | ०.६ | ०.४ | ०.४ | २.६ | २.६ | |
| जम्मा | | १४३.८ | २०८ | २०७.९६ | २०७.६ | १४३.७ | ९११.०६ | ९११.०६ | |

### ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

**''शिक्षा विकासको ढोका हो भने प्राविधिक तथा व्यवसायिक शिक्षा विकासको मुल ढोका हो-'' UNESCO**

शिक्षालाई उत्पादनसँग जोडी प्रयोगात्मक कार्यको माध्यमबाट ज्ञान हासिल गरी श्रम बजारमा खपत हुने नागरिक उत्पादन गर्ने काम प्राविधिक शिक्षाले गर्दछ । यो शिक्षा समाज र समग्र मुलुकको समृद्धिसँग जोडिएको हुन्छ । त्यसैले पनि हाम्रो जस्तो बसी बसी खानलाई पढ्नु पर्छ भन्ने मानसिकता बोकेका समाजमा गरीखाने शिक्षालाई प्राथमिकता दिएर कार्यान्वयन नगर्दासम्म मुलुकको समुन्नति सम्भव देखिदैन । सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारलाई उच्च प्राथमिकता राखेर स्थानीय तहसम्म यसको पहुँच विस्तार गरी सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगारीको विकास गराउन सहयोग गर्नु पर्दछ । त्यसैले प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास आजको आवश्यकता हो । प्राचीन कालदेखि नै अनौपचारिक रूपमा सिकेका सिपलाई उपयोग गर्दै व्यवसाय गरेको पाइन्छ । लिच्छवी काल, मल्लकाल तथा राणाकालमा विभिन्न कार्य गर्दै विदेशमा समेत नेपालमा उत्पादित सामग्री व्यापकता तथा तालिम लिनसमेत विदेश पठाउने कार्य गरेको थियो । राणाकालीन तथा शाहकालीन समयमा पनि कालीगडी व्यवसायले व्यापकता पाएको र वेलायतबाट कालीगडहरू झिकाइ नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो । औपचारिक रूपमा स्थापित प्राविधिक तथा व्यावसिक शिक्षाको सुरूवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय हाल इन्जिनियरिङ्ग कलेजबाट भएको थियो । नेपालमा विद्यालय शिक्षालाई जीवनोपयोगी बनाउने उद्धेश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै सुरू भएको हो।

शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खाने सक्ने आधारभूत व्यावसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरूरी छ। माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यावसायिक र उद्यमशीलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी बन्न सक्ने हुनुपर्छ । अहिलेको मुलुकमा जनसङख्याको २८.६ % बहुआयामिक गरीबीको मारमा परेका छन । यसको प्रमुख कारण देशमा उपलब्ध मानव संशाधनको व्यवस्थापन र विकासका लागि योजनाबद्ध रूपमा काम हुन नसक्नुलाई लिन सकिन्छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताको आधारमा सिप नक्साङ्कन गरी तोकिएको मापदण्डको आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ भन्ने कुरा अघि सारेको छ । त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानकेन्द्रहरू स्थापना गरिनेछ भनि उक्त नीतिमा उल्लेख गरिएको छ । नेपालको आवधिक योजनाहरूले पनि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकास साझेदारहरुसँगको सहकार्यमा शिक्षा र तालिमका अवसरहरू विस्तार गरिनेछ रणनीति लिइएको पाइन्छ । जीवनोपयोगी शिक्षा र सिपमूलक तालिमलाई मानवीय क्षमता र दक्षता अभिबृद्धि गर्ने सामाजिक तथा आर्थिक रूपान्तरणको आधारशिला मानिएको छ। राष्ट्रिय योजना आयोगले मुलुकलाई राष्ट्रिय श्रम बजारलाई लक्षित गरी प्राविधिक शिक्षा तथा तालिमका कार्यक्रमहरूको विस्तार गरी आवश्यकता भएका इन्सिच्युटहरू खोल्ने, शिक्षालय, तालिमकेन्द्रहरू स्थापना गरी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अख्तियार गरेको छ। प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरूमा द्धन्द्ध पीडित, सहिद परिवार, पछाडि पारिएका वर्ग, आदिवासी, जनजाति, मुसलमान, महिला र पिछडिएका क्षेत्रलाई प्राथमिकता राखी प्राविधिक शिक्षा र घुम्ति तालिमहरू सञ्चालन गर्ने कार्यक्रम राज्यले अगाडि सारेको छ ।

#### ३.४.१ वर्तमान अवस्था:

नेपालको संविधान धारा-३० मा रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, धारा ५१ को ज (१) मा शिक्षालाई वैज्ञानिक प्राविधिक,व्यवसायिक,सिपमूलक,रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम राष्ट्रप्रति समर्पित जनशक्ति तयार गर्ने,यस्तै शिक्षा २०२८ (संशोधनसहित) ले विद्यालय शिक्षालाई प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म परिभाषित गरी माध्यमिक शिक्षा ९-१२ मा प्राविधिक र व्यवसायिक धारको व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले श्रमप्रतिको सम्मान एवं सकारात्मक सोच भएका रोजगार तथा स्वरोजगार उन्मूख उत्पादनमुखी,उद्यमशील र सिपयुक्त नागरिक तयार गरिनेछ भन्ने उद्देश्य राखी थप एक वर्ष अवधिको प्राविधिक र व्यवसायिक धार तर्फ व्यवहारिक अभ्यास व्यवस्था गरेको छ । विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका २०६९ (दोस्रो संशोधन) कार्यमूलक, व्यवहारिक प्राविधिक तथा व्यवसायिक सिपयुक्त जनशक्ति उत्पादन गरिनेछ भन्ने कुरा उल्लेख गरिएको छ । पन्ध्रौं योजनाले पनि शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभुत गरी आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क गरिनेछ र शिक्षालाई रोजगारीमूलक बनाउने सिपमुलक तथा व्यवसायिक शिक्षाको विस्तार गरी लगानीमा वृद्धि गरी प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गरिने कुरामा जोड दिएको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७८ मा प्रकाशित तथ्याङ्कलाई हेर्दा केही समय यता प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूको सङख्यात्मक रूपमा निकै विस्तार भएको छ । CTEVT को केन्द्रको संरचना र ७ ओटा प्रदेश कार्यालयहरू बाहेक ६१ ओटा आङ्गिक पोलिटेक्निक्स, २० ओटा साझेदारीमा सञ्चालित पोलिटेक्निक्स शिक्षालयहरू, ५६३ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२१ ओटा सम्बन्धन प्राप्त नीजि शिक्षालयहरू र ११४० ओटा छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरू देश भरि विस्तार गरिएका छन ।

नेपालमा हाल विभिन्न १२ ओटा विषयगत मन्त्रालयहरूले प्राविधिक शिक्षा र सिपमूलक तालिमसँग सम्बन्धित रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन । जसमध्ये पनि ६ ओटा मन्त्रालयहरू (कृषि तथा पशपन्क्षि विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा विज्ञान तथा प्रविधि र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा वाणिज्य) ले मुख्यरूपमा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ ।

सुर्नया गाउँपालिका अन्तरगत वडा नं २ र वडा नं. ४ मा CTEVT अन्तर्गत १८ महिने JTA अध्ययनका लागि अनुमति लिएको भएपनि विद्यार्थहरुको अभावका कारण पठनपाठन हुन नसकेको स्थिति एकातिर छ भने अर्कोतिर पन्ध्रौं योजनाको दीर्घकालीन सोचःसमृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार वनाउन विद्यालय तह देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नुपर्ने देखिन्छ । प्राविधिक ज्ञान सिक्ने आधार शिक्षा आजको आवश्यकता हो । अबको शिक्षा गरेर खाने शिक्षा हो, त्यसैले विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको अपरिहार्य आवश्यकता रहेको छ ।

**चुनौतीहरू**

— . आजको पुस्तालाई कामको संसारसित जोड्नु ।

二. प्राविधिक शिक्षामा सबैको पहुँच विस्तार गर्नु।

三. गुणस्तर सुनिश्चितता गर्नु।

四. व्यक्ति, संस्था र पद्धतिको विकास तर्फ कम ध्यान गई क्षमता विकासका कार्यक्रमहरूको सञ्चालन गर्नु।

五. स्रोत साधनको व्यवस्थापन।

六. शिक्षणको माध्यम अंग्रेजी भएकोले सबैलाई पहुँच योग्य बनाउनु।

七. विद्यार्थी मूल्यांकनमा On the Job Training को प्रभावकारी व्यवस्था गर्नु।

八. दिगो शिक्षक व्यवस्थापन गर्नु।

九. अनुगमन मूल्यांकन प्रणालीको विकास गर्नु।

十. श्रोत व्यवस्थापन र दिगोपनाको विकास गर्नु।

十一. लगानीको अभिबृद्धि गर्नु।

十二. अध्ययन अनुसन्धानको कार्यमा लाग्न स्रोतको व्यवस्थापन गर्नु।

**३.७.२ उद्धेश्य**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु।

二. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा अवसरको सृजना गर्न संयन्त्रको विकास गर्नु।

三. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरुलाई सान्दर्भिक उपयोगी र गुणस्तरीय बनाउनु।

**३.४.३ रणनीतिहरू**

१. सुर्नया गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गरिनेछ।

२. प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालय तथा शिक्षालयहरुको प्रभावकारिताको निरन्तर अनुगमन गरिनेछ।

३. प्रभावकारी अनुगमन र सहयोग प्रणालीको विकास सबै निकायहरूसँग समन्वय र सहकार्यको संस्कृति विकास गरिनेछ।

४. प्राविधिक शिक्षामा अवसर दिन पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष अवसर दिने नीति अवलम्बन गरिनेछ।

५. प्रयोगात्मक पक्षलाई बढी जोड दिनका लागि आवश्यक सामग्री तथा उपकरणहरूको व्यवस्था गरिने छ।

६. सुविधा सम्पन्न प्रयोगशाला स्थापना र सञ्चालनका साथै फिल्डका कार्यमा जोड दिइने छ।

७. अपायक विद्यार्थीहरूका लागि छात्रावासको व्यवस्था गरिनेछ।

८. प्रशिक्षक तथा सहायक प्रशिक्षकको क्षमता अभिवृद्धिको लागि तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ।

९. उत्पादित जनशक्तिलाई रोजगारीको अवसर सिर्जना गर्न पहल गरिनेछ।

१०. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागीता र स्थानीय सरकारको अपनत्व लगानी वृद्धि गरिनेछ।

११. आय आर्जन गरिने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने।

१२. सुर्नया गाउँपालिकामा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपप्रदायक संस्थाहरुको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गरिनेछ।

१३. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

१४. On the-job training लाई उधमशीलतासित जोडिनेछ।

१५. CTEVT अन्तर्गतका सम्बन्धन प्राप्त २ वटा विद्यालयको सम्बन्धन खारेज गरी कम्तिमा पाँच वर्ष भित्र २ वटा विद्यालयलाई शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट ९-१२ को प्राविधिक तथा व्यवसायिक कक्षा सञ्चालन गर्नेगरी सम्बन्धन प्राप्त गर्न पहल गरिनेछ।

**३.४.४ नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. On-the-job training कार्यक्रम उधमशीलता सँग जोडिएको हुनेछ छ।

二. खोज नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धी भएको हुनेछ।

三. प्रभावकारी अनुगमन र सहयोग प्रणालीको विकास सबै निकायहरूसँग समन्वय र सहकार्यको संस्कृति विकास भएको हुनेछ ।

四. उत्पादनशील,रोजगारी,स्वरोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि भएको हुनेछ।

五. डिलासैनी गाउँपालिकाबाट उत्पादित जनशक्ती दक्ष र गुणस्तरीय जनशक्ति भएको हुनेछ।

六. प्राविधिक शिक्षामा सबै वर्ग, क्षेत्र र समुदायको सहभागीता वृद्धि भएको हुनेछ ।

七. प्राविधिक शिक्षाको लागि उपयुक्त सुविधा सम्पन्न प्रयोगशाला तथा कक्षाकोठा निर्माण भएको हुनेछ।

八. प्राविधिक शिक्षामा लगानी वृद्धि भएको हुनेछ ।

九. तालिम प्राप्त प्रशिक्षक तथा शिक्षकको व्यवस्था भएको हुनेछ ।

十. प्राविधिक शिक्षामा थप अन्य विधा विस्तार भएको हुनेछ ।

十一. कम्तिमा २ वटा माध्यमिक विद्यालय (९-१२) मा प्राविधिक तथा व्यवसायिक कक्षा सञ्चालन गर्नेगरी शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट सम्बन्धन प्राप्त गरेका हुनेछन्।

**३.४.४ नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय संख्या | १ | १ | १ | १ | २ | ४ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | ४८ | ९६ | १४४ | २४० | ३३६ | ६७२ |
| ३ | आय आर्जन गर्दै सिपमूलक शिक्षा प्रदान गर्ने विद्यालय संख्या | १ | १ | १ | १ | २ | ४ |
| ४ | छात्रवासको व्यवस्था भएका विद्यालय संख्या | १ | १ | १ | १ | २ | ४ |
| ५ | प्रशिक्षक व्यवस्थापन | २ | ४ | ४ | ६ | ६ | ८ |
| ६ | छात्रवृत्ति कार्यक्रम | ५ | १० | १५ | २० | २५ | ५० |

**३.४.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | प्राविधिक धारका विद्यालय स्थापना र सञ्चालन | २० | १० | ५ | २५ | १५ | ७५ | ७५ | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालहरूको भौतिक पूर्वाधार विकास | १० | १० | ५ | १५ | १५ | ५५ | ५५ | |
| ३ | प्रशिक्षक व्यवस्थापन | १३ | २६ | २६ | ३९ | ५२ | १५६ | १५६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | छात्रबासको निर्माण तथा व्यवस्थापन | ५० | - | - | ५० | - | १०० | १०० | गैर सरकारी संघ संस्थाहरू |
| ५ | छात्रवृत्ति कार्यक्रम | ०.५ | १ | १ | १.५ | १.५ | ५.५ | ५.५ | |
| ६ | छोटा अवधिका सिपमूलक तालिम सञ्चालन | १ | १ | १ | १ | १ | ५ | ५ | |
| जम्मा | | ८४.५ | ४८ | ३८ | १३१.५ | ८४.५ | ३९१ | ३९१ | |

**३.५. अनौपचारिक तथा आजिवन सिकाइ**

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गरिने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा एवम् आजीवन शिक्षा ले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिनु राज्यको दायित्व हो । अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ । जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयनमा आएको छ । तर एकातिर संचालनमा रहेका सिकाइ केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरु पनि निरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेको देखिन्छ । राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरु बन्द हुने अवस्थामा देखिन्छन् । दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षा मञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गरिने विषयमा नेपालले प्रतिबद्धता जाहेर गरेको छ । तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरुका लागि जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व राज्यमा रहेको छ ।

वि.सं.२००७ सालमा नेपालमा आधुनिक प्रजातान्त्रिक युग सुरु हुँदा कुल जनसंख्याको झन्डै २ प्रतिशत मात्रै नागरिकहरु साक्षर थिए । प्रजातन्त्रको आगमनसँगै नेपालमा शैक्षिक जागरणको शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षाको साथै अनौपचारिक शिक्षालाई के कसरी अगाडि बढाउनु पर्छ भन्ने बारेमा युगानुकुल सुझाबहरु दिएको थियो। उक्तप्रतिवेदन प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरे पछि वि. सं. २०१३ सालदेखि योजनावद्ध रुपमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो ।

विश्व-व्यापीकरण, तीव्र सहरीकरण र बसाइसराइ, सूचना-प्रविधिको क्षेत्रमा भएको क्रान्तिले विश्वको हरेक मुलुक र समाजमा तीव्र परिवर्तनहरु भइरहेका छन् । बालबालिका र युवाको लागि मात्र हैन प्रौढ र ज्येष्ठ नागरिकका लागि पनि निरन्तर सिकिरहने व्यवस्था र वातावरणको जरुरत पर्दछ । संयुक्त राष्ट्रसंघको युनेस्को लगायत अन्य अन्तरराष्ट्रिय संस्थाहरुले पनि दीगो विकासको लक्ष्य प्राप्तिको रणनीतिमा आजीवन सिकाइलाई महत्वकासाथ प्रस्तुत गरेका छन् । युनेस्कोले अघि सारेको परिभाषा र व्याख्या अनुसार आजीवन सिकाइको अवधारणा लोकतन्त्र, मानवीय र मानव मुक्तिको मूल्य मान्यतामा आधारित रहेको छ । सुखी र खुशी जीवनयापनका लागि सिक्ने प्रक्रिया जीवनभर चलिरहनु पर्छ । हरेक उमेर समूहका मानिसहरु सिकाइ प्रक्रियामा संलग्न भइरहनु पर्छ र घरपरिवार, कार्यथलो, विद्यालय, समुदाय र हरेक सामाजिक स्थानमा सिकाइ प्रक्रिया हुनसक्छ ।

आजीवन सिकाइ एउटा छुट्टै विधि होइन यो त समग्र शिक्षा प्रणालीलाई मार्ग निर्देशन गरिने सिद्धान्त हो । बाल शिक्षा, आधारभूत शिक्षा हुदै माध्यमिकदेखि उच्च शिक्षासम्म पुग्ने क्रममा हरेक व्यक्तिलाई आजीवन कसरी सिकी रहने भन्ने ज्ञान र सीप प्रदान गर्नु जरुरी हुन्छ । त्यसैले अतिरिक्त, अनौपचारिक र औपचारिक सबै माध्यमबाट आजीवन सिकाइको अभ्यासलाई सुदृढ तुल्याउनु जरुरी छ । मानव जीवनलाई सहज, उन्नत र सुखी तुल्याउनु नै आजीवन सिकाइको मुल ध्येय हो ।

**३.५.१ वर्तमान अवस्था**

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुल्ला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका आपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भएपछि शिक्षा क्षेत्रको पुनःसंरचना हुँदा साविकको अनौपचारिक शिक्षा केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एउटा शाखामा सीमित हुन पुगेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र सो अन्तर्गत शैक्षिक योजना तथा अनुसन्धान शाखा रहे पनि उक्त शाखाको कार्यविवरणमा अनौपचारिक तथा आजीवन सिकाइसँग सम्बन्धित विषय समावेश छैन । स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्य विवरणमा यस सम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता प्राप्त गरेको देखिदैन । यसरी हेर्दा शिक्षा क्षेत्रको एउटा सिङ्गै पाटोको रुपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न त व्यक्तिगत रुपमा न त संस्थागत र प्रणालीगत रुपमा नै क्षमता विकास गरिने विषयले महत्व पाएको देखिन्छ । विगत १ दशक भन्दा बढी अवधिदेखि साक्षरतालाई अभियानका रुपमा सञ्चालन गर्दा समेत अझै २४ जिल्ला साक्षर घोषणा हुन बाँकी रहेका छन् । सबै युवाहरुका लागि खुल्ला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन । अनौपचारिक शिक्षा नीति र खुल्ला तथा दूर शिक्षा नीतिले परिकल्पना गरेको उपलब्धि हासिल गर्न सकिएको छैन । सामुदायिक सिकाइ केन्द्रहरुलाई अपेक्षित रुपमा सुदृढीकरण गर्न सकिएको छैन । त्यसैगरी आश्यकता अनुरुप आजीवन सिकाइका अवसरहरु विस्तार गर्न सकिएको छैन । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापन (संरचना, लगानी, अपनत्व आदि) को जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिदैन र आवधिक रुपमा शैक्षिक सर्वेक्षण गरिने व्यवस्था गर्न नसकिएकाले साक्षरता सम्बन्धी तथ्याङ्कका लागि पनि राष्ट्रिय जनगणनाको प्रक्षेपणमा भर पर्नु पर्ने अवस्था रहेको छ । यस सुर्नया गाउँपालिकामा हाल अनौपचारिक शिक्षा संचालन गर्न १ वटा सामुदायिक सिकाइ केन्द्र संचालित भए पनि प्रभावकारी रुपमा सञ्चालनमा आउन सकेको छैन ।

**अवसर र चुनौती**

一. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्न ।

二. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ लगायत आजीवन शिक्षा तथा समकक्षताको व्यवस्था गर्न ।

三. सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष सिकाइ अवश्यकत्ता सम्बोधन गर्न सक्ने बनाउन ।

四. साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन।

五. साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई दैनिक व्यवहारसँग जोडन।

六. साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरुले सिकेको ज्ञान र सीपलाई रोजगारसँग जोडनु साथै सीपको प्रमाणपत्र रोजगारको अवसरसँग जोड्न।

七. साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु गैर सरकारी र समुदायमा आधारित संस्थाहरुले संचालन गर्न छाड्न।

八. साक्षर गाउँपालिका घोषणा गर्दा साक्षर भएको जनसंख्या लगभग ९५ प्रतिशत रहेको तर उनीहरुका लागि निरन्तर शिक्षा र सीपमूलक कार्यक्रम संचालनहुन नसक्दा पुनः पुरानै अवस्था आउने सम्भावना रहन।

九. पुरुषको तुलनामा महिला निरक्षरता दर बढी हुन।

十. साक्षर भएकाहरु साक्षरता सीपको प्रयोग र अभ्यास नहुदा पुनः निरक्षर हुन।

**३.५.२. उद्देश्यहरु**

१. सबै नागरिकककालागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु।

२. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकिकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु।

३. बालवालिकाको सिकाइका लागि अभिभावकहरूको सचेतनामा सुधार ल्याउनु।

४. नवसाक्षरहरूलाई जीविकोपार्जनका गतिविधिहरूको सहभागितामा वृद्धि गर्नु

**३.५.३. रणनीतिः**

१. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिनेछ। यसका लागि स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालनमा ल्याउने।

२. स्थानीय सरकारको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरु परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गरिनेछ।

३. स्थानीय तहले सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, ई-पुस्तकालय , सामुदायिक सूचना केन्द्र, एफ एम द्वारा सचेतना कार्यक्रम सञ्चालन र सेवा प्रवाह गरिनेछ, बहुउद्देश्यीय संयन्त्रको रुपमा सुदृदीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रुपमा विकास गरिनेछ ।

**३.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ एवं सिपमूलक शिक्षाको अवसर प्राप्त हुनेछ।

**नतिजा**

१. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइ केन्द्रको रुपमा विकास हुनेछ।

२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्यसन्चालन हुनेछ।

३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी तथ्याङ्क अद्यावधिक हुनेछ।

४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिको प्रारूप तयार हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथी) प्रतिशत | ६७.३९ | ७० | ७५ | ८० | ८५ | ९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | भाषिक तथा गणितीय सीप (१५ वर्ष भन्दा माथीका महिला) प्रतिशत | ५६.१६ | ६० | ६५ | ७० | ७५ | ८५ |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | १ | २ | २ | २ | २ | २ |
| ४ | सामुदायिक पुस्तकालयको संख्या | ० | ० | १ | १ | १ | २ |

**३.५.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथी) विकास कार्यक्रम | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | भाषिक तथा गणितीय सीप (१५ वर्ष भन्दा माथीका महिला) विकास कार्यक्रम | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्र स्थापना तथा व्यवस्थापन | १ | १ | २ | २ | २ | ८ | ८ | |
| ४ | सामुदायिक पुस्तकालयको स्थापना तथा व्यवस्थापन | १ | १ | १ | १ | १ | ५ | ५ | |
| जम्मा | | ५ | ५ | ६ | ६ | ६ | २८ | २८ | |

# परिच्छेद ४

## अन्तर-सम्बन्धित क्षेत्रहरू

विभिन्न अन्तर सम्बन्धित बिषय तथा क्षेत्र (Cross-Cutting Subjects and Areas) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित उद्देश्य हासिल गर्न सघाउछ । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेशागत विकास, समता तथा समावेशिकरण, स्वास्थ्य, पोषण तथा दिवाखाजा, आपत्कालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, शिक्षामा सूचना तथा संचार प्रविधि, विद्यालय भौतिक विकास जस्ता अन्तर-सम्बन्धित विषय महत्वपूर्ण हुन्छन । यस परिच्छेदमा समावेश गरिने उपक्षेत्र लाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धी तथा नतिजा र मूख्य क्रियाकलाप निर्धारण गरी उपशीर्षकमा विभाजन गरी विश्लेशण गर्नु पर्ने हुन्छ ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम सिकाइको योजना हो । सिकाइ पद्वतीलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान,सिप र अभिवृत्ती प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनु पर्दछ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान सिप र अभिवृत्तीको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन, सक्रिय र सुसुचित नागरिक जीवन व्यतित गर्न, रोजगारी प्राप्त गर्न, पेशा तथा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग गर्दछ । शिक्षाको परिवर्तित अवधारणाको विकास सँगैसँगै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा पनि विशेष जोड दिएको पाइन्छ । स्थानीय पाठ्यक्रम स्थानीय भाषा, परम्परागत सिप, र दैनिक आवश्यकतामा आधारित हुन्छ । केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय संस्कृती, जनजीवन, भूगोल लगायतका पक्षलाई समेट्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । नेपाल जस्तो विविध भौगोलिक, सांस्कृतिक, भाषिक लगायतका परिवेशका कारण समाजको आवश्यकता र चाहना फरक फरक छन् । त्यसैले नेपालको सन्दर्भमा पाठ्यक्रम तयार पार्दा स्थानीय पाठ्यक्रमको अवधारणालाई आत्मसात गर्नु पर्ने खाँचो छ । स्थानीय आवश्यकताका विषयवस्तु त्यहीका नागरिकको अपनत्व हुने गरी सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रिय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु हुनु पर्दछ । जसले स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका साथै नवीनतम् ज्ञान र सिपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ । स्थानीयस्तरमा रहेका मूल्य, मान्यता, कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्न सहयोग गर्दछ । स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण खुड्किलाका रुपमा पनि लिन सकिन्छ ।

नेपालमा केन्द्रिय तहमा पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकता, परम्परा, भाषा र संस्कृति तथा जनजिविकाका अभ्यासहरुको संरक्षण र सम्बर्धन गर्न नसकिने हुँदा नेपाल सरकारले स्थानीय पाठ्यक्रम प्रारुप २०७१ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ जस्ता महत्वपुर्ण निर्देशिका तथा पाठयक्रम प्रारुपको विकास गरेको छ । उक्त शिक्षाका दस्तावेजहरुले स्थानीय पाठ्यक्रमको आवश्यकतालाई महसुस गरेको देखिन्छ । कुनै पनि योजनाको सैद्धान्तिक पक्ष जतिसुखै राम्रो भए पनि त्यसको व्यवहारिक पक्ष कमजोर हुँदा योजनाको कुनै तुक हुदैन । स्थानीय पाठ्यक्रमले तय गरेका व्यवहारिक उद्देश्यहरु के-कति पुरा भए वा भएन भनि लेखाजोखा गर्न पाठ्यक्रमको अभिन्न अंगका रुपमा मूल्याङ्कनलाइ महत्वपुर्ण पाटोको रुपमा लिनुपर्दछ । मूल्याङ्कनको अभावमा पाठ्यक्रमले गति लिन नसक्ने हुदा मूल्याङ्कन र पाठ्यक्रम एउटा सिक्काको दुइवटा पाटो जस्तै हुन ।

#### ४.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकास देखि माध्यमिक तह (कक्षा १२ सम्म) को पाठ्यक्रमको विकास शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले गर्ने गरेको छ । विद्यालय तहको विद्यमान पाठ्क्रम वि.सं. २०६३ तयार गरी वि.सं. २०७१ मा सामान्य परिमार्जन गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा व्यवस्थित गरिएको भनिए पनि कक्षा ११ र १२ लाई विद्यालय तहको पाठ्यक्रममा पूर्ण रुपमा समायोजन नगरी तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले तयार गरेको उच्च शिक्षाको तयारीउन्मुख पाठ्यक्रम नै कार्यान्वयनमा रहेकोमा हाल विद्यालय तहको पाठ्यक्रममा समायोजन गरिएको छ । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि. सं. २०८० मा विद्यालय तहका सबै कक्षाहरुमा यो पाठ्यक्रम कार्यान्वयन हुने भैसकेको छ । यसै अनुसार सुर्नया गाउँपालिकाले पनि नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरेको छ । पठनपाठनको भाषाका रुपमा प्राथमिक तह (कक्षा १-५) का लागि मातृभाषा वा नेपाली हुन सक्ने र अन्य तहको हकमा नेपाली वा अंग्रेजी हुन सक्ने व्यवस्था छ ।

विद्यालय तहको पाठ्यक्रमलाई प्रभावकारी बनाउनका लागि कक्षा १-३ एकिकृत पाठ्क्रमको अवधारणा बमोजिम अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरिएको, व्यवहारकुशल र जीवनोपयोगी सिपहरु समावेश गरी क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको छ । आधारभूत तहमा स्थानीय कला, संस्कृति, भेषभुषा, सिप, इतिहास, भाषा र परम्परामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्नु पर्ने व्यवस्था वर्तमान पाठ्यक्रम प्रारुपले गरे पश्चात सुर्नया गाउँपालिकाले आधारभूत तह कक्षा १-८ मा स्थानीय पाठ्यक्रमको विकास गरि कार्यान्वयनमा जोड दिइएको छ ।

विद्यालय शिक्षाको मूल्याङ्कनका लागि आधारभूत तह कक्षा ५ र ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय सञ्चालन तथा व्यवस्थापन गरेको छ । साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन र कक्षा ४ देखि ८ सम्म आन्तरिक ५० प्रतिशत र बाह्य ५० प्रतिशतका आधारमा मूल्याङ्कन प्रणाली अवलम्बन गरिएको छ । कक्षा १० र १२ मा राष्ट्रिय तहमा राष्ट्रिय परीक्षा बोर्डबाट सार्वजनिक परीक्षा सञ्चालन गरी विद्यार्थीको योग्यता परीक्षण गरिदै आएको छ भने नमुनामा आधारित राष्ट्रिय उपलब्धि परीक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विभिन्न कक्षाहरुमा सञ्चालन गरी शिक्षा प्रणालीको गुणस्तरको लेखाजोखा गरिदै आएको छ । अधिकांश विद्यालय तहमा सञ्चालन गरिएका परीक्षाका प्रश्नहरुले प्रायजसो संज्ञानात्मक तहका तल्लोस्तरका क्षमता मात्र परीक्षण गरेको देखिन्छ । अधिकांश प्रयोगात्मक परीक्षाहरु प्रभावकारी हुन सकेका छैनन् । तसर्थ प्रयोगात्मक परीक्षा लाई प्रभावकारी बनाउन पाठ्यक्रमले निर्दिष्ट गरेका प्रयोगात्मक सामाग्रीहरुको उचित प्रयोग तथा व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ ।
स्थानीय पाठ्यक्रम बाहेक अन्य पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासको कार्य पाठ्यक्रम विकास केन्द्रले गर्दछ । सन्दर्भ सामग्रीको नाम दिई पाठ्यक्रम विकास केन्द्रले स्वीकृति दिएका पुस्तकहरु पाठ्यपुस्तककै रुपमा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयले प्रयोग गर्ने गर्दछन् । बहुपाठ्यपुस्तकको नीति तय गरिए पनि औपचारिक रुपमा कार्यान्वयनमा ल्याइएको छैन । बजारमा विषयवस्तुमा गहिरो र विस्तृत अध्ययनमा सघाउने सन्दर्भ सामग्रीभन्दा पनि प्रश्नोत्तर, प्रश्नहरुको संकलन, गेस पेपर जस्ता सामग्री उत्पादन हुनाले विद्यार्थीको सिकाइ प्रक्रियामा नकारात्मक प्रभाव परेको देखिन्छ । शैक्षिक सत्र सुरु भइ सक्दा सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरु पहुँचमा पुऱ्याउन नसक्नु एक प्रमुख समस्या हो । महामारी र विपद्को बेलामा विभिन्न विधि र माध्यम (अनलाइन, अफलाइन, मुद्रित आदि) आमनेसामने विधिमा मात्र भर पर्नुपर्ने र दुर्गम भौगोलिक कठिनाइ, नेट इन्टरनेटको असुविधा लगायत मुद्रित सामग्रीको अभावले विपद् का बेलामा शिक्षा क्षेत्र नराम्ररी प्रभावित भएको देखिन्छ ।
स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरु समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधाभूत तहमा स्थानीय कला संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको छ ।
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको हरित विद्यालय स्रोत पुस्तिका, हरित विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका (२०७५) मा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको नीति तथा कार्यक्रममा हरित विद्यालयको अवधारणालाई समावेस गरिएको छ । उक्त अवधारणालाई कार्यान्वयन गर्न प्रत्यक विद्यालयलाई प्रोत्साहनका कार्यक्रमहरु समेट्ने कार्यनीति रहेको छ । विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा वित्तीय साक्षारता सम्बन्धि विषयवस्तुहरु समेटिएको छ । साथै उद्धमशिलता, संचार सीप, र संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी सीपलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेस गरिएको छ ।
समग्रमा यस गाउँपालिकामा गरिदै आएका असल अभ्यासहरु अन्तर्गत पाठ्यक्रम प्रबोधिकरण गर्ने, स्थानीय पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गर्ने, बिषय विज्ञद्वारा नमुना कक्षा प्रदर्शन गर्ने, शिक्षक छनौटका लागि घुम्ती प्रधानाध्यापक बैठक संचालन गरि विद्यालयहरुका असल अभ्याहरु आदान प्रदान गर्ने, उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, प्रधानाध्यापक र शिक्षकलाई सम्मान गर्ने, परम्परागत स्थानीय कला, सीप, प्रविधी र संस्कृतीलाई संरक्षण र सम्बर्धन गर्नका लागि स्थानीय पाठयक्रमको माध्यमद्वारा विद्यालयहरुमा प्रयोगात्मक रुपमा विभिन्न कार्यक्रमहरु गरिदै आएका छन् ।

**अवसर/चुनौतीहरु**

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकासका लागि जनशक्ति विकास गर्न ।
२. सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न ।
३. मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्न ।
४. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण गर्नमा जोड दिन ।
५. परिवर्तित पाठयक्रम बारे प्रबोधिकरण कार्यमा जोड दिन ।
६. पाठयक्रम विकास गर्दा सिकारुको उमेर, क्षमता, रुची र तहलाई आधार मान्न ।
७. हरित विद्यालय स्रोत पुस्तिका र हरित विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिकाको प्रभावकारी कार्यान्वयन गर्न ।
८. नवप्रबर्तनात्मक पाठ्यक्रमको विकास गर्न ।

### ४.१.२ उद्देश्य

१. स्थानीय पाठ्यक्रमका माध्यमबाट स्थानीय समुदायको पेसा, व्यापार र व्यवसायको प्रचार-प्रसार तथा जानकारी प्रदान गर्नु ।

२. विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु ।

३. पाठ्यक्रम, पाठ्यपुस्तक प्रयोग र कार्यान्वयनमा एकरुपता ल्याउनु ।

४. निरन्तर, आवधिक तथा स्तरिकृत मूल्याङ्कन पद्धतिको कार्यान्वियन गर्नु ।

५. स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरुको विकास तथा व्यवस्थापनको लागि क्षमता विकासमा सुधार ल्याउनु ।

६. राष्ट्रिय पाठयक्रम र राष्ट्रिय शिक्षा नीति बीच स्थानीय पाठयक्रम, स्थानीय शिक्षा नीतिको समाञ्जस्यता कायम गर्नु ।

### ४.१.३ रणनीतिहरु

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार पाठ्यक्रम कार्यान्वयन गर्ने ।

२. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध नेपाल निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्यांकनमा आधारित बनाउने ।

३. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन सिकारुको उमेर,क्षमता,रुची लाई आधार मानि विद्यालयमा आधारित स्थानीय पाठ्यक्रम विकास गरि प्रभावकारी मूल्यांकनमा जोड दिईनेछ ।

४. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गर्ने ।

५. नवीनतम पाठयक्रम तथा मूल्याङ्कन प्रक्रियावारे शिक्षक तथा सरोकारवालालाई तालिमको उचित व्यवस्था गरिनेछ ।

६. आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गर्ने ।

७. स्थानीय पाठ्यक्रमको विषय क्षेत्रमा विषयवस्तु छनौट गर्दा विषयवस्तुको क्रमलाई विचार गरी बढी उपयोगी हुने विषयवस्तु छनौट गरिने छ। जीवनोपयोगी र व्यवहारकुशल सीप समेत विकास गर्ने गरी पाठ्यक्रम विकास गर्ने ।

८. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता विकास गर्ने, पाठ्यक्रम पुनर्संगठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने।

९. स्थानीय पाठयक्रमलाई समय सान्दर्भिक परिमार्जन र सुधार गरिने छ ।

१०. परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकाइ केन्द्रित अभ्यासलाई मूल्यांकनको आधार बनाउने ।

११. विपद्, महामारी तथा संकटको अवस्थामा बैकल्पिक विधीबाट शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिने ।

१२. निरन्तर विध्यार्थि मुल्याकंन लाई शिक्षण सिकाईको अभिन्न अंगका रुपमा प्रयोग गर्ने ।

४.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

उपलब्धि

१. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

२. स्थानीय भेषभुषा,चालचलन, रीतिरिवाज, सामाजिक मूल्य मान्यताको संरक्षण भएको हुनेछ ।

३. पाठ्यक्रममा आधारित मूल्याङ्कन प्रक्रिया प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

४. विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ ।

५. विपद्को अवस्थामा पनि शिक्षण सिकाइ क्रियाकलाप निरन्तर रुपले संचालन हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ ।

२. विद्यार्थीको सिकाइ उपलब्धीमा अपेक्षित सुधार भएको हुनेछ ।

३. सामाजिक मूल्य-मान्यता, संस्कृति र श्रम प्रति निष्ठावान व्यवहार गरिएको हुनेछ ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| २ | परीक्षामा स्तरिकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | १५ | २० | २५ | ३० | ३५ | ३९ |
| ३ | निरन्तर विद्यार्थी मुल्यांकन गर्ने विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धि सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | १० | २३ | ३३ | ३९ | ३९ |

**३.५.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | एकीकृत पाठ्यक्रम कार्यान्वयन तालिम | २ | २ | २ | २ | २ | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | स्तरिकृत प्रश्न निर्माण कार्यशाला | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | स्थानीय भाषामा कक्षा संचालन गर्ने विद्यालयलाई प्रोत्साहन कार्यक्रम | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | २.५ | |
| ४ | निरन्तर विद्यार्थी मुल्यांकन | २.५ | २.५ | २.५ | २.५ | २.५ | १२.५ | १२.५ | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धि योजना निर्माण तथा सामग्री खरिद | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| **जम्मा** | | **१०** | **१०** | **१०** | **१०** | **१०** | **५०** | **५०** | |

**४.२ शिक्षक व्यवस्थापन तथा विकास**

गुणस्तरीय शिक्षा प्रवाहका लागि विभिन्न स्रोत साधनको आवश्यकता पर्छ । शैक्षिक सेवा प्रवाहका लागि चाहिने स्रोत मध्ये मानवीय स्रोत एक हो । विद्यालयमा परिवर्तनलाई सम्बोधन गर्न सक्ने शैक्षिक नेता शिक्षक हो । शिक्षक योग्य, दक्ष,पेसाप्रति समर्पित प्रतिबद्ध, विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु पर्छ । शिक्षकमा भएको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप संचालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धन गर्नका लागि विगतमा संचालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रमहरू संचालन गरेको पाइन्छ ।

अहिले शिक्षक तयार पार्ने काम विभिन्न विद्यालय तथा विश्वविद्यालयहरूले गरेका छन् । शिक्षक अध्यापन, अनुमति पत्रको वितरण, परीक्षा संचालन, शिक्षक पदपूर्तिको लागि परीक्षा संचालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्दै आएको छ

भने पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गरिरहेको छ। शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम संचालन गर्ने काम शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन। सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरूको बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन। देशमा विभिन्न तरिकाबाट नियुक्ति गरिएका शिक्षकहरू स्थायी, अस्थायी, राहत अनुदान, शिक्षण सिकाई अनुदान, प्राविधिक धार तर्फका शिक्षक, गाउँपालिका अनुदान, निजी स्रोतका शिक्षक आदि छन्। विभिन्न तरिकाबाट नियुक्ति भएका शिक्षकहरूको सेवाको शर्त र सुविधाहरू पनि फरक-फरक छन्। शिक्षकको कार्य सम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीहरूको सिकाइ उपलब्धीसँग जोड्न सकिएको छैन।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाइको पेशाको रुपमा अभिवृद्धि गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने शिक्षकहरूको पेशागत विकासलाई अभिवृद्धि गर्ने, विद्यार्थीको सिकाइप्रति जिम्मेवार बनाउने, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषयगत शिक्षक पदको संजाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा तथा चुनौतीहरूको आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रमका उद्देश्यहरू, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरू समावेश गरिएको छ।

### ४.२.१ वर्तमान अवस्थाः

शिक्षक सेवा आयोग नियमावली २०५७ ( संशोधन सहित ) अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनुपर्ने, बढुवाको निश्चित मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लियेको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ। वर्तमान अवस्थामा देशमा स्थायी अस्थायी, राहत, शिक्षण सिकाई अनुदान, प्राविधिक धार तर्फका शिक्षक,गा.पा अनुदान तथा निजी शिक्षकहरू छन्। विभिन्न किसिमका स्थायी,अस्थायी राहत, गा.पा अनुदान तथा अन्य निजी शिक्षकहरुको व्यवस्थापनको लागि संघीय शिक्षा ऐन नियम, प्रदेश शिक्षा ऐन नियम तथा प्रचलित कानुन लाई आधार मानि उपर्युक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ। यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल स्थायी शिक्षक दरबन्दी सङ्ख्या ७५ रहेको छ।त्यस मध्ये १२ जना माध्यमिक तह (कक्षा९-१०),९ जना आधारभूत तह कक्षा ६-८ र ५६ जना आधारभूत तह कक्षा १-५ रहेका छन्।त्यसै गरी राहत तर्फ माध्यमिक तहमा १८,आधारभूत तह (कक्षा ६-८)०८, तथा प्राथमिकमा २९ गरि ५५ जना राहतमा कर्यतरत छन्।बालविकास शिक्षक तर्फ २२ जना संघीय अनुदान मार्फत र ९ जना पालिकाबाट गरि ३१ जना कार्यरत छन्।

पेशागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौर तरिकाहरू छन्। शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ्ग आदिबाट शिक्षकमा पेशागत विकास सम्भव छ। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइ सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संचालनमा आए। सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरूको लागि विभिन्न खालका तालिमहरूको संचालन गरिरहेको छ। त्यसै गरी स्थानीय सरकारहरूले पनि विद्यालयका आवश्यकता अनुसार शिक्षकहरूको क्षमता विकासमा सहयोग गर्दै आएको छ।

शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा सुर्नया गाउँपालिकाले विभिन्न प्रयासहरु गर्दै आएको छ। यस क्रममा आ.व. २०७४/७५ देखि आधारभूत तह कक्षा १-५ को लागि ६१ जना,आधारभुत तह६-८ को लागि २४ जना माध्यमिक तहमा ७ जना गाउँपालिका अ शिक्षकको रुपमा कार्यरत रहि कामगरिरहेका छन् भने शुन्य दरबन्दी वा राहत अनुदान प्राप्त नगरेका आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१०अंग्रेजी, गणित, विज्ञान शिक्षक अनुदान कोटामा ७ जना कार्यरत छन्।

### शिक्षक उत्तरदायित्वः

आफ्नो कार्य सम्पादनप्रति आफू स्वयम् जवाफदेही हुनु भनेको उत्तरदायी हुनु हो। यस प्रकारको उत्तरदायित्व कानुनी र नैतिक दुबै हुन सक्छ। शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/ प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले अध्यापन गराउने विद्यार्थीहरूको शिक्षण सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफ दिनु भन्ने बुझिन्छ। यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्दछ। विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने, त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेश गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर शिक्षकलाई उत्तरदायी बनाउने प्रयास गरेको छ। यसका अलवा शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ सुर्नया शिक्षा ऐन २०७९ ले समेत शिक्षकले पालना गर्नुपर्ने विविध आचारसंहिता र कानुनी प्रबन्धहरूको निर्धारण गरिएको छ जसबाट शिक्षक उत्तरदायी बन्नु पर्ने कानूनी आधार तयार भएको छ। तथापि यी प्रबन्धहरूको कार्यान्यनको सन्दर्भमा भने बाराम्बार प्रश्न उठ्ने गरेका छन।

पन्ध्रौं योजनाले शिक्षकले कक्षाकोठामा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकलाई पेशाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक स्थानीय तह प्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ।

विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षाका जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ।

**शिक्षकको आपूर्ति र वितरणः**

शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा व्यवस्था भए अनुसार पूर्व प्राथमिक विद्यालयमा एकजना, प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीनजना कक्षा ६-८ का लागि कम्तीमा चार जना माध्यमिक तह ९-१२ लागि ८ जना शिक्षक रहने व्यवस्था छ। शिक्षा नियमावली २०५९ का अतिरिक्त शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले हिमाल, पहाड तथा तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैंतालीस र पचासलाई आधार मानी शिक्षक दरवन्दी पुनर्वितरण गर्ने प्रावधान भए अनुसार हाल मुलुकभर शिक्षक दरवन्दी मिलानको प्रकृया अन्तिम चरणमा पुगी सकेको छ।

सुर्नया गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा भएको शिक्षक वितरण र आपुर्तिलाई हेर्दा ३९ वटा सामूदायिक विद्यालयमा स्थायी,राहत/करार,गाउँपालिका अनुदान शिक्षक,बालविकास सहयोगी सहित गरी जम्मा २६३जना शिक्षक दरबन्दी कायम रहेका छन। यसका अतिरिक्त उपरोक्त सामूदायिक विद्यालयमा ३९ जना विद्यालय सहयोगी समेत कार्यरत रहेका छन। तहगत रूपमा हेर्दा iEMIS २०८० अनुसार सुर्नया गाउँपालिका क्षेत्र भित्र ९०० जना बालबालिका बालविकास तहमा अध्ययनरत रहेका छन भने 31 जना शिक्षक कार्यरत छन। जस अनुसार बालविकास तहमा शिक्षक विद्यार्थी अनुपात 1:29 रहेको छ। एवम् प्रकारले आधारभूत तह (कक्षा १-८) मा जम्मा 5027 जना विद्यार्थी अध्ययनरत रहेका छन भने सोही तहमा कार्यरत शिक्षकको सङ्ख्या 194 रहेकोछ। जस अनुसार कक्षा १-८ को शिक्षक विद्यार्थी अनुपात 19:1 रहेको छ। माध्यमिक तह (कक्षा ९ र १०) मा जम्मा 998 विद्यार्थी अध्ययनरत रहेकोमा सोही तहमा कार्यरत शिक्षकहरूको सङ्ख्या 31 रहेको छ। जस अनुसार माध्यमिक तह (कक्षा ९ र १०) मा शिक्षक विद्यार्थी अनुपात 18:1 रहेको छ। माध्यमिक तह (कक्षा ११ र १२) मा अध्ययनरत विद्यार्थी सङ्ख्या 792 रहेकोमा सोही तहमा कार्यरत शिक्षक सङ्ख्या जम्मा २१ जना मात्र रहेको छ। जस अनुसार सो तहमा शिक्षक विद्यार्थी अनुपात 37.1 रहेको छ।

उपरोक्त तथ्याङ्कमा विद्यालयबाट नियुक्त गरिएका हाल गाउँपालिका अनुदान शिक्षकको नाममा न्यूनतम पारिश्रमिक भन्दा पनि कममा काम गरिरहेका गाउँपालिका शिक्षकको विवरणले शिक्षक विद्यार्थी अनुपातमा फरकपन देखिन आएको छ। सुर्नया गाउँपालिकामा सञ्चालित विद्यालयमा विद्यार्थी संख्या अत्यधिक बढी हुनु तर आवश्यकता अनुसार शिक्षक दरबन्दी व्यवस्थापन गर्न नसकिनु ठूलो चुनौतिको रुपमा रहेको छ। माथि प्रस्तुत गरिएको शिक्षक विद्यार्थी अनुपातलाई मनन गर्ने हो भने माध्यमिक तह कक्षा ११ र १२ मा विद्यार्थीको अनुपातमा शिक्षकको सङ्ख्या ज्यादै न्यून रहेको देखिन्छ। यसका पछाडिको कारण भनेको विद्यालय सञ्चालनको अनुमति प्रदान गरिएका विद्यालयहरूमा अनुमति प्रदान गरे अनुसारको शिक्षक दरवन्दी वितरण नगर्नु हो। आगामी दिनमा कक्षा सञ्चालनको अनुमति प्रदान गरे पश्चात शिक्षक दरबन्दी व्यवस्थापन प्रति पनि ध्यान दिनु उपयुक्त ।

**अवसर तथा चुनौतीहरु**

शिक्षक तथा कर्मचारीहरुको ब्यबस्थापन गर्नु .

一 गाउँपालिका भित्र बिध्यार्थि संख्या को आधारमा शिक्षक दरबन्दि मिलान गर्नु।

二 शिक्षक तथा कर्मचारी लाई ICT र IEMIS सम्बन्धि तालिमको व्यावस्था गर्नु।

三 शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्नु।

四 पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षणविधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु।

一 शिक्षकको पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।

二 शिक्षक तथा कर्मचारीहरु लाई आफ्नो पेशा प्रति जवाफदेही तथा उत्तरदायी बनाउनु ।

三 शिक्षकको पेशागत विकासको अवसर, विस्तार र प्रभावकारिता सुधार गर्ने गरी संस्थागत प्रवन्ध गर्नु।

四 विद्यार्थी सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा विकास गरि उत्कृष्ट शिक्षक लाई पुरस्कृत गर्नु।

一 सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्ति प्रक्रिया प्रभावकारी कार्यन्वयन गर्नु।

二 शिक्षकले तालिममा सिकेका कुराहरुलाई प्रभावकारी रुपमा कक्षा कोठामा कार्यान्वयन गर्नु।

三 शिक्षकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ उपलाब्धीसंग जोड्नु।

四 शिक्षक दरबन्दी मिलान कार्यलाई हरेक वर्ष स्वचालित रुपमा कार्यान्वयनमा ल्याउनु।

**४.२.३ उद्देश्य**

१. गुणस्तरीय सिकाइकालागि तहगत तथा विषयगत दक्ष शिक्षकको व्यवस्थापन गर्नु।

२. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि स्थानीय तहमा एकद्वार प्रणालीको विकास तथा कार्यान्वयन गर्नु।

३. शिक्षक दरबन्दी मिलान गर्नु।

४. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु।

**४.२.४ रणनीतिः**

१. शिक्षकको पेसागत विकासका लागी  स्थानीय सरकारले स्पष्ट कार्यविधी बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने छ।

२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गर्ने।

३. अनुसन्धानात्मक कार्यमा संलग्न शिक्षकहरुको दक्षता वृद्धिको लागि प्रोत्साहन मूलक कार्यक्रमहरु लागू गरिनेछ।

४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग गरिनेछ।

५. स्थानीय तहमा विषयगत शिक्षक सन्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङ्ग पद्धति विकास गरिनेछ।

६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ।

७. प्रधानाध्यापक तथा शिक्षकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिनेछ।

८. शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कम अवरोध हुनेपद्धति विकास गरिनेछ।

९. सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा स्वीकृत गर्दै प्रविधिमैत्री व्यवहारिक र नतिजामूलक बनाउने साथै IEMIS को सदृढीकरण गरिनेछ।

**४.२.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य उपलब्धिः**

१. दरबन्दी मिलान सम्पन्न भइ तहगत, कक्षागत र  विषयगत रुपमा शिक्षक व्यवस्थापन भएको हुनेछ।

२. शिक्षकहरुलाई निरन्तर पेशागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ।

३. सबै शिक्षकहरु  सुचना तथा सञ्चार प्रविधि प्रयोगमा दक्ष भएका हुनेछन् ।

४. शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित भएको हुनेछ।

५. पेशागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुनेछ।

६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर तरिकाहरू र कार्य सम्पादनमा सुधार हुनेछ।शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुनेछ।

७. शिक्षकको विद्यालय तथा कक्षाकोठा उपस्थितिमा वृद्धि तथा शिक्षकहरूको कार्यसम्पादनमा सुधार भएको हुनेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| २ | आधारभूत तहमा कार्यरथ तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १००% | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्युनतम योग्यता तथा तालिम प्राप्त शिक्षक प्रतिशत | ६०% | ७०% | ८०% | ९५% | ९८% | १००% |
| ४ | सुचना तथा प्रविधि सम्बन्धी न्युनतम सक्षमता रहेका शिक्षक प्रतिशत | २५% | २५% | ३५% | ५०% | ८५% | १००% |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ० | २५ | ३० | ३५ | ३९ |

**३.५.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक नियुक्ति र सरुवा | निरन्तर | | | | | | | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | अपुग शिक्षक भएको विद्यालयमा गा पा शिक्षक नियुक्ति गर्ने | २ | २ | ४ | २ | २ | १२ | | |
| ३ | आवश्यकता अनुसार मागमा आधारित छोटो अवधिको तालिम सञ्चालन गर्ने | २ | २ | २ | २ | २ | १०० | १०० | |
| ४ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | ३ | ३ | २ | ४ | ३ | १५ | | |
| ५ | पुस्तकालय स्थापना | १५ | २० | २५ | २० | २० | १०० | १०० | |
| ६ | विज्ञान प्रयोगशाला स्थापना | १० | २ | ३ | २ | २ | १९ | | |
| ७ | इन्टरनेट सेवाको व्यवस्था | १३ | १० | ८ | ६ | २ | ३९ | | |
| ८ | निरन्तर विद्यार्थी मुल्याङ्कन | | | | | | | | |
| ९ | असल अभ्यासको अवलोकन गराउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | विषयगत शिक्षक अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | उत्कृष्ट सिकाइ उपलब्धी  हासिल गर्ने विषयगत शिक्षक सम्मान | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| १२ | दरबन्दी मिलान र पुनर्वितरण | १० | १० | १० | १० | १० | ५० | | |
| १३ | निरन्तर विद्यार्थी मूल्याङकन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | शिक्षण तथा सिकाइ सामग्रीको विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | छोटो अवधिको शिक्षक तालिम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १७ | सिकाइ आदान प्रदान,क्षमता विकास,प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जाल निर्माण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | सिकाइ आदान प्रदान,क्षमता विकास,प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जाल निर्माण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | इन्टरनेट सेवाको विस्तार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २१ | कार्यसम्पादन मूल्याङकन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २२ | योग्यता र क्षमता अनुसार प्रअ नियुक्ति र व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | शिक्षकलाई परामर्श गर्न अध्ययन अनुसन्धान अनुगमन गर्न तथा विज्ञसेवा प्रदान गर्नका लागि गाउँपालिका मातहत रहने गरी सेवा निवृत्त दक्ष शिक्षकहरुको विज्ञ टोली गठन गर्ने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| जम्मा | | | | | | | | | |

**४.३ शैक्षिक समता र समावेशीकरण**

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ। बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरक-फरक हुनु प्राकृतिक यथार्थ हो। फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु, समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो। समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ। शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ। बालबालिकालाई उनीहरुको क्षमता र चाहना अनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ। सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ। उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाजप्रति अपनत्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो। यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ।

नेपाल सामाजिक, सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोबास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रुपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदायहरु पनि छन्। उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ। भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ। त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु कठीन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाई सुनिश्चित गर्नका लागि यसका कारण तथा वाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ। यस्ता बाधाहरूमा समुदाय तथा परिवेश अनुसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ। कुनै बाधाहरु भौतिक तथा स्रोत सामग्रीसँग सम्बन्धित हुन सक्दछन भने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्दछन्। कतिपय वाधाहरू संरचनागत पनि सक्दछन्।

**४.३.१ वर्तमान अवस्था:**

नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रबन्ध स्वरुप वि.सं. २००४ सालमा छात्राहरुका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.सं. २०२१ मा लेबोरेटरी स्कूलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ। त्यसैगरी वि.सं. २०२५ सालदेखि खगेन्द्रबहादुर बस्नेतको अगुवाईमा सुरु भएको नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुकालागि पनि आवसीय प्रवन्धको सुरुवात भएको थियो। अपाङ्गता भएको व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्ध सहित यो नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रको रुपमा स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भईरहेको छ। शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद गठन भई अपाङ्गता भएकाहरुको शिक्षाको लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ। बालबालिका तथा महिला शिक्षामा वि. सं. २०५० को दशकदेखि केही प्रोत्साहन मूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिककारणले वञ्चितीकरणमा परेको बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताको लागि वि.सं. २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरु भएको थियो।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधाभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले 'तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वरा निशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र नीति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। अपाङ्गता भएका बालबालिका,छात्रा,दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालिकबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको तथ्यांकले देखाएको छ। तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा 'अझै थुप्रै कार्यहरु गर्नु पर्ने देखिएको छ। यसै सम्बन्धमा दिगो विकासको लक्ष्य ४ ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरु पनि सञ्चालित छ। उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरु, छात्रा तथा सीमान्तकृत बालबालिकाहरुलाई लक्षित गरी आवसीय तथा गैर आवसीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन्। यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ. पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक धार्मिक जातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ।

समग्रमा यस पालिका भित्र शैक्षिक समता र समावेशीकरणका लागि भएका असल अभ्यासहरुमा बिपन्न लक्षित छात्रवृति, दलित छात्रवृति, अपांग छात्रवृति र दिवाखाजा ब्यवस्थान रहेका छन्।

**अवसर तथा चुनौतीहरुः**

१. लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठीन भौगोलिक अवस्थामा रहका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित र सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरुको शिक्षामासमतामूलक पहुँच पर्याउने।
२. सबै किसिमका अपाङ्गता भएकाहरुका लागि शिक्षामा पहुँच पुऱ्याउने।
३. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्ने।
४. विद्यालयमा बालमैत्री , अपांग मैत्री, लैंगिक मैत्री वातावरण सिर्जना गर्ने ।

**४.३.२ उद्देश्यहरुः**

१. लक्षित वर्गको शिक्षामा पहुँच वृद्धि गर्नु।
२. विद्यालयमा विभेद रहित वातावारणको सुनिश्चतता गर्नु।
३. विद्यालयका शैक्षिक गतिविधिहरुमा समता तथा समावेशिताको सुनिश्चितता गर्नु।

**४.३.३ रणनीतिहरुः**

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता अनुसार शिक्षामा पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ।
२. विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री शैक्षिक वातावरण निर्माण गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ।
३. आवश्यकतामा आधारित बैकल्पिक शिक्षाद्वारा सम्पूर्ण वालवालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गरिने छ।
४. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाई र किशोरीहरु लक्षित महिनाबारी स्वच्छता सम्बन्धी सेवा युक्त शिक्षा प्रदान गरिने छ।
५. आवश्यकतानुसार लक्षित वर्गलाई पोशाक, स्टेशनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
६. विद्यालयद्वारा अभिभावकलाई शैक्षिक समता र समावेशीकरण सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ।
७. लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पहुच सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संस्था, निजी क्षेत्र आदिलाई सक्रिय गराइने छ।

**४.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः**

**उपलब्धि**

१.विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।
२.लक्षित समूहका बालबालिकाहरुको शिक्षाको गुणस्तर सुधार हुने।
३.विद्यालयमा विभेद रहित, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री तथा बालमैत्री वातावरण सिर्जना हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका विद्यार्थी संख्या | १.७१ | १.७१ | १.५ | १.४१ | १.२ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा लैंगिक समता सूचक | १.१ | १.१ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा लैंगिक समता सूचक | ०.९८ | ०.९८ | ०.९९ | १ | १ | १ |

**४.४ विद्यालय दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम**

बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू प्राप्ती र यस्ता आधारभूत स्वास्थ्य सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवाप्रवाहलाई तुलनात्मक रूपमा सहज प्रभावकारिता मितव्ययिता बनाउन सहयोग पर्दछ।
विद्यालय खाजा कार्यक्रम नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्य सम्प्रभूतालाई मौलिक हकको रूपमा स्वीकारेको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति-२०७६ तथा राष्ट्रिय शिक्षा नीति-२०७६ एवम बालबालिका सम्बन्धि अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्य सम्प्रभूता सम्बन्धि अधिकार स्थापित गरेको छ।
स्वास्थ्य पोषण तथा दिवाखाजा सेवा सम्बन्धि केही रणनीति तथा क्रियाकलाप योजना बालविकास तथा शिक्षा, आधाभूत शिक्षा र माध्यमिक शिक्षा खण्डमा पनि समावेश गरिए पनि उल्लेखित उपक्षेत्रसँग अन्तरसम्बन्धित विषयका रूपमा विद्यार्थीको विकास र सिकाइलाई सहयोग पुग्ने विद्यार्थी सहायता प्रणाली मध्ये एक महत्पूर्ण प्रणाली विद्यालयमा आधारित स्वास्थ्य तथा विद्यालय दिवा खाजा सहित पोषण सम्बन्धि योजनाको समग्र विषय यस खण्डमा प्रस्तुत गरिएको छायस खण्डमा विद्यालय दिवा खाजाको वर्तमान अवस्थाको समिक्षा गरी चुनौतीहरू पहिचान गरिएका छन भने चुनौतीहरूको सामना गर्नकालागि आवश्यक रणनीति उदेश्य, नतिजा तथा मुख्य क्रियाकलापहरू समावेश गरिएको छ।

**४.४.१ वर्तमान अवस्था**

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्दा सबैका लागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारवटा अङ्गहरू समाबेश गरेको छ।

१. विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरू तय गर्नु
२. सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु,
३. सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु
४. विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु,

उल्लेखित बुँदाहरूलाई आधार मानि यस गाउँपालिकाको वर्तमान अवस्थालाई विश्लेषण गरी दिवाखाजा स्वास्थ्य तथा पोषण सरसफाइ तथा स्वच्छताको अलग अलग समीक्षा गरी तिनीहरूको अन्तर सम्बन्ध उल्लेख गरी योजना तयार गरिएको छ।

**दिवा खाजा**

सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आ.व. २०७८/२०७९ मा सामुदायिक पूर्व प्राथमिक देखि आधारभूत तहको कक्षा ५ सम्मका सबै विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरिएकोमा आ. व. २०८१/८२ देखि कक्षा ५ सम्म अध्यनरत सबै विद्यार्थीहरुका लागी उक्त कार्यक्रम लागु गरिएको छ।
नेपाल सरकारले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट व्यवस्था गर्नु महत्वपूर्ण उपलब्धि रहेको छ। विद्यालय दिवा खाजाले विद्यार्थीमा नियमितता भई सिकाइ स्तरमा समेत प्रगति हुने अवस्था देखिएको हुनाले यस कार्यक्रमलाई महत्वका साथ निरन्तरता दिनु आवश्यक देखिएको छ। यसकार्यक्रमलाई विद्यार्थीको समग्र पोषणका अवस्थाको सुदृढीकरण गरी एकीकृत तथा सम्बन्धित गर्नु पर्ने छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धी, गुणस्तरीय जीवनयापन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले स्वास्थ्य तथा पोषणको महत्वपूर्ण स्थान रहनेछ। नेपाल सरकार जनसंख्या मन्त्रालयले तयार पारेको राष्ट्रिय पोषण रणनीतिमा १३ वटा स्वास्थ्य तथा पोषण सम्बन्धि रणनीतिहरू तय गरेकोमा त्यस मध्ये एउटा रणनीति विद्यालय स्वास्थ्य तथा पोषणसँग सम्बन्धित थियो। यसले विद्यालयका बालबालिकाहरूको कुपोषण घटाउने र विद्यार्थीहरूको विद्यालय भर्ना र दैनिक उपस्थितिमा सुधार गर्ने लक्ष्य थियो।
दिवाखाजा लगायतका वाल स्वास्थ्य तथा पोषणलाई नेपालका विभिन्न कानून तथा नीतिहरूमा समावेश गरिएको छ। यस क्रममा नेपालको पन्ध्रौं योजनाले एक विद्यालय एक स्वास्थ्य नर्स को व्यवस्था गरिने उल्लेख छ भने कतिपय प्रदेशहरूले यो कार्यक्रम स्थानीय कार्यविधि बनाएर क्रमशः लागु गर्न थालिसकेको छ। यस योजनाले बालबालिकाको स्वास्थ्य तथा पोषणमा तथा स्वच्छता खाद्यसम्प्रभुतालाई नीतिगत प्राथमिकता दिए पनि कसरी विद्यालयहरूसँग जोड्ने भन्ने रणनीतिहरूले स्पष्ट पारेको देखिदैन। राष्ट्रिय योजना आयोगको संयोजकत्वमा तयार गरिएको बहुक्षेत्रीय पोषण योजना दोस्रो सन् २०१८ (२०२२ ले विभिन्न क्षेत्रबीचका कार्यक्रम एकीकृत गर्ने, यस सम्बन्धि नीति तथा रणनीति निर्माण र कार्यक्रममा समन्वय संयन्त्र बनाए पनि एकातिर क्षेत्रगत उत्तरदायित्वमा रहने हुनले समन्वयात्मक कार्य प्रभावकारी हुन सकेको देखिदैन भने विद्यालयसँग यस बहुक्षेत्रीय पोषण योजनाको भरपर्दो सम्बन्ध स्थापित हुनसकेको छैन। यसले पोषणमा बढी महत्व दिने हुँदा बालबालिकाको स्वास्थ्य पोषण, दिवाखाजा र सरसफाइ एवम् स्वच्छतालाई अन्तर

सम्बन्धित तथा आवश्यकताका आधारमा एकीकृत गर्न प्रयास हुने देखिदैन । विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि जुका नियन्त्रण, सुक्ष्म पोषक तत्व तथा दृष्टि, स्वास्थ्य तथा पोषण शिक्षा प्राप्त गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उदेश्य राखी विभिन्न रणनीतिहरू प्रस्ताव गरिएका थिए। यी उदेश्य प्राप्तीका लागि सञ्चालन गरिने हुँदा कार्यक्रमको नतिजामा एकरूपता देखिएको छैन विशेषतः विद्यालय र स्थानीय सरकार एवं स्वस्थ्य संस्थाको सक्रियता स्वेच्छिक सहकार्यमा यी कार्यक्रमको प्रभावकारीता निर्भर भएको देखिन्छ ।

**सरसफाइ र स्वच्छता**

विद्यालयमा हुने सरसफाइ र स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट देखिन्छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नका लागि साथै परिवार तथा समुदायमा सकारात्मक प्रभाव पार्दछ । बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तरगत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनु पर्ने गरी सुचकाङ्कहरू पनि तोकिएका छन । तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरूमा शुद्ध खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने माथि उल्लेख गरिएका सुविधाहरू साथमा छात्रा छात्रका संख्याको आधारमा अलग अलग शौचालय, हरियाली स्वच्छता वातावरणका साथमा अपाङ्गता तथा फरक क्षमताका सबै बालबालिकाहरूलाई सहज हुने गरी व्यवस्थापन हुनु पर्ने, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन शिक्षाको प्रबन्ध पनि अनिवार्य हुनुपर्ने छ । स्वच्छता लगायतका माथि उल्लेखित सुविधाहरूमा गुणस्तरीयता, दिगोपना,विद्यालयहरूमा व्यवस्थापन भएका र भविष्यमा व्यवस्थापन गरिने सबै कार्य विधि २०७४ को पुनरावलोकन गरी तदनुकूलको संस्थागत व्यवस्था आवश्यक देखिन्छ । सबै तहका विद्यालयहरूमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गर्ने कार्य विगत केही वर्ष देखि लागु भएको हो र हाल प्रायः सबै विद्यालयमा यो सुविधा उपलब्ध छ । तर पनि विद्यार्थी संख्याको अनुपातमा धेरै विद्यालयमा केही समस्या देखिएको छ भने अधिकांस विद्यालयमा अझै अपाङ्ग मैत्री भएका छैनन्। विद्यालयमा महिनावारीको समयमा सुरक्षित तथा सहज रूपमा स्यानीटेरी प्याडको वितरण तथा परिवर्तन गर्ने अलगअलग कोठाहरू छैनन् भने धेरै विद्यालयहरूमा महिनावारी स्वच्छता सम्बन्धी शिक्षा तथा परामर्श दिने गरिएको छैन । सबै विद्यालयहरूमा यस पालिका भित्र वातावरणीय सरसफाइ, हरियाली वातावरण स्वच्छताको सुविधा प्रदान गर्न सकिएको छैन। केही विद्यालयमा खाजाघरको अभाव देखिएको छ । विपद व्यवस्थापन सम्बन्धित केही कार्य गरिए पनि महामारी तथा स्वास्थ्य संकट बारे थप कार्य प्रभावकारी रुपमा गरिनु पर्ने छ ।

समग्रमा यस गाउपालिका अन्तर्गत **विद्यालय दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम**को सन्दर्भमा भएका असल अभ्यासहरू मा पालिकाले विद्यालयहरुमा भान्सा निर्माण गर्नु, भान्सेको व्यवस्थापन गर्नु, छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गर्नु, जुकाको औषधी र आइरन चक्की वितरण गर्नु, सरसफाई र पोषण सम्बन्धी जनचेतना फैलाउने कार्यक्रम संचालन गर्नु आदि रहेका छन् ।

**अवसर तथ चुनौतीहरू:**

१. दिवाखाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताका लागि आवश्यक प्रबन्ध सुनिश्चित गर्नु ।
२. विद्यालय दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित स्वच्छ तथा गुणस्तरीय खानाको व्यवस्थापन गर्नु ।
३. दिवा खाजा कार्यक्रमको प्रभावकारी अनुगमन र मूल्याकन पद्धतिको विकास गर्नु ।
४. विद्यालय खाजा, स्वास्थ्य, पोषण तथा सरसफाई स्वच्छता सम्बन्धि नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वियन गर्नु ।

**४.४.२ उद्देश्य:**

१. विद्यालयका बालबालिकाहरुलाई स्वस्थ तथा पोषणयुक्त आहराको सुनिश्चितता गर्नु,
२. विद्यालयका बालबालिकाहरूको स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी सकरात्मक व्यवहारको विकास गर्नु ।

**४.४.३ रणनीतिहरू:**

योजनाका उदेश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्वन हुनेछन् ।

१. विद्यालय स्वास्थ्य तथा पोषण रणनीति २०७६ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गरि लागु गरिने छ ।
२. बालबालिकाका लागि विद्यालयमै स्वच्छ तथा पोषिलो खाजा तयारीको लागि भान्साघर, खाजा खानेकोठा, बालमैत्री खानेपानी धारा लगायतका सुविधा विस्तार गरिने छ ।
३. छात्राका लागि सेनिटेरी प्याड परिवर्तन गर्ने कोठाको व्यवस्था सहितका शौचालय व्यवस्थापन गरिने छ ।
४. विद्यालयहरूमा प्राथमिक उपचार सम्बन्धि बाकस, फोलिक एसिड, आइरन, जुकाको औषधि, स्यानिटरी प्याड जस्तासामग्री स्थानीय स्वास्थ्य कार्यालयको समन्वयमा नियमित वितरणलाई प्रभावकारी बनाइनेछ ।
५. विद्यालयमा खाद्य सुरक्षा सरसफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धि कार्य योजना निर्माण गरि कार्यान्वियन गरिनेछ ।
६. दिवाखाजाको लागि स्थानीय कृषि उत्पादनलाई प्राथमिकता दिईने छ ।
७. दिवा खाजा कार्यक्रममा स्थानीय अभिभावकको सहभागिता अभिवृद्धि गरी विद्यलय खाजा व्यवस्थापन समितिलाई थप उत्तरदायी बनाइने छ ।

८. दिवाखाजा लगायतका स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धि कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरीने छ।

**४.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप, तथा लक्ष्य**

सबै विद्यालयमा सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा गुणस्तरीय, सुरक्षित तथा अपाङ्गमैत्री एवं मनोरञ्जनात्मक सिकाइ वातावरणमा सर्वसुलभता, पहुँच टिकाउ तथा स्थायित्व सहित समान सहभागिता हुने।

मुख्य उपलब्धी तथा नतिजाहरू

१. विद्यालय स्वास्थ्य तथा पोषण रणनीति २०७६ को प्रभावकारी कार्यान्वयन हुने।
२. स्थानीय उत्पादनमा आधारित स्वच्छ दिवा खाजा पूर्ण रुपमा लागु हुने छ।
३. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यन्वयन गर्न संस्थागत प्रबन्ध हुने छ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारंभिक वालविकास र शिक्षामा भर्ना भएका वाल्वालिकामध्ये आवश्यक खोप प्राप्त गरेका वालवालिका प्रतिशत | १००% | १००% | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | कक्षा १ मा भर्ना भएका वालवालिका मध्ये आवश्यक खोप प्राप्त गरेका वालवालिका प्रतिशत | १००% | १००% | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | बालबिकास देखि ५ कक्षा सम्म | बालबिकास देखि ५ कक्षा सम्म | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण गर्ने विद्यालयको संख्या | १३ | १३ | निरन्तर | निरन्तर | निरन्तर | ३९ |
| ५ | खाने पानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुच पुगेका विद्यालय संख्या | १५ | १५ | ५ | १० | ९ | १००% |
| ६ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | ० | ० | २ | ३ | ३ | ५ |

**४.४.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका विकास र वितरण | १० | ५ | ९ | १० | ५ | ३९ | | संघ, प्रदेश, स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | नेपाल सरकार द्धावरा संचालीत दिवा खाजा कार्यक्रम संञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| ३ | खाजा तथा स्वास्थ्य कार्यक्रम सम्बन्धी अभिमुखीकरण | २ | २ | ४ | ५ | ५ | १ | १९ | |
| ४ | स्वास्थ्य तथा पोषण सम्बन्धी अभिमुखीकरण | १ | २ | १ | ३ | १ | १ | ९ | |
| ५ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन | उलल | गयगयगु यगहुउ | रेरत | हततरह | गेहगे | गग | गरग | |
| ६ | स्वस्थकर र पौष्टिक तथा स्थानीय उत्पादनमा आधारित दिवाखाजाको प्रवन्ध गर्ने। | निरन्तर | | | | | | | |
| ७ | कक्षा ६-१२ सम्मका किशोरीहरुलाई महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याडको व्यवस्था गर्ने | निरन्तर | | | | | | | |
| ८ | आवधिक स्वास्थ्य जाँच,जुकाको औषधि र सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरु (भिटामिन ए र आइरन फोलिक एसिड आदि प्रदान गर्ने।) | निरन्तर | | | | | | | |
| ९ | विद्यालयमा स्वास्थ्य,सरसफाइ तथा स्वच्छता पोषण र किशोरीहरुका लागि महिनावारी स्वच्छता सम्बन्धी शिक्षा व्यवस्था गर्ने | निरन्तर | | | | | | | |
| १० | विद्यालयहरुमा विद्यालय संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग शौचालय तथा युरिनल,किशोरीहरुका लागि चेन्ज रुम,प्रयोग भइसकेका सामग्री व्यवस्थापन,हात धुने ठाउँ,स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिषर सरसफाइको प्रबन्ध र घेरवारको व्यवस्था। | किसोरिका लागि......<br>निरन्तर | | | | | | | |
| जम्मा | | | | | | | | | |

**४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता**

महामारी, प्राकृतिक प्रकोप, युद्ध वा द्वन्दको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) को रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी [ Preparedness ] आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने [response] र आपतकाल पश्चात क्षतिको आपूरण (recovery) गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न स्थानीय सरकारहरु आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षालाई समावेश गर्ने गरेका छन् । सुर्नया गाउँपालिकामा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र बजेट तथा कार्यक्रममा समावेश गरिएको छ । विशेषतः द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, भुकम्प तथा

विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड- १९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा योजना (२०८१-२०९०) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

शिक्षा योजनाले आपतकालीन तथा संकटपूर्ण अवस्थामा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन, महामारी, द्वन्द्र, विस्थापन तथा बसाइसराई जस्ता पक्षलाई समेट्नु पर्दछ। प्रकोप जोखिम न्यूनीकरण व्यवस्थापन अन्तर्गत भूकम्प, बाढीपहिरो, हावाहुरी,असिना, आगलागी, चट्याङ, अतिवृष्टि, अनावृष्टि, खडेरी, दुर्घटना, अति चिसो वातावरण आदि प्रकोपहरूको बारेमा पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी तथा सिप विकास, र प्रकोपबाट शिक्षा क्षेत्रलाई बचाउन आवश्यक तयारी पर्दछन्। त्यसै गरी महामारी अन्तर्गत झाडापखाला, हैजा, भाइरल ज्वरो, टाइफाइड, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिड लगायतका सरुवा रोग तथा महामारीहरूबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी र महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी पर्दछन्।

**४.५.१ वर्तमान अवस्था**

हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले विपद जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित विद्यालयको मर्मतसम्भार, सुरक्षित निर्माण तथा प्रवलीकरणमा केन्द्रित रहने उल्लेख गरेको हुँदा सुर्नया गाउँपालिकाको शिक्षा नीतिले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली बेइज्जती, विभेद लागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसा रहित र भय रहित सिकाइ केन्द्रको रूपमा विकास गर्ने कार्य तय गरेको छ।

कोभिड १९ ले  शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई सम्बोधन गर्न विभिन्न कार्यहरू विगत वर्षदेखि नै सञ्चालन गरिदै आएका छन्।  यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न सुर्नया गाउँपालिकाले विशेषतः शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र बैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू गर्दै आएको छ।

आपतकालीन अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

समग्रमा विपदको अवस्थामा पनि विद्यार्थीको सिकाइलाई निरन्तरता दिन यस गाउँपालिकाले भर्चुअल कक्षाको व्यवस्था गर्नु, विद्यार्थीलाई मनोवैज्ञानिक परामर्श सेवा प्रदान गर्नु, जनचेतना फैलाउनु, आदि रहेका छन्।

**अवसर तथा चुनौतिहरू:**

१. विपदको अवस्थामा पनि विद्यार्थीको सिकाइलाई निरन्तरता दिनु।
२. अकल्पनीय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्ने।
३. संकटहरूको वर्गीकरण गरी उक्त समयमा सिकाइ निरन्तरताको योजना बनाउने।
४. विपदको समयमा निर्वाद रूपमा भर्चुअल कक्षा संचालन गर्नु।
५. विद्यार्थीलाई मनोवैज्ञानिक परामर्श प्रदान गरि उनीहरुलाई स्वेच्छिक रुपमा सिकाइमा सक्रिय गराउनु।

**४.५.२ उद्देश्य:**

१. सम्भावित संकटपूर्ण अवस्थामा  पनि विद्यार्थीको सिकाईलाई निरन्तरता दिनु ।
२. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिस

**४.५.३ रणनीतिहरू:**

१. स्थानीय तह तथा विद्यालयहरूले सम्भावित संकटलाइ मध्यनजर गरी सम्भावित शैक्षिक क्षेतिलाई कम गर्न योजना निर्माण गर्ने ।
२. विपद प्रतिरोधी भौतिक पुर्वाधारको निर्माण तथा पुनर्स्थापना गरिनेछ।
३. विद्यार्थी, शिक्षक र अभिभावकको लागी विपदप्रतिकार्य र पुनर्स्थापनाका लागि तालीमद्वारा क्षमता विकास गरिनेछ।
४. प्राकृतिक प्रकोप तथा जोखिम न्युनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगोविकास कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ।

**४.५.४ प्रमुख प्राथमिकता क्षेत्र, नतिजा तथा क्रियाकलाप:**

**उपलब्धि**

आपतकालीन तथा संकटपूर्ण परिस्थतिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

**नतिजा**

१. विद्यालयमा विपद प्रतिकार्य योजना निर्माण भइ विपदको अवस्थामा पनि सिकाई निरन्तर हुने।
२. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापन हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | वालवालिकालाई आधारभूत जीवन शीप सहित कोभिड जस्ता महामारी तथा विपद जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने माध्यमिक विद्यालय संख्या | १३ | १३ | १३ | १३ | १३ | निरन्तर |
| २ | हरित विद्यालय संख्या | ० | ० | १३ | १६ | ४ | निरन्तर |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय संख्या | ० | ० | १३ | १६ | ४ | निरन्तर |

**४.५.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विपत तथा प्रकोप ब्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सर१३कारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | विपत पूर्वतयारि प्रतिकार्य पुनस्थापना तथा उत्थानशिलताका लागी सचेतना कार्यक्रम | १ | १ | सानस | | | | | |
| ३ | शिक्षक तथा वि ब्य स तालिम | २ | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | विपत प्रतिरोधि विद्यालय संख्या | २० | २० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| जम्मा | | | | | | | | | |

**४.६ विद्यालयको भौतिक पूर्वाधार विकास**

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सरसफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तह (कक्षा १-५) का प्रारम्भिक कक्षाका लागि प्रतिविद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति, यस गाउँपालिकाको शिक्षा सम्बन्धि नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरिएको छ।

यस खण्डमा सुर्नया गाउँपालिका भित्र रहेका विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजाहरु,प्रमुख लक्ष्य उल्लेख गरिएको छ।१३

**४.६.१ वर्तमान अवस्था**

सुर्नया गाउँपालिकामा कुल ३९ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । सञ्चालित विद्यालयहरुको भौतिक अवस्था तलको तालिकाबाट प्रस्ट पार्न सकिन्छः

| क्र. सं | विद्यालय को नाम | भवन संख्या | कोठा संख्या | पुस्तकालय | नेट | विज्ञानप्रयोगशाला | ई-हाजिरी | आइसिटी ल्याव | कम्प्युटर संख्या | फोटो कपी | प्रोजेक्टर | शौचालय | घेरबार | विद्यालयको आवश्यकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | केदार मावि कठ्मडा -७ | ५ | १९ | १ | ० | १ | छैन | छैन | १ | छैन | छैन | ४ | छैन | भवन जीर्ण भएकोले भवन आवश्यक शौचालय र घेरवार |
| २ | भुवनेश्व मावि पत्थरकोट -७ | ४ | ११ | १ | छैन | छ | छैन | छैन | ४ | १ | २ | २ | छैन | खेलसामग्री, भवन शौचालय र खेलमैदान, घेरबार |
| ३ | भुमिराज मावि ढोले-८ | ६ | १६ | १ | छैन | १ | छैन | छैन | छैन | १ | ० | ४ | छैन | भवन जीर्ण भएकोले भवन आवश्यक छ, खेल मैदान, घेरबार आबस्यक छ |
| ४ | वासुदेव मावि लिस्किटा -२ | १६ | ३१ | १ | छ | १ | छैन | छ | ४० | ४ | २ | ३ | छैन | शौचालय तथा खानेपानी घेरवार |
| ५ | सिगास आवि दोरा -८ | २ | % | ० | 5}g | 5}g | 5}g | 5}g | 5}g | 5}g | 5}g | १ | छ | घेरबार, खेलमैदान आबस्यक छ |
| ६ | कैलपाल मावि झाड्बो -७ | ५ | १५ | १ | छैन | १ | छैन | १ | ४ | ३ | छैन | २ | छैन | भवनको घेरवार खेल मैदान र शौचालयको ब्यवस्थापन गर्नु पर्ने |
| ७ | राष्टिय मावि फाटिगाडा-४ | ५ | १४ | छैन | छैन | छैन | १ | छेन | १३ | २ | १ | १ | छैन | घेरबार शौचालय खानेपानी कमी |
| ८ | अनिरुद्ध बालकल्याण आवि खर्काधार-६ | २ | ६ | छैन | छैन | छैन | छन | छैन | १ | १ | छैन | १ | छैन | सभाहल शौचालय खानेपानी घेरवार |
| ९ | बन्दिपुर आवि रडिगाउँ-५ | ३ | ७ | छैन | छैन | छैन | छैन | छैन | २ | १ | छैन | २ | छैन | घेराबारको अभाव, खेलमैदान आबस्यक |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | बासुदेव आवि तडिगाउँ-३ | ५ | १२ | छैन | छैन | | | ३ | ३ | १ | छैन | २ | छैन | खेलसामग्री, खानेपानी धारो, भवन अभाव |
| ११ | भुमिराज बालबिकास केन्द्-७ | १ | २ | 0 | | | | | | | | १ | | खेलसामग्री, भवन तथा घेरवार अभाव |
| १२ | भुमिराज आवि पिपलाधार -६ | २ | ५ | | | | | | | | | १ | | , भवन, घेरवार खेलमैदान आबस्यक रहेको |
| १३ | भुमिराज उदयदेव आवि रिगा-६ | २ | ५ | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | घेरबार |
| १४ | विशेस्वर आवि बाँस-३ | ५ | ११ | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | शौचालय र घेरवार |
| १५ | डाँडाबाग आवि सुर्नया ग्वानी-२ | २ | ४ | ० | ० | ० | ० | १ | १ | १ | ० | १ | ० | घेराबार, पुस्तकालय तथा बालमैत्री खेलसामग्री |
| १६ | गलिनाथ आवि चौका -७ | ३ | ८ | १ | ० | १ | ० | १ | ४ | १ | ० | १ | ० | भवन, खेलमैदान र घेरवार |
| १७ | गणेश आवि सेला-८ | ४ | १० | ० | ० | ० | ० | ० | १ | १ | ० | २ | ० | घेरवार र शौचालय |
| १८ | कैलपाल भेलेलिङ्ग आवि कोखेत-६ | १ | ४ | ० | ० | ० | ००० | ० | ० | ० | ० | १ | ० | भवन तथा घेराबारको अभाव |
| १९ | कमलेश्वर चन्द्रमणी आ वि विष्टपाली-५ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | घेरवार |
| २० | केदार आवि नोडालेक-४ | २ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | सभाहल, भान्छा घर, भवन, खेलमैदान , घेरबार, खानेपानी फर्निचरको अभाव |
| २१ | केदार आवि बसन्तपुर | २ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | सौचालय, भवन घेरवार, खानेपानी, |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकुली-४ | | | | | | | | | | | | | खेलमैदान आबस्यक |
| २२ | केदार आवि विजुल-३ | २ | ५ | ० | ० | ० | ० | ० | १ | १ | ० | २ | ० | खानेपानी घेरवार, सौचालय आबस्यक |
| २३ | केदार आवि बरायलगाडा-६ | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | भवन घेरवार र फर्निचरको अभाव |
| २४ | केदार आवि डुङगरी-३ | ३ | ९ | ० | ० | ० | ० | १ | ४ | १ | ० | २ | ० | भवन, घेरबार, खानेपानी र शौचालय |
| २५ | नेपाल राष्टिय मावि ग्वानी-२ | ८ | २१ | १ | ० | १ | ० | १ | ६ | १ | ० | २ | ० | घेराबार, खेलमैदान, खानेपानी, भवन आबस्यक |
| २६ | पञ्चदेव आवि डबराली-४ | ३ | १० | १ | ० | ० | ० | १ | ६ | २ | ० | १ | ० | कम्प्युटरजन्य सामग्रीकोअभाव शौचालय, भवन ,घेरवार |
| २७ | पत्तालभुमेश्वर आवि ग्वानी -२ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | टिनको भवन भएको र खानेपानी को अवश्यकता भएको |
| २८ | रौलेश्वर मावि रामकी बरायल -५ | ५ | २० | १ | ० | १ | ० | १ | ८ | २ | ० | ४ | ० | शौचालय खानेपानी घेरवार, पुस्तकालय भवन, महिला छात्राबास भवन, भान्सा घर, ECD कक्षा फर्निचर ब्यबस्थापन सभाहल आबस्यक |
| २९ | रौलेश्वर आवि घट्टेपाथ्थर-५ | ४ | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | घेरबार, फर्निचर अभाव,शौचालय |
| ३० | सरस्वती आवि चिल्लेपानी -२ | २ | ६ | ० | ० | ० | ० | १ | ६ | २ | ० | २ | ० | भवन शौचालय र खानेपानी |
| ३१ | शंकर | ५ | ३७ | १ | ० | १ | ० | १ | १० | ६ | २ | २ | ० | भवन शौचालय |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संस्कृत मावि मुलखटाली-६ | | | | | | | | | | | | | र घेरवार |
| ३२ | सिद्धेश्वर आवि कटनौली-२ | २ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | शौचालय,घेरवार खानेपानी कमी |
| ३३ | सिद्धनाथ आवि धुलिधार -५ | ५ | १० | १ | ० | ० | ० | १ | ७ | २ | ० | २ | ० | घेरवार, खानेपानी, भवन, भान्छा घर, सभाहल र शौचालय |
| ३४ | सिद्धनाथ आवि कक्स्याली -५ | २ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | |
| ३५ | सिगास आवि छिडामालम पत्थरकोट – ७ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | |
| ३६ | सिगास मावि मुसेरौटे-६ | ६ | ७ | ० | ० | १ | ० | ० | २ | १ | ० | २ | ० | |
| ३७ | सुर्यप्रकाश आवि मेलडुङरा-४ | १ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | |
| ३८ | उच्चाकोट मावि गुर्केली-१ | ५ | १४ | ० | ० | ० | ० | १ | ७ | २ | ० | २ | ० | |
| ३९ | उदयदेव मावि पालिगाडा-४ | ६ | १३ | ० | ० | ० | ० | १ | ८ | २ | ० | २ | ० | |
| ४० | भुबनेश्वर मावि सुर्नया गोयली -३ | ८ | २१ | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | |

**चुनौतिहरू र अवसर :**

一 विद्यालयको पूर्वाधार विकासलाई गुणस्तरीय बनाउनु ।

二 शिक्षामा सुचना तथा संचार प्रविधिको पहुंच विस्तार गरि प्रयोग गर्नु ।

三 सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसार

四 को कार्यान्वयन गर्नु
五 पूर्वाधार विकासका लागि स्रोतको पहिचान गरि व्यवस्थापन गर्नु।
六 पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता मैत्री र लैङ्गिक मैत्री बनाउनु।
七 भौतिक पुर्वाधार निर्माणमा जवाफदेहिता र उत्तरदायित्व बोध गर्नु।
八 विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु।
九 स्थानीय तहको स्रोत परिचालन गरी पारदर्शी र जावाफदेही ढंगले विद्यालय पूर्वाधार विकास गर्नु।
१०विद्यालयको भौतिक विकासमा समुदायको सहभागिता बढाउनु ।

**४.६.२ उद्देश्यः**

一. सबैकालागी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु।
二. सुरक्षित बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधारको विकास गर्नु।

**४.६.३ रणनीतिहरूः**

一. विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका लागि मापदण्ड निर्धारण गरिनेछ।
二. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघ संस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गउयभधरि विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गरिने छ।
三. विद्यालय पूर्वाधार विकासका लागि एकीकृत योजना निर्माण गरी लागु गरिने छ।
四. प्रकोपबाट प्रभावित भएका विद्यालयका भौतिक पूर्वाधारहरूलाई यथाशिघ्र वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिनेछ।
五. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।
六. अभिभावक र सरोकारवाला संग बिद्यालयका भौतिक सम्पतिहरुको संरक्षण तथा पर्वर्धन सम्बन्धि नियमित अन्तरक्रिया गराइनेछ।
七. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।
八. विद्यालयका भौतिक पुर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री बनाइने छ।
九. सुर्नया गाउँपालिका अन्तर्गत भौतिक पूर्वाधारको आवश्यकता र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार गरी लागु गर्ने।
十. बिद्यालयको बिभिन्न भौतिक संरचनाहरुको नियमित अनुगमन गरिनेछ।

**४.६.४ उपलब्धी, नतिजा तथा प्रमुख क्रियाकलापहरुः**

**उपलब्धि तथा नतिजा**

१. एकीकृत योजना अनुसार सुरक्षित भौतिक पूर्वाधारको विकास गरी गुणस्तरीय सिकाइ वातावरण सिर्जना भएको हुने।
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने।
३. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण भएको हुने।
४. सुर्नया गाउँपालिका अन्तर्गत भौतिक पूर्वाधारको चर मापदण्ड सहितको १० वर्षे मास्टर प्लान लागु भएको हुने।
५. पूर्वाधार सूचक अनुसारका विद्यालयका भौतिक पूर्वाधारहरु निर्माण भएकको हुने।

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | २० | २० | | | | |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षा कोठा संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ३ | सवलिकरण गर्नु पर्ने कक्षा कोठा संख्या | ० | ० | १० | १२ | १५ | २५ |
| ४ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागी कार्य गर्नुपर्ने विद्यालय संख्या | ० | ० | २ | ३ | १ | १ |

**४.६.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | भूकम्प प्रतिरोधी विद्यालय निर्माण | २० | २० | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | कक्षा कोठा निर्माण | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| ३ | कक्षाकोठा सवलिकरण | ० | ० | १० | १२ | १५ | २५ | २५ | |
| ४ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका | ० | ० | २ | ३ | २ | २ | १ | |
| जम्मा | | | | | | | | | |

**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि:५**

सूचना तथा सञ्चार प्रविधि समाजका विविध आयामहरुमा अपरिहार्य भए जस्तै शिक्षा क्षेत्रमा समेत अपरिहार्य बनि सकेको छ । शिक्षा क्षेत्रमा सुचना तथा प्रविधिको प्रयोगलाई नियाल्ने हो भने यसको प्रयोग शिक्षा क्षेत्रको व्यवस्थापकीय पक्षमा र शिक्षणसिकाइको दुवै पक्षमा भइ रहेको छ।शिक्षण सिकाइको पक्षबाट हेर्दा सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगलेसिकाइ सुधार गर्न सिकाइलाई सान्दर्भिक बनाउन सिकाइप्रति विद्यार्थीहरुलाई अभिप्रेरित गर्न तथा विद्यार्थीहरुले स्वअध्ययनका लागि प्रयोग भएको पाउन सकिन्छ ।व्यवस्थापकी५य र प्रशासनिक पक्षबाट हेर्दा तथ्याङ्क व्यवस्थापन गर्न अनुगमन र मुल्याङ्कन गर्न तालिम सेमिनार तथा सम्मेलन आयोजना गर्न तथा शैक्षिक सुशासन कायम गर्नको लागि सुचना तथा सञ्चार प्रविधिलाई प्रयोग गरिएको छ।

शिक्षामा सुचना तथा सञ्चार प्रविधिको विकासक्रम हेर्दा शिक्षामा सुचना तथा सञ्चार प्रविधिको योजना २०१३ -२०१७ ले शिक्षामा सुचना तथा सञ्चार प्रविधिको सम्बन्धमा मार्गदर्शक सिद्वान्तहरु विकास गरेको थियो ।ती मार्गदर्शक सिद्वान्तहरु आजको सन्दर्भमा समेत उत्तिकै सान्दर्भिक रहेका छन ।उक्त गुरु योजनाले निर्धारण गरेका उद्देश्यहरुमा सबै विद्यार्थीका लागि सुचना तथा सञ्चार प्रविधिलाई आधारभुत साक्षरताका रुपमा विकास गरी डिजिटल डिभाइड कम गर्ने शिक्षामा समतामुलक पहुच पुर्याइ गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रवाह तथा प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभुति गर्ने रहेका थिए। यसका लागि उक्त गुरुयोजनाले पहिचान गरेका चारवटा क्षेत्रहरुमा सुचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने, शैक्षिक पद्धति तथा व्यवस्थापनमा सुधार गर्ने थिए। यस गुरुयोजनाको सन्दर्भ हाल समेत रहेको पाउन सकिन्छ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ ।विभिन्न प्रकारका विपद र महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सुचना तथा सञ्चार प्रविधिले महत्वपुर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेका क्षमताको आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि प्रर्याप्त सक्षमता र संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन यस्तो अवस्थामा सबैका लागि पहुच पुग्ने गरी शिक्षामा सूचना र सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ।

**४.७.१ वर्तमान अवस्थाः**

राष्ट्रिय रुपमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति, कानुन तथा रणनीतिहरुको व्यवस्था र तिनको कार्यान्वयन शिक्षामा सुचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने हुन्छ। नेपालले ब्रोडब्याण्ड नीति २०७१ ल्याएको छ ।जसले विद्यालय लगायतमा कनेक्टिभिटी सुरक्षा लगायतका विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि निति २०७२, ले सूचना र सञ्चारका संरचनामा पहुच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरु तय गरेको छ ।डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसमा सूचना र सञ्चार प्रविधि शिक्षा, **Geospatial / GIS**शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना र सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

**नेपाल सरकारले २०७७** सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति उल्लेख गरिएको छ ।उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तथार गर्ने कनेक्टिभिटी पुर्याउने तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ।

त्यसै गरी विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ ।विद्यालय क्षेत्र विकास योजनामा समावेश गरेका मुख्य क्रियाकलापहरुमा सिकाइमा सुचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने विज्ञान,गणित र अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने पुर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरुमा सुचना प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकिकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने, र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने रहेका थिए ।यसका अलवा प्रदेश सरकारबाट समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विशेष जोड दिदै विभिन्न विद्यालयहरुमा सुविधा सम्पन्न कम्प्युटर ल्याव स्थापना गर्ने कार्य अगाडि बढाइएको छ।यसका अलवा शिक्षा तालिम केन्द्रले प्रदान गर्ने शिक्षक तालिम अहिले भर्चुअल माध्यमवाट समेत सञ्चालन गर्ने गरेको छ।

यस सुर्नया गाउँपालिकाले पनि विद्यालय शिक्षालाई प्रविधिमय बनाउन आवश्यक पहल विभिन्न समयमा गरेको छ। आधारभूत (कक्षा६-८) र माध्यमिक विद्यालयहरुमा कम्प्युटर ल्याव स्थापना, एक विद्यालय एक डिजिटल पुस्तकालय/ई-लाइब्रेरी विकास अवधारणा,सबै विद्यालयमा नेट-इन्टरनेटको व्यवस्थापनमा जोड दिएको छ। तथापि भौगोलिक विकटता, विद्युतको असुविधाको कारणले प्रभावकारी रुपमा कार्यान्वयन भने गर्न सकिएको छैन।

**चुनौति र अवसरहरुः**

१. सबै विद्यालयहरुमा कम्पुटर ल्याब स्थापना गर्ने।
२. एक विद्यालय एक डिजिटल पुस्तकालय स्थापना गर्ने।
३. सबै विद्यालयहरुमा इन्टरनेटको पहुच सुनिश्चित गर्ने।
४. सुचना प्रविधि सम्बन्धि दक्ष जनशक्ति व्यवस्थापन गर्ने।
५. विद्यालयहरुलाई प्रविधि मैत्री बनाउन आवश्यक बजेट व्यवस्थापन गर्ने।

**४.७.२ उद्देश्यहरु**

१. सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

**४.७.३ रणनितिहरुः**

१. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभुत संरचना तथा उपकरणको व्यवस्था गरी सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाइनेछ।
२. विद्यालयमा रहेका सबै शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि सम्वन्धी आधारभूत तालिम प्रदान गरिनेछ।
३. गाउँपालिका तथा विद्यालयवाट छनौट तथा नियुक्त गरिने शिक्षकहरुको लागि आधारभुत सूचना तथा सञ्चार प्रविधि सीप परीक्षण अनिवार्य गरिनेछ।
४. पाठ्क्रम तथा पाठ्यसामग्रीहरुको डिजिटलप्रति विद्यार्थीहरुलाई सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ।
५. सूचना तथा सञ्चार प्रविधिको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक सहकार्य र समन्य गरिनेछ।
६. सबै विद्यालयहरुले **IEMIS**अन्तर्गतका कार्यहरुलाई समयमा नै समपन्न गर्ने गरी क्षमता विकास गरिनेछ।
७. सबै विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला स्थापना गरी ई-पुस्तकालय सञ्चालन गरिनेछ।

**४.७.४ उपलब्धी, नतिजा र क्रियाकलाप**

**उपलब्धी**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पुर्वाधार विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

३. विभिन्न कक्षा तथा विषयका लागि अन्तर्क्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने ।

४. सबै विद्यालयहरुले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।

५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने ।

६. डिजिटल डिभाइड कम गर्दै विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरु लगायत सबैको सूचना तथा सञ्चार प्रविधिमा पहुँच पुगेको हुने ।

७. शिक्षाको समग्र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने ।

८. सूचना तथा सञ्चार प्रविधिमा आधारित एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली ( IEMIS ) सम्बन्धी कार्य विद्यालयहरु स्वयमले समयमा नै सम्पन्न गरेको हुने ।

९. सुचना प्रविधिको प्रयोगले विद्यालयको व्यवस्थापन र सुशासनमा सुधार आउने ।

१०. अनुगमन मुल्याङ्कनतथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने ,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको संख्या | ० | ० | ५ | २० | १० | ४ |
| २ | शिक्षण सिकाई क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | ० | ० | ३ | ५ | २ | ३ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्य सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | ० | ३ | ५ | २ | ३ |
| ४ | व्यवस्थापकिय कार्यमा सुचना तथा संचार विधिको प्रयोग गर्ने विद्यालय संख्या | १३ | १३ | ५ | १० | २ | सबै |
| ५ | विद्युतीय पहुच पुगेका विद्यालय संख्या | १३ | १३ | ७ | १० | ५ | |

**४.७.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | कम्प्युटर पहुँच नभएका विद्यालयहरुमा कम्प्युटर पहुँच विस्तार | १ | ३ | ३ | ३ | ३ | १३ | | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न |
| २ | आधारभूत विद्यालयहरु तथा सबै माध्यमिक विद्यालयहरुमा कम्प्युटर ल्याव स्थापना गर्ने । | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पाठ्यक्रम पाठ्य पुस्तक तथा पाठ्यसामग्रीका डिजिटल प्रति तथा अन्तरक्रियात्मक डिजिटल सामग्रीहरु सबैलाई सहज रुपमा उपलब्ध गराउने । | निरन्तर | | | | | | ३९ | सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| ४ | सबै विद्यालयहरुले स्वयं IEMIS सम्बन्धी कार्य गर्न सक्ने गरि आवश्यक तालिम सञ्चालन गर्ने । | १० | १२ | ८ | १० | ९ | ३९ | ३९ | |
| ५ | गाउँपालिका स्तरमा नमूना ICT ल्यावको स्थापना | | | | | | | १ | |
| जम्मा | | | | | | | | | |

## परिच्छेद ५
## अन्य उपक्षेत्रहरु

### ५.१ छात्रवृत्ति

विद्यालय शिक्षामा विद्यार्थीहरूको सहभागिता वृद्धि गरी सिकाइलाई निरन्तरता दिन तथा विद्यालय बाहिर रहेका, आर्थिक, सामाजिक रुपले पिछडिएका वर्गलाई विद्यालय शिक्षामा पहुँच पुऱ्याउन अगाडि सारिएको उत्प्रेणामूलक कार्य नै छात्रवृत्ति हो । जसको सहयोगले लक्षित समुदाय अर्थात गरिब, सुविधा बिहीन, अपाङ्ग तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ । छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधा बिहीन तथा कठीन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेशनरी लगायतका सामग्रीहरू, दिवा खाजा आदि उपलब्ध हुन नसकी विद्यालयमा हुने अनुपस्थिति दर तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहसम्म अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ । यसबाट विद्यालयमा विद्यार्थीको उपस्थिति दर र सक्रिय सिकाइ सहभागितामा वृद्धि भइ सिकाइ उपलब्धि दर तथा शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण योगदान पुग्दछ । विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने छात्रवृत्ति तथा प्रोत्साहन मूलतः गरिबी केन्द्रित हुन आवश्यक छ । यस प्रावधानले सुविधा विहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई पनि समेट्न सक्छ ।

#### ५.१.१ वर्तमान अवस्थाः

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि दलित र छात्रा छात्रवृत्तिहरू प्रदान गर्दै आइरहेको गाउँपालिका अन्तर्गत आधारभुत तह कक्षा १-८ सम्म जम्मा १५५७ जनाले छात्रा छात्रवृत्ति र ८१६ जनाले दलित छात्रवृत्ती शैक्षिक सत्र २०८० मा सुविधा लिएका छन् ।

**अवसर र चुनौतिहरू**

一. गैर आवासिय छात्रवृत्ति तथा बिपन्न लिक्षित छात्रवृतिको ब्यास्थापन गर्न ।

二. विद्यार्थीको आर्थिक अवस्था अनुसार छात्रवृतिको ब्यवस्था गर्न ।

三. छात्रवृत्ति वितरण र यसको प्रभावकारिताको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन।

四. छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्न।

五. Online मा आधारित छात्रवृत्ती सम्बन्धी कार्य गर्न इन्टरनेटको व्यवस्था गर्न ।

**५.१.२ उद्देश्यः**

१. विद्यालय तहको छात्रवृत्ति वितरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी बालबालिकाहरूको सहभागिता तथा सिकाइमा सुधार ल्याउनु।

२. प्राविधिक तथा व्यवशायिक शिक्षामा वालवालिकाको पहुच सुनिश्चित गर्नु ।

**५.१.३ रणनीतिहरूः**

१. लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति वितरण गरिने छ।

२. स्थानीय तहबाट कक्षा १० उत्तीर्ण गर्ने उत्कृष्ट तथा बिपन्न विद्यार्थी पहिचान गरी निःशुल्क प्राविधिक तथा उच्च शिक्षाको अवसर प्रदान गरिनेछ।

३. निःशुल्क प्राविधिक उच्चशिक्षा अध्ययनको अवसर पाएका विद्यार्थीलाई अध्ययन पश्चात ५ वर्ष आफ्नो क्षेत्रमा रोजगारीको अवसर प्रदान गरिने छ।

४. आवासिय विद्यालय सम्बन्धी कार्यविधि निर्माण गरि कार्यान्वियन गरिने छ।

**५.१.४ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य**

**उपलब्धि तथा नतिजा**

१. आर्थिक अभावमा रहेका बालबालिकाहरूलाई समेत शिक्षाको अवसर प्राप्त हुने।

२. लक्षित वर्ग पहिचान गरी एकीकृत छात्रवृत्ति वितरण प्रणालीको विकास र कार्यान्वयन हुने।

३. प्राविधिक तथा व्यावसायिक शिक्षामा विपन्न वर्गको पहुच सुनिश्चित हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | छात्रवृत्ति वितरणको दिन तोकी छात्रवृत्ती वितरण गर्ने | १ | १ | १ | १ | १ | ५ |
| २ | विद्यालय तहका बालबालिकाको सिकाइ प्रोत्साहन कार्यक्रम पहिचान र कार्यान्वयन | १ | १ | १ | १ | १ | ५ |
| ३ | माध्यमिक तहमा उच्च अंक ल्याउन सफल विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ती कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |
| ४ | विपन्न लक्षित छात्रवृत्ती कार्यक्रम प्रभावकारी बनाउन विद्यालयलाई अभिमुखीकरण | १ | १ | १ | १ | १ | ५ |
| ५ | विपन्न लक्षित छात्रवृतिमा सबै विपन्न बालबालिकाको पहुँच सुनिश्चिता कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |

**४.७.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | छात्रवृत्ति वितरणको दिन तोकी छात्रवृत्ती वितरण गर्ने | ६.२४८ | ६.२४८ | ६.२४८ | ६.२४८ | ६.२४८ | ३५.२४ | ३५.२४ | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | विद्यालय तहका बालबालिकाको सिकाइ प्रोत्साहन कार्यक्रम पहिचान र कार्यान्वयन | ५ | ६ | ७ | ७ | ८ | ३३ | ३३ | |
| ३ | माध्यमिक तहमा उच्च अंक ल्याउन सफल विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ती कार्यक्रम | २ | २ | ३ | ३ | ३ | १३ | १३ | |
| ४ | विपन्न लक्षित छात्रवृत्ती कार्यक्रम प्रभावकारी बनाउन विद्यालयलाई अभिमुखीकरण | २ | २ | २ | २ | २ | १० | १० | |
| ५ | विपन्न लक्षित छात्रवृतिमा सबै विपन्न बालबालिकाको पहुँच सुनिश्चिता कार्यक्रम | २ | २ | २ | २ | २ | १० | १० | |
| जम्मा | | १७.२४८ | १८.२४८ | २०.२४८ | २०.२४८ | २०.२४८ | ६६ | ६६ | |

**परिच्छेद ६**

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निर्णय तथा सोको कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (governance) लाई जनाउँदछ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुन, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारीहरुको भूमिका रहने भएकाले भुमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी उल्लिखित तीन पक्षहरुको उचित व्यवस्थापनका लागि योजनाका उदेश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप संवैधानिक प्रावधानअनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य-मान्यता र दृष्टिकोणमा आएको परिर्वतनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचिसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरुलाई प्राथमिकता दिनु पर्दछ ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली स्थापित गर्नु आवश्यक देखिन्छ ।

### ६.१ संस्थागत क्षमता विकासः

### ६.१.१ वर्तमान अवस्था

सुर्नया गाउँपालिकाको शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित रुपमा अगाडि बढाउन दक्ष र सक्षम जनशक्तिका साथै स्रोत साधनको आवश्यकता पर्दछ । जनशक्तिको उचित व्यवस्थापन र संगठनात्मक सुदृढीकरणले संस्थाको कार्य सम्पादनमा वृद्धि हुने गर्दछ । वर्तमान बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिर्वतन लगायतका पक्षहरुलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक छ । वर्तमान अवस्थामा सुर्नया गाउँपालिका भरिका ४४ वटै विद्यालयहरूमा शिक्षा क्षेत्रको व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयमा शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ । शिक्षा शाखामा शिक्षा प्रशासन, शिक्षा सेवाका अधिकृत स्तर तहको एक जना र शिक्षा प्रशासन शिक्षा सेवासहायक स्तर पाँचौ तहको एक जना गरी जम्मा २ जनाको दरबन्दी रहेको छ । शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, पालिका स्तरीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय, गाउँ शिक्षा समिति र गाउँपालिका बीच समन्वय स्थापित गरी अवश्यक सहजीकरण गर्नु शिक्षा शाखाको प्रमुख दायित्व रहेको छ । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन गर्न नसकेको कुराहरु सत्य सावित नै छ ।

**अवसर तथा चुनौतिहरू**

一. शैक्षिक व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने

二. विद्यालयका समग्र गतिविधिहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने

三. शैक्षिक सुशासनका लागि दिगो स्रोत व्यवस्थापन गर्ने ।

### ६.१.२ उद्देश्य

一. सुशासनाको लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।

二. सुशासनाको लागि पेशागत तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

三. आवश्यक स्रोत साधनको उचित व्यवस्थापन गर्नु ।

四. शैक्षिक तथा प्रशासनिक जवाफदेहिता अभिबृद्धि गरी शैक्षिक शुसासन कायम गर्नु ।

### ६.१.३ रणनीतिहरू

一. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ।

二. संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गरिने छ।

三. कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ।

四. प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समिति अक्ष्यक्षलाई थप जिम्मेवार बनाइ क्षमता विकास गरिने छ।

五. कार्यक्रमको प्रभावकारी ढंगबाट कार्यान्वियन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिने छ।

六. विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी र अभिभावकहरु विच निरन्तर समन्वय र सम्बन्ध स्थापित गरिने छ।

**६.१.४ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप**

**उपलब्धीहरु**

१. शिक्षा क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ।
२. शिक्षा क्षेत्रमा कार्यरथ जनशक्तीको क्षमता अभिवृद्धी भइ जवाफदेहिता, उत्तरदायित्व र जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ।
४. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालीम प्राप्त प्रधानाध्यापक संख्या | २ | ५ | ६ | ९ | ११ | १७ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालीम प्राप्त प्रधानाध्यापक संख्या | ४ | ९ | १३ | १६ | २२ | २६ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय संख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय संख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |

**६.१.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन | २ | २ | २ | २ | २ | १० | १० | संघ, प्रदेश, स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालीम | २ | २ | २ | २ | २ | १० | १० | सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | विद्यालय व्यवस्थापन समिति गठन | २ | २ | २ | २ | २ | १० | १० | |
| जम्मा | | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० | |

### ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको केही वर्ष कटिसकेको छ भने केही कानूनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको भएतापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपना, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

#### ६.२.१ वर्तमान अवस्था

योजना निर्माण पश्चात कार्यान्वयनमा प्रभावकारीपन नभएमा योजना निर्माणको औचित्य रहँदैन । नेपालमा योजना धेरै बन्छन् तर कार्यान्वयनको अभावमा कागजमा परिणत भएर थन्किएका विगतका अनुभवहरुबाट प्रस्ट हुन्छ । यस सन्दर्भमा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा गर्ने, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरुसँग समन्वय र सहकार्य गर्दछ । त्यसै गरी विकास साझेदारहरुसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरु कार्यान्वय गर्ने गर्दछ । संघीय संरचना अनुसार कार्य सम्पादन गर्नका लागि परिवर्तन भएको उल्लेखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरि कुशल व्यवस्थापनको लागि प्रयाप्त देखिदैन । गाउँपालिकामा कर्मचारी अभाव ,स्पष्ट जिम्मेवारी नहुनु तथा कार्यबोझले कार्यान्वयनमा जटिलता आउने गरेको छ ।

**अवसर तथा चुनौतिहरु**

一 शिक्षा सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्ने निकायमा कार्य गर्ने जनशक्ति व्यवस्थापन गर्न ।

二 शिक्षा सम्बन्धि कार्य गर्ने केन्द्रिय निकाय, प्रदेश स्तरीय निकाय , स्थानीय तह तथा संघ संस्थाका कार्यहरुलाई एकद्धार प्रणालीमा ल्याउन ।

三 स्थानीय स्तरबाट शिक्षाका क्रियाकलाप कार्यान्वयन गर्नका लागि स्रोत तथा लगानी व्यवस्थापन गर्न ।

四 शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिलाई सक्रिय गराउन ।

五 विद्यालयमा दक्ष जनशक्ति उपलब्ध गराउन ।

#### ६.२.२ उदेश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरि गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

२. विद्यालय व्यवस्थापन समितिहरुलाई विद्यालयका गतिविधिहरुमा सक्रिय गराउनु ।

३. विद्यालयहरुको अनुगमन र सुपरिवेक्षण गरी शिक्षामा गुणस्तर सुधार गर्नु ।

#### ६.२.३ रणनीतिहरु

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण भई प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरि वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तय गरिने छ ।

२. कार्यक्रम कार्यान्वयनको लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गरिने छ ।

३. योजना कार्यान्वयनको लागि शिक्षा , युवा तथा खेलकुद शाखाको अतिरिक्त अन्य समिति तथा उपसमिति निर्माण गरिने छ ।

४. शिक्षकहरुलाई समय-समयमा शैक्षिक योजनाको बारेमा अभिमुखीकरण गरिने छ।

५. एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीका आधारमा नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजा बारे समीक्षा गरिने छ।

६. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गरिने छ।

७. वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्य सुनिश्चितताको आवश्यक मापदण्ड तयार गरिने छ।

८. वडा कार्यालय मार्फत अभिभावक तथा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल गरि शैक्षिक गतिविधिको बारेमा अवगत गराइने छ।

९. विद्यालय व्यवस्थापन समितिसँग अन्तरक्रिया गरि निर्धारित कार्यक्रम कार्यान्वयनको लागि प्रधानाध्यापकहरुलाई जिम्मेवार बनाइने छ।

**६.२.४ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप**

**उपलब्धिहरु**

一. शिक्षा योजनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

二. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

三. आवश्यकता अनुसार कानून, कार्यविधि तथा निर्देशिका विकास भएका हुनेछन्।

प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | १ | १ | १ | १ | १ | ५ |
| २ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | १ | १ | १ | १ | १ | ५ |
| ३ | समिति तथा उपसमिति निर्माण | १ | १ | १ | १ | १ | ५ |
| ४ | कार्यक्रम कार्यान्वयनको लागि अभिमुखीकरण | १ | १ | १ | १ | १ | ५ |
| ५ | शैक्षिक तथ्याङ्क व्यवस्थापन | १ | १ | १ | १ | १ | ५ |
| ६ | शिअसं र वि.व्य.सलाई विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक सम्बन्धी अभिमुखिकरण | १ | १ | १ | १ | १ | ५ |
| ७ | सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल | १ | १ | १ | १ | १ | ५ |

**६.२.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | २ | २ | २ | २ | २ | १० | १० | संघ, प्रदेश, स्थानीय |
| २ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | २ | २ | २ | २ | २ | १० | १० | सरकार र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | समिति तथा उपसमिति निर्माण | २ | २ | २ | २ | २ | १० | १० | विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| ४ | कार्यक्रम कार्यान्वयनको लागि अभिमुखीकरण | २ | २ | २ | २ | २ | १० | १० | |
| ५ | शैक्षिक तथ्याङ्क व्यवस्थापन | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | शिअस र विव्यसलाई विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक सम्बन्धी अभिमुखिकरण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | १ | १ | १ | १ | १ | ५ | ५ | |

## परिच्छेद ७
## लगानी र स्रोत व्यवस्थापन

### ७.१ लगानी र श्रोत व्यवस्थापन

विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न र देशको समग्र पक्षको विकासको लागि शिक्षामा प्राथमिकताका साथ लगानि गर्नु अति आवश्यक छ। शिक्षामा भएको लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालिन विकासमा सहयोग पुर्याउछ। रज्यका दीर्घकालिन लक्ष्यहरुलाई मूर्तरुप दिन शिक्षामा राज्यले लगानी बढाउनु आवश्यक छ। यसरी शिक्षामा लगानी गर्दा राष्ट्रका सम्पूर्ण बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सुविधा, सहभागी भएकाहरुलाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र स्रोतको समतामुलक वितरण तथा उपयोगलाई विषेश ध्यान दिनु जरुरी हुन्छ।

नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्वन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्वन्धमा उल्लेख गरेको पाइन्छ। समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ। विशेष अनुदान र समपुरक अनुदान राष्ट्रिय योजना आयोगबाट व्यवस्थापन हुदै आएको छ। सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रकृया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ। संघीय सरकारवाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक प्रदेश सरकारवाट तथा स्थानीय तहको आफ्नै स्रोतमा आधारित बजेट पनि गाउँपालिकाले शिक्षा क्षेत्रमा विनियोजन गर्न सक्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकिकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँवाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने ? उपलब्ध स्रोतको उपयोग कुन ढंगबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लागनीको पक्ष उत्ति नै सक्षम र व्यवस्थित हुन्छ।

यस गाउँपालिकाको आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम र बजेटमा शिक्षातर्फ संघीय सरकारको ससर्त अनुदान अन्तर्गत जम्मा रु १५,१०,३०,०००,प्रदेश सरकारको ससर्त अनुदान अन्तर्गत रु ३०,००,०००, गाउँपालिकाको आन्तरिक स्रोतबाट रु ३,२०,००,००० गरी जम्मा रु १८,६०,३०,००० तथा गाउँपालिकाको कूल बजेटको करीब ४३.०४ प्रतिशत लगानी गरेको छ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लागानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ। पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

#### ७.१.१ वर्तमान अवस्थाः

शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ। सुर्नया गाउँपालिकाले पनि शिक्षा क्षेत्रमा आफ्नो कुल वजेटको ४३.०४ % अंश शिक्षामा लागानी गरेको छ। यसरी सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने महत्वपूर्ण आधार मान्न सकिन्छ।

सुर्नया गाउँपालिकाका सामुदायिक विद्यालयमा भएको लगानी सार्वजनिक लगानी मात्र हो। शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको पाइन्छ। निजी विद्यालयमा शुल्क लगायत सबै खर्च घरपरिवारबाटै हुने गर्दछ भने सामुदायिक विद्यालयहरुमा पनि घरपरिवारको लगानी विद्यार्थीको स्टेसनरी तथा ड्रेस लगायतमा हुने गरेकोले बालवालिकाको शिक्षामा उनीहरुको उल्लेख्य लगानी भइरहेको छ। तर पनि विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउन पनि थप लगानी आवश्यक देखिन्छ। त्यसैगरी दलित, महिला, विभिन्न प्रकारका परिस्थितिमा रहेका विपन्न तथा अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षाको पहुँच तथा सहभागिता बढाई समावेशिता प्रवर्धन गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि थप लगानी आवश्यक देखिन्छ।

फेरि शिक्षा क्षेत्रमा गरिने लगानी सिकाइका लागि हो। त्यसका लागि शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गर्छ। भौतिक पूर्वाधार तथा संरचना, प्रशासनिक खर्च, शैक्षिक सामग्री, छात्रवृत्ति, दिवा खाजा आदि लगानीका प्रमुख विषयक्षेत्र हुन्। उदाहरणका लागि शिक्षा क्षेत्रको कुल खर्चको ८५ प्रतिशत भन्दा बढी हिस्सा शिक्षक तलवमा मात्र भइरहेको छ ।

शिक्षामा गरेको लगानीको वस्तुपरक रुपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भन्न गाह्रो छ किनकी शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिदैन। फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्न सहज पनि छैन। शिक्षामा गरिने लगानी मानव संसाधन विकासका लागि गरिने लगानीका रुपमा लिइने गरेको पाइन्छ। यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धि हेर्ने गरिन्छ। साक्षरता दर, विद्यालयमा भर्ना दर, उतीर्ण दर,विद्यार्थी शैक्षिक उपलब्धि जस्ता पक्षमा भएको प्रगतिलाई शिक्षामा गरिएको लगानीको प्रतिफलको रुपमा लिन सकिन्छ। कतिपय विद्यालयहरूले विद्यालयको आर्थिक स्रोतको दिगो व्यवस्थापन गर्नका लागि विभिन्न क्रियाकलापहरू गरेको पाइन्छ। यस्तो कार्यले विद्यालयको शैक्षिक प्रवर्द्धन गर्नका लागि मद्दत पुगेको छ। विद्यालयहरूले दरिलो आर्थिक व्यवस्थापन गर्नका लागि विभिन्न संघसंस्था तथा व्यक्तिहरूबाट दान, चन्दा लगायत अचल सम्पतिहरू ग्रहण गर्ने गरेको पाइन्छ। शैक्षिक तथा भौतिक व्यवस्थापनका लागि समेत लगानी भएको पाइन्छ ।

**अवसर तथा चुनौतीहरु**

१. संघ, प्रदेश र स्थानीय तह बीचको शिक्षाको लगानी मापदण्ड र वित्तिय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लागानीको लागि जिम्मेवार बनाउने ।

२. विद्यालयमा आवश्यक पर्ने वित्तीय स्रोत पहिचान गरी परिचालन गर्ने ।

३. शिक्षामा आधुनिक प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

४. विद्यार्थीको सिकाइ गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने स्रोत व्यवस्थापनगर्ने ।

५. आर्थिक रुपले विपन्न, सुविधाविहीन, तथा अपाङ्गता भएका बालबालिकाहरुको पहुँच र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी गर्ने ।

६. गैर सरकारी क्षेत्र र अभिभावकको लगानीलाई अभिलेखीकरण गरी थप लगानीका लागि प्रोत्साहित गर्ने ।

७. वित्तीय व्यवस्थापकको कार्यकुशलता वढाउन व्यक्ति र संस्थाको क्षमता विकास गर्ने ।

८. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने ।

### ७.१.२ उद्देश्य

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बिभिन्न स्रोतको प्रक्षेपण र कार्यक्रमको प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने ।

### ७.३ रणनीतिहरु

१. मापदण्डका आधारमा खर्च गर्ने र सोको प्रतिवेदन पेश गर्ने पद्धति अवलम्बन गरिनेछ ।

२. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरुबीचको लागत साझेदारीमा हुनेछ । यसका लागि सुर्नया गाउँपालिकाले शिक्षा क्षेत्रमा आफ्नो स्रोतबाट थप लगानी गर्नेछ ।

३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्न विद्यालयलाई जवाफदेही बनाइनेछ ।

४. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सवल बनाइनेछ ।

### ७.४ स्रोतको अनुमान,विश्लेषण र प्रस्तावित बजेट

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा दुई मूलभूत प्रक्रिया बीचमा समाञ्जस्य गर्ने प्रयास हुन्छ । नागरिकका अपेक्षा, संबैधानिक प्रत्याभूति, शिक्षाका नीति तथा कार्यक्रमलाई उचित रुपमा सम्बोधन गर्न स्रोतको आँकलन गर्नु पर्ने हुन्छ । त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामार्थ्य के कति छ ? त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ । यस प्रकार आवश्यकता र सामर्थ्य बीचमा समाञ्जस्यता कायम गरी योजनाका कार्यक्रमहरु र तिनको प्राथमिकता निर्धारण गरिन्छ । यी दुई पक्षलाई आधार मानी यहाँ अनुमान र विश्लेषण गरिएको छ ।

संवैधानिक प्रावधान अनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने दायित्व राज्यको रहेको छ । प्रत्येक बालबालिकालाई शिक्षाको हक हुने र प्रारम्भिक बालबिकास तथा शिक्षालाई आधारभूत शिक्षा अन्तर्गत नै आवश्यक बजेटको व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ । त्यस्तै शिक्षामा सबैका पहुँच र सहभागिताको सुनिश्चितताका लागि विशेष गरी आर्थिक रुपले विपन्न, विभिन्न कठीन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरुलाई थप प्रोत्साहित गर्न आवश्यक छ । अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाका अतिरिक्त अनौपारिक तथा निरन्तर शिक्षा, विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, सूचना तथा सञ्चार प्रविधि, भौतिक पुर्वाधार, विपद् व्यवस्थापन, दिवा खाजा लागायत विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ स्वच्छता लगायतको खर्चका लागि लगानी सुनिश्चित गर्नु आवश्यक छ । साथै योजनाको अनुगमन तथा मूल्याङ्कन तथा व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न र विभिन्न तहमा क्षमता विकासमा थप लगानी आवश्यक छ । उल्लेखित आवश्यकता समेतका आधारमा शिक्षा क्षेत्रका लागि आगामी १० वर्षका लागि निम्नानुसारको स्रोतको आंकलन गरिएको छ ।

**–) संघीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्त हुने अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | आर्थिक वर्ष | | | | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८५ | २०८८ | २०९१ | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ३४.३२ | ३७.४४ | ४०.५६ | ४३.६८ | १५६ |
| २ | प्रति विद्यार्थि लागत | २६.१९ | २८ | २८.४० | २९.२० | १११.७९ |
| ३ | शिक्षक तलब भत्ता | ७१७.३४ | ८१७.३४ | ८१७.३४ | ८२०.३४ | ३१७२.३६ |
| ४ | छात्रवृत्ति | ६.२४८ | ६.६४८ | ७.०४८ | ७.४४८ | २७.३९ |
| ५ | विद्यालय संचालन तथा व्यवस्थापन | १० | १० | १० | ११ | ४१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | स्यानीटेरी प्याड | २५ | ३० | ३५ | ४० | १३० |
| ७ | कोभीड-१९ बाट पुगेको क्षतिको परिपुरण | १० | १२ | १३ | १४ | ४९ |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुधार | १० | ११ | १२ | १३ | ४६ |
| ९ | पाठ्यपुस्तक | ३७ | ३९ | ४० | ४२ | १५८ |
| १० | संस्थागत क्षमता विकास | ५ | ६ | ७ | ८ | २६ |
| ११ | भवन निर्माण | ८८ | ९० | १०० | ११० | ३८८ |
| १२ | शैक्षिक पहुँच सुनिश्चितता | ५ | ६ | ७ | ८ | २६ |

**二) प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्त हुने अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | आर्थिक वर्ष | | | | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८५ | २०८८ | २०९१ | |
| १ | प्रति विद्यार्थि लागत | २६.१९ | २८ | २८.४० | २९.२० | १११.७९ |
| २ | छात्रवृत्ति | ७१७.३४ | ८१७.३४ | ८१७.३४ | ८२०.३४ | ३१७२.३६ |
| ३ | भौतिक पूर्वाधार निर्माण | ५० | ५० | ५० | ५० | २०० |

**三) स्थानीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | आर्थिक वर्ष | | | | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८५ | २०८८ | २०९१ | |
| १ | वालविकास केन्द्र व्यवस्थापन र सुधार | १.५ | ४.५ | ६.५ | १२.५ | २५ |
| २ | बालकक्षा तलव भत्ता | ३५ | ८५ | १०० | २२० | ४४० |
| ३ | सहजकर्ता तालिम | ४ | ११ | १३ | २८ | ५६ |
| ४ | तलबभत्ता | २०० | ४०० | ६०० | ८०० | २००० |
| ५ | सुशासन तथा संस्थागत विकास | ७ | ९ | ११ | १३ | ४० |
| ६ | अनुगमन | १० | १० | १० | १० | ४० |

**四) अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | आर्थिक वर्ष | | | | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८५ | २०८८ | २०९१ | |
| १ | अन्य गै.स.सं.हरु | ७० | ७० | ७० | ७० | २८० |

परिच्छेद ८

# अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनको क्रममा सिकिएका पाठहरूको आधार तथा संघीय संरचनाको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवम् यस शिक्षा क्षेत्रको योजनामा संघीय स्वरूपअनुसारको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि सबै तहका सरकार, सबै निकाय र सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन ढाँचा, साधन, विषय र प्रतिवेदनसम्बन्धी विषयहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

सुर्नया गाउँपालिकाको १० वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सबै वडाहरुमा सञ्चालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाई केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## ८.१ वर्तमान अवस्था

नेपालमा आठौं योजनाबाट अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गको रूपमा समेटेको पाइन्छ । राष्ट्रियस्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षा गर्ने गर्दछ । राष्ट्रिय शिक्षा पद्दतिको योजना अवधिमा शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा रहेकोमा २०४९ पछि यसलाई अनुगमन शाखाका रूपमा विकास गरियो भने २०६३ पछि अनुगमन महाशाखाका रूपमा विकास गरिएको थियो । संघीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखाअन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ । शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ। विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र खारेज भएका हुनाले सुपरिवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन। दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ ।

अवलोकन तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै पालिका अध्यक्षको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसि कार्य प्रगति समीक्षा हुने गर्दछ । त्यसैगरी गाउँपालिकाको शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँपालिका भित्र रहेका विद्यालयहरुको अनुगमन र मूल्यांकन भइरहेको छ। अनुगमन तथा

मूल्यांकनका लागि विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सोको विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुऱ्याउने प्रबन्धमा गरिएको छ।

हाल आएर स्रोतकेन्द्र/ स्रोत व्यक्ति नभएको र विद्यालय निरीक्षण गर्ने स्पष्ट जिम्मेवारी सहित विद्यालय निरीक्षकको व्यवस्था पनि नभएको अवस्था छ।

**अवसर तथा चुनौतीहरु**

१. अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्न।

२. दोहोरोपना हटाइ योजनाबद्ध अनुगमनको लागी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्ने।

३. मापनयोग्य सूचकहरूको निर्धारण गरी सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्न।

४. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गरि सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्ने।

५. अनुगमन कार्यलाई नियमित र प्रभावकारीबनाउन पर्याप्त स्रोत साधनको प्रबन्ध गर्न।

६. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु।

७. अनुगमन तथा मूल्याङ्कनकार्यमा सूचना तथा प्रविधिको उपयोगगर्ने।

८. क्षेत्राधिकार सहितको स्पष्ट अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने।

९. पालिकाभित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम अनुगमनगर्ने।

१०. स्थानीय स्तरमा विज्ञ समुह गठन गरी उक्त समुह मार्फत विद्यालय अनुगमनको थालनी गर्ने।

११. विद्यालय अनुगमन तथा मुल्यांकन कार्यमा शिक्षा क्षेत्रका साझेदार संघसंस्थाहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ लाई उत्प्रेरित गर्ने।

**८.२ उद्देश्य**

१. स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु

२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

३. योजनाको निर्माण देखि प्रयोगतहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

**८.३ रणनीतिहरु**

१. अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइने छ।

२. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ।

३. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

४. अनुगमन पूर्णतया सहयोगात्मक, सुधारात्मक पद्वतिमा आधारित हुनेछ र सबै प्रकारका अनुगमनहरु शिक्षकको पेशागत विकासमा सहयोगी सिद्ध हुनेछन।

५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गरिने छ।

६. गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरि समग्र शैक्षिक कार्यक्रमको अनुगमनगरिनेछ।

७. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ।

८. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी IEMIS का सूचकको आधारमा अनुगमन तथा मुल्यांकन गरिने छ।

९. जननिर्वाचित प्रतिनिधि र शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिनेछ।

१०. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, परिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ।

११. विद्यालय तहमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ।

१२. स्थानीय विज्ञ समूहलाई थप जिम्मेवार बनाई विद्यालयको अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ।

१३. विद्यालय अनुगमन तथा मुल्याङ्कन संगै शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धतिको विकास गरिनेछ।

१४. विद्यालयको अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन शिक्षासंग सम्बद्ध निकायहरुको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको आयोजना गरिनेछ ।

१५. वित्तिय ब्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तिय कार्यकुशलता,पार्दशिता जिम्मेवारी र उत्तरदायित्वलाइ सवल बनाउने ।

**८.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप**

**उपलब्धि**

१. शैक्षिक पँहुच ,समता ,गुणस्तर र क्षमता विकासमा अवश्यक स्रोतको ब्यवस्थापन भएको हुने ।

२. कार्यकुशलता, पारदर्शिता ,जिम्मेवारि र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

३. योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीहरु समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने ।

४. आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

५. सूचकमा आधारित अनुगमन प्रणाली लागू हुने ।

६. अनुगमनका आधारमा नतिजा सुधार हुने ।

७. अनुगमन तथा मूल्याङ्कनकालागी संस्थागत संरचना तथा क्षमता विकास हुने ।

८. विद्यार्थी उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण थप व्यवस्थित र नियमित गरी त्यसका नतिजाका आधारमा थप सुधार गर्ने प्रणाली विकास हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यः**

प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी पाँच वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | एकिकृत शैक्षिक अनुगमन तथा मूल्यांकन संयन्त्रको निर्माण | १ | १ | १ | १ | १ | ५ |
| २ | अनुगमन तथा मुल्याङकन मार्गदर्शनको निर्माण | १ | १ | १ | १ | १ | ५ |
| ३ | नतिजाका आधारमा अनुगमन सूचकहरु तयारी र अद्यावधिक | १ | १ | १ | १ | १ | ५ |
| ४ | वार्षिक तथा चौमासिक समीक्षा प्रर्तिवेदन | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालय समाजिक परीक्षण | १ | १ | १ | १ | १ | ५ |
| ८ | विद्यालयहरुको लेखापरीक्षण | | | | | | |
| ९ | नियमित रुपमा अनुगमन मूल्याङ्कन | | | | | | |

**६.२.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अनुमानित बजेट पाँच बर्ष | | | | | | बाँकी (५ वर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकिकृत शैक्षिक अनुगमन तथा मूल्यांकन संयन्त्रको निर्माण | २ | २ | २ | २ | २ | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू |
| २ | अनुगमन तथा मुल्याङकन मार्गदर्शनको निर्माण | २ | २ | २ | २ | २ | १० | १० | |
| ३ | नतिजाका आधारमा अनुगमन सूचकहरु तयारी र अद्यावधिक | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | वार्षिक तथा चौमासिक समीक्षा प्रर्तिवेदन | २ | २ | २ | २ | २ | १० | १० | |
| ५ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | विद्यालय समाजिक परीक्षण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | विद्यालयहरुको लेखापरीक्षण | | | | | | | | |
| ९ | नियमित रुपमा अनुगमन मूल्याङ्कन | | | | | | | | |

**सन्दर्भ सामग्री**

१. नेपालको संविधान, २०७२, कानुन किताब व्यवस्था समिति

२. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५५, शिक्षा मन्त्रालय, काठमाण्डौं

३. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५८, शिक्षा मन्त्रालय, काठमाण्डौं

४. चौधौं (त्रिवर्षीय) योजना (२०७३) राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाण्डौं

५. विद्यालय क्षेत्र सुधार कार्यक्रम मूल दस्तावेज (२०६६–२०७२) शिक्षा मन्त्रालय, काठमाण्डौं

६. विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३–२०८०), शिक्षा मन्त्रालय, काठमाण्डौं

७. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली काठमाण्डौं

८. शिक्षा ऐन (संशोधन सहित), २०२८, कानुन किताब व्यवस्था, समिति, काठमाण्डौं

९. शिक्षा नियमावली (संशोधन सहित), २०५९ कानुन किताब व्यवस्था समिति, काठमाण्डौं

१०. स्थानीय सरकार सञ्चालन ऐन २०७४, कानुन किताब व्यवस्था समिति,काठमाण्डौं

११. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, कानुन किताब व्यवस्था समिति, काठमाण्डौं

१२. दिगो विकास लक्ष्य २०१७-३० राष्ट्रिय योजना आयोग, काठमाण्डौं

१३. उच्च स्तरीय कार्यदलको प्रतिवेदन शिक्षा मन्त्रालय, काठमाण्डौं

१४. नेपाल सरकारको कार्यक्रम बजेट २०८०/८१ , काठमाण्डौं

१५. १६ औं योजनाको आधारपत्र

१६. Emis रिपोर्ट सुर्नया गाउँपालिका

१७. सरोकारवालाहरूसँगको छलफल